# प्राणमञ्च मासिक प्रकाशनका लागि

जि.प्र.का.द.नं-१९, ०७६/०७७
जि.हु.का.द.नं.-१, ०७७/०७८

**सल्लाहकार**

शशिधर भण्डारी: ९७६८३२४९५६

प्रमोद धिताल: ९७४५२२८९५०

**प्रकाशक**

पार्वती न्यौपाने: ९८४०९१३८४०

**प्रधान सम्पादक**

पदम प्रसाद पोखे्रल: ९८४७९७४८४२

**सम्पादन सहयोगी**

महेश थापा 'आभाष': ९८४७८६१४१०

**कानुनी सल्लाहकार**

ब.अधिवक्ता एकराज भण्डारी

९८५१०१०५१९

**प्रमुख संवाददाता**

केशर सुनार: ९८४००१५११८

**कला/साहित्य**

घनश्याम अस्तित्व:

९८४४९३२२८१

**ग्राफिक्स**

प्रेम न्यौपाने: ९८५११३९५४८

**प्रधान कार्यालय**

प्यू.न.पा.४ जुम्री, प्यूठान

**सम्पर्क:**

९८४७९७४८४२/९८४०९१३८४०

९७४५९२५४२४

Gmail;- pranmancha@gmail.com,

मुल्य रु: ३५०

**मुख्य शाखा कार्यालय**

घोराही, दाङ: ९८२१३९८८७२

**शाखा कार्यालयहरु**

सल्यान, श्रीनगर:

९८२१३९८२६०

रुपन्देही, बुटवल

नवलपरासी प्रतिनिधि

रेशम भण्डारी

काडमाडौं-विशालनगर

कास्की: पोखरा

मकवानपुर हेटौंडा

बाँके: कोहलपुर

कञ्चनपुर: महेन्द्रनगर

website; www.pranmancha.com

**मुद्रण:**

स्टारलाइन प्रिन्टिङ प्रेस काठमाण्डौं

९८५१०८७५६९

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** *देश-विदेशमा रहनुहुने सम्पूर्ण न्यायप्रेमी जनसमुदायहरूमा नयाँ जोस, जागर र योजनासहितको सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ*

आइरन गेट एजुकेशन परिवार

घोराही, दाङ । फोन नं.: ०८२-५६४२५५

सम्पादकीय...

# पत्रकारमाथि महानगरको हमला निन्दनीय !

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर, सञ्चारकर्मीमाथिको आक्रमण अस्वीकार्य छ, खेदजनक छ ! काठमाडौं महानगर प्रशासनको तानाशाही एवं स्वच्छाचारी शासनको अन्त्य गर ‼ महानगर प्रहरीद्वारा पत्रकार पदम प्रसाद पोखे्रलमाथि गरिएको अकारण कुटपिट, लुटपाट र धरपकड निन्दनीय छ । उक्त घटनाका पीडितलाई न्याय र क्षतिपुर्तिको व्यवस्था गर, लुटपाट गरिएको ल्याप्टप, क्यामेरा, प्रेस परिचयपत्र, कागजात र घरायसी सामाग्रीको ससम्मान फिर्ता गर, प्रेस जगतलाई भयरहित ढंगले निर्धक्क काम गर्ने वातावरणको ग्यारेन्टी गर !


## विषयसूची


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १ | देशभर डढेलो आतंक, किन मासिरहेछौं पर्यावरण ? | आवरण/खास अपडेट | ४ |
| २ | रतननाथ बाबा: सांस्कृतिक सहिष्णुताको गौरवशाली विरासत | रोशन जनकपुरी | ८ |
| ३ | जोसमनी सन्त परम्परा र खस–आर्य संस्कृति | शशिधर भण्डारी | १३ |
| ४ | समस्याको चंगोलमा प्युठान नगरपालिका | समाचार | २० |
| ५ | नेपाली महिला आन्दोलनमा समाजवादी विरासत | धनकुमारी सुनार | २२ |
| ६ | नयाँ दल र स्वतन्त्र उदयका कारणहरु | नरेन्द्र जङ पिटर | २७ |
| ७ | नेपाली समाज र पठन संस्कृति | घनश्याम अस्तित्व | ३२ |
| ८ | धर्म डिप्रेशन हो (कविता) | निभा शाह | ३४ |
| ९ | लेनिनवाद: वर्तमान युगको महान शिक्षा | प्रमोद धिताल | ३५ |
| १० | महानगरको ज्यादती र न्यायीक लडाइँ | पदम प्रसाद पोखेल | ४० |
| ११ | हाइड्रोजनको विकासमा काठमाडौं विश्वविद्यालय | समाचार | ४८ |
| १२ | वैज्ञानिक दृष्टिकोणको अनिवार्यता | चिन्तामणी घिमिरे | ५० |
| १३ | स्वतन्त्र नागरिकको दायित्वबारे | केशव दाहाल | ५४ |
| १४ | शैक्षिक संघर्षका अन्तरकहानीहरु.... | बिरबहादुर रायमाझी | ६२ |



**आम जनसमुदायमा हाम्रो अनुरोध**

**धुम्रपान र मध्यपानलाई निरुत्साहित गरौ, मदिराविहीन सुन्दर समाजको निर्माण गरौं**




**नयाँ वर्ष २०८१ को पावन अवसरमा** ***देश-विदेशमा रहनुहुने सम्पूर्ण न्यायप्रेमी जनसमुदायहरुमा नयाँ जोस, जागर र योजनासहितको सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं***


**धुम्रपान, मध्यापान र लागुऔषधको लतले बिगार्छ परिवार, समाज र राष्ट्रलाई**

**सन् २०२५ सम्म हानिकारक मदिराको सेवनलाई कम्तिमा पनि १० प्रतिशतमा झारौं**

**नेपाल सरकार**
**सुचना तथा सञ्चार प्रविधि मन्त्रालय**

**प्राणमञ्च मिडिया प्रालि**
**प्राणमञ्च राष्ट्रिय मासिक**

# देशभर डढेलो, किन मासिरहेका छौं पर्यावरण ?



**आगो लगाउनेलाई पक्रेर कारबाही गर्ने अभियान नै थालेको भए जनस्तरको लापरबाही कम हुन्थ्यो । आगजनी गर्ने अपराधिलाई समाजले नै संरक्षण गरेर राख्नु ज्यादै दुखको विषय हो । हर ठाउँमा आगो त्यही समाजकै मान्छेले झोसिरहेको छ र सर्वस्व सखाप पारिहेको छ ।**

**पदम प्रसाद पोखे्रल, काठमाडौं**

यसो त निमुखाहरू सधै जलिरहेकै हुन्छन् । हिउदमा शितलहर, गर्मीमा लु/हावाहुरी र चट्याङ, सुख्खायाममा डढेलो, वर्षामा बाढिपहिरो, अनिकालमा भोक आदि । यसरी हर समय समस्याको सिकार हुने निम्न आयस्रोत भएका नागरिकहरू नै हुन्छन् । हुरीबतासले उडाउँछ निमुखाकै घर । बाढिपहिरोले पनि त्यही वर्गलाई नै छानिछानी बगाउँछ, मार्छ र बेपत्ता बनाउँछ । चाटुकर एवं निरीह दमनकारी सत्ताले त उनको वंश नै विनाश गर्नेगरी उत्पीडनको जाँतोमा पिसिरहेकै छ हर बखत । शक्तिशाली प्रलय वा अन्य दैविप्रकोपमा कतिपय सम्भ्रान्त वर्गले क्षति बेहोरेपनि अधिकांश समस्याहरूबाट सबैभन्दा बढि प्रताडीत कोही छ भने त्यो अभाव, भोग, रोग र सोकमा चुर्लुम्मा डुबेको पिँधको वर्ग नै हो । यतिबेला देशभरका जंगल, खर्‍यान र जंगलमा डढेलो आतंक छ । यहाँ यो प्रकोपमा जल्नेहरू पनि अधिकांश निमुखा वर्गकै मानिसहरू छन् । चैत/वैशाख लागेयता देशभर आगलागी र डढेलो भयावह बनेको छ । पछिल्लो तथ्यांक अनुसार गत वर्षको तुलनामा यस वर्षको क्षति दोब्बरले बढेको छ । देशका सयौं जंगलमा आगजनी गरिएको छ । हजारौं घरगोठ जल्दा लाखौं नागरिक सडकमा तातो हावा खान विवश छन् । करोडौं वनस्पति र जिव–जवावरहरूको अकाल अस्तित्व समाप्त भएको छ । वायुमण्डममा प्रदुसित धुवाँको मुस्लोले दम रोगी भएका वृद्धाहरू स्वास फेर्न सकिरहेका छैनन् भने हवाइ उडान समेत प्रभावित भइरहेका छन् । गर्मी इतिहासकै सबैभन्दा बढेको । पर्यावरण निकै ठुलो संकटमा परेको जगजाहेर नै छ । आगोमा जलेर १० जनाले ज्यान गुमाइसकेका छन् ।

राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्यांक हेर्दा यो समाचार तयार पार्दासम्म देशका चार सय २६ ठाउँमा आगलागी भएको छ भने दुई सय ४३ स्थानमा डढेलो बस्ती पसेको छ । आगलागीमा परी १० जनाले ज्यान गुमाएका छन् । ४३ घाइते भएका छन् । ६ सय ६५ घरमा आगलागी हुँदा नौ सय ४४ परिवार प्रभावित/विस्थापित भएका छन् । २३ करोड ७३ लाखको भौतिक क्षति आकलन गरिएको छ ।

गत वर्ष वैशाख दोस्रो सातासम्म तीन सय ३३ ठाउँमा आगलागी–डढेलो लाग्दा पाँचजनाको मृत्यु भएको थियो, २२ जना घाइते भएका थिए । एक सय २५ घर पूर्ण र ९१ घर आंशिक गरी दुई सय १६ घरमा आगलागी हुँदा तीन सय ९७ परिवार प्रभावित भएका थिए । एक सय चार गोठमा आगो लाग्दा दुई सय तीन चौपाया मरेका थिए भने १४ करोड १३ लाखको क्षति भएको छ । पूर्वी तराइको महोत्तरीको विपन्न बस्तीमा डढेकोले अकल्पनीय क्षति भयो । मटिहानी नगरपालिका– ६ जरलहवा टोलमा

भएको भीषण आगलागीले एक सय तीन घर खरानी हुँदा पाँच सय स्थानीय विस्थापित भएका छन् भने एक करोड ६२ लाख ८५ हजारको क्षति भएको आकलन मटिहानी नगरपालिकाको छ । पछिल्लोपटक हरेक दिन कुनै न कुनै ठाउँमा आगलागी भइरहेको छ । तर, बस्ती नै सखाप पार्ने गरी भएको जरलहवाको आगलागी ०८१ कै पहिलो हो । वनमा लागेको डढेलो ८ वैशाखमा बस्ती पसेपछि पश्चिम नेपालको गुल्मीको इस्मा गाउँपालिका- २ हस्तीचौर र वडा नम्बर ४ सिदुंखाकाका २६ घर, ४९ गोठ जले । त्यहाँ दुई सय बढि स्थानीय छिमेकी र त्रिपालमुनि बसेका छन् । आगलागीले अर्घाखाँची, प्यूठान, दाङ र सल्यानमा पनि त्यस्तै प्रकारको क्षति गरेको छ । पहाडि जिल्लाहरूमा जंगलमा लागेको आगो वस्तीमा पस्दा बढी क्षति भएको डिभिजन वन कार्यालय सल्यानका प्रमुख चन्द्रवीर गुरुङले बताए । जनचेतनाको कमजोरीकै कारण जानिबुझि आगजनी भइरहेकोले ठुलो धनजनको क्षतिसँगै पर्यावरणमा समस्या पैदा भएका उनले बताए । सप्तरीको कञ्चनरूप नगरपालिका- ५ पडेमारामा आगलागी हुँदा १२ परिवारका २४ घर जल्दा सय जना मानिहरू खुला आकाशमा बस्न विवश छन् । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले आगलागीका कारण र आगामी दिनमा ठूलो क्षति हुन नदिन अपनाउनुपर्ने सजगताबारे अध्ययन गर्न प्राधिकरणले टोली खटाएको बताए । विश्वव्यापी रूपमा बढेको डढेलो र कार्वन उत्सर्जनको वृद्धिले जलवायु परिवर्तनका असंख्य परिणामहरू आइरहेका छन् । जसले जटिल पर्यावरणीय संकट आइपरेको छ । मानिस तथा जीव-जनावरहरूको भविष्य नै संकटमा परेको छ । नेपालमा डढेलो निभाउन तीन प्रकारका छन् । आगो निभाउन खटिने सुरक्षा अंग, जिल्ला प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकार ीसहित सरोकारवाला निकायलाई पनि सोही अनुसारको तालिम प्रदान गरिन्छ । आगो नियन्त्रण र रोकथामको निम्ति विपत जोखिम व्यवस्थापन तथा डिभिजन वन कार्यालयहरूमार्फत जाने करोडौँ रकमको प्रभावहिन ढंगले खर्च भएको सरोकारवालाहरू बताउँछन् । डढेलो रोकथामका लागि वर्षेनी राज्यको ठुलो धनराशीले आगजनी नियन्त्रण र सचेतनाको काम प्रभावकारी नहुनु निकै दुखद हो ।



## देशभरका वनजंगलमा डढेलो

देशभर तापक्रम बढेर तराईमा तातो हावाको लहर चलिरहेको छ । गत दुई वर्षमा डढेलो कम लागेको थियो । लामो समयदेखि वर्षा नभएकोले जंगलमा चिस्यान कम छ । नासाले स्याटेलाइटबाट लिएको तस्बिरका आधारमा विश्लेषण गर्दा एकै दिनमा तीन सय ७६ ठाउँमा डढेलो लागेको छ । यो एक किलोमिटर क्षेत्रमा लागेको डढेलो हो । पश्चिम तराई र पहाड तथा मध्यनेपालको पहाडी क्षेत्रमा डढेलो धेरै देखिन्छ । सामुदायिक र राष्ट्रिय वन मात्र होइन, संरक्षित वन (निकुञ्ज, आरक्ष)मा पनि डढेलो छ । कैलालीमा ३० ठाउँमा डढेलो लागेको छ । धेरै डढेलो लागेका जिल्लामा सल्यान र सुर्खेतमा २८-२८, बर्दियामा २५, डडेल्धुरामा २४, दाङमा २३, प्युठानमा १७, डोटीमा १५ र उदयपुरमा १३ ठाउँमा डढेलो छ । बिहीबार चार सय ४० र बुधबार चार सय ६३ ठाउँमा डढेलो थियो । वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा वर्षेनि दुई लाख हेक्टर वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ । विपत् प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले-

मान्छेको लापरबाहीकै कारण आगलागीले विकराल रुप लिएकोले यसलाई रोक्न समुदाय स्तरबाट आगजनी गर्नेको पहिचान गरी सार्वजनिक गर्ने र कानुनी कारबाहीको कठाघराम ल्याउन जरूरी भएको बताए । उनले मान्छेकै लापरबाहीका कारण आगलागीले विकराल रुप लिएको दाबी गरे । खेतमा झारपात डढाउने नाममा होस् कि खर राम्रो हुन्छ भनेर जंगलमा आगो लगाउने होस्, मान्छेले नै गरेका हुन् । आगो फैलिन तयार भएर बसेको अवस्थामा सलाई कोरिदिंदा जंगल, बस्ती जलिरहेका छन् । यो हिउँदमा २० प्रतिशत मात्र पानी पर्‍यो, सुक्खा लम्बिएको छ । दमकल प्रयोग गर्दा पनि निभाउन दिनभर लागिरहेको छ । रूपन्देहीको तिलोत्तमा त आगो नियन्त्रण गर्न निस्किएको दमकल नै जलेर खरानी भयो । यस्ता ठूला आगलागी भएका क्षेत्रमा सरकारले हेलिकोप्टरको बकेटमार्फत पनि आगो निभाउनुपर्ने हो । यसो गर्न सके कम्तिमा डढेलो बस्तीमा जानबाट रोक्न सकिन्थ्यो । आगो लागिसकेपछि सुरक्षाकर्मी निभाउन जान्छन्, यथोचित उपकरण नहुँदा ज्यान गुमाउनुपरेको छ । डोल्पामा तीन सैनिकको ज्यान गयो । विज्ञान र प्रविधिले यत्रो फड्को मार्दा पनि हाम्रो मुलूको आगो नियन्त्रणको प्रविधिको विकासमा राज्यका तिनवटै सरकार मौन छन् । जुन सबैभन्दा दुखद पक्ष हो ।

## कहिलेसम्म चुकिरहने हामी ?

जलवायु तथा विपत् व्यवस्थापनका विज्ञका अनुसार जनस्तरमा लापरबाही हुनाले नै डढेलोले प्रकोपको रूप लिएको बताउँछन् । गहुँको छ्वाली जलाउन र फोहोर डढाउन लगाइएको आगो बस्ती र जंगलमा सल्किरहेको छ । जनस्तरमा यसरी भइरहेको लापरबाहीले घर मात्र जलेका छैनन्, मान्छेकै ज्यान गइरहेको छ । सामुदायिक वनको आगलागी वा डढेलो धेरै ठाउँमा हुन्छ भन्नेमा सबै जानकार छन् तर नियमनको प्रभावकारीता शुन्य छ । एक तथ्यांक अनुसार देशभर २२ हजार सात सय सामुदायिक वन छन् । तर, आगो लाग्न नदिन सामुदायिक वनको भूमिका प्रभावकारी छैन । हरेक सामुदायिक वनले अग्निरेखा बनाएका हुन्छन् । यसले जंगलको डढेलो गाउँबस्ती पस्न दिंदैन । जंगलमा पनि ब्लक छुट्याइएको हुन्छ, एक ठाउँमा लागेको आगो अर्को ब्लकमा सल्किन पाउँदैन । तर, सामुदायिक वनले अग्निरेखा सफा (डढेलो सल्किहाले अन्यत्र नफैलियोस् भनेर पातपतिंगर डढाएर बनाइएको रेखा) गरेनन् । यसले जंगल सखाप भएर बस्तीमा गइरहेको छ ।

## सरकार किन लाचार ?

हरेक वर्ष आगजनी र डढेलोले करोडौं धनमालको नष्ट गरिरहेको छ । सरकार भने यसको न्युनिकरण र रोकथाममा प्रभावकारी प्रयास गर्नुको साटो भयावह स्थितिको डाटा संकलन र राहतको चाङ्डो छर्न व्यस्त छ । आगलागीको प्रक्षेपण भइसकेपछि संघ सरकारले पूर्वतयारी गर्नुपर्थ्यो । देशभर आगलागी, डढेलो लाग्न थालेपछि गृह प्रशासन र जिल्ला प्रशासनले सुरक्षाकर्मी परिचालन गर्नुपर्दथ्यो । अटेरी गर्ने, आगो लगाउनेलाई पक्रेर कारबाही गर्ने अभियान नै थालेको भए जनस्तरको लापरबाही कम हुन्थ्यो । यद्यपि आगजनी गर्ने अपराधिलाई समाजले नै संरक्षण गरेर राख्नु ज्यादै दुखको विषय बनेको छ । किनकी हर ठाउँमा आगो त्यही समाजकै मान्छेले झोंसिरहेको छ र सर्वस्व सखाप पारिहेको छ । ठूलो क्षेत्रमा डढेलो, बस्ती नै सखाप हुनेगरी आगलागी भइरहेको छ । दमकल प्रयोग गर्दा पनि निभाउन दिनभर लागिरहेको छ । यस्ता ठूला आगलागी भएका क्षेत्रमा सरकारले हेलिकोप्टरको बकेटमार्फत पनि आगो निभाउनुपर्ने हो । यसमा सरकारले मतलब गरेको छैन । आगो लागिसकेपछि सुरक्षाकर्मी निभाउन जान्छन्, यथोचित उपकरण नहुँदा ज्यान गुमाउनुपरेको छ । डोल्पामा तीन सैनिकको ज्यान गयो । संसारमा विज्ञान प्रविधिले फड्को मारेको अवस्थामा पनि हाम्रो मुलूकमा भने अझैपनि स्याउलाले आगो निभाउने गरिन्छ ।

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, स्टाफ सहकर्मी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । **शैक्षिक लगानी नै देश विकासको पहिलो आधार हो, कन्जुस्याई नगरी लगानी गरौं ।**

आउनुहोस्:- सभ्य, सुसंकृत र समृद्ध समाज निर्माणमा सबैले हातेमालो गरौं

**जनजागृति माध्यमिक विद्यालय परिवार लमडरुवा, दाङ**

# आम शिक्षाप्रेमीहरुमा हाम्रो अनुरोध

- नैतिक अनुशासनसहितको गुणस्तरीय शिक्षा प्रदान गर्न सबै लागौं
- देश विकासको पहिलो मेरुदण्ड शिक्षा भएकोले शिक्षामा लगानी गरौं
- पर्यावरणलाई संरक्षणमा सबै सचेत बनौं, स्वच्छ वातावरणमा जीऔं
- विद्यालय पुग्ने उमेरका बालबालिकालाई विद्यालय अनिवार्य पठाऔं
- प्रशस्त मात्रामा शुद्ध पानी पिएर रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं

विद्यालयको पूर्वाधार विकासमा सबै शिक्षाप्रेमीहरुले हातेमालो गरौं

**-छोरा होऊन वा छोरी, विनाविभेद शिक्षामा गरौं लगानी**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** *हाम्रा सम्पूर्ण सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश–विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

आउनुहोस:- सभ्य, सुसंकृत र समृद्ध समाज निर्माणमा सबैले हातेमालो गरौं

प्रधानाध्यापक लक्ष्मण प्रसाद शर्मा एवं
**गावै माध्याकिक विद्यालय परिवार**
नौबहिनी गाउँपालिका गावै, प्यूठान

शेरबहादुर जिसीः क्याम्पस प्रमुख एवं
**गौमुखी क्याम्पस परिवार**
झिमरुक गाउँपालिका मच्छि, प्यूठान

प्रिन्सिपलः मधुसुदन अधिकारी एवं
**लोक चेतना एकेडेमी परिवार**
भिंग्री, प्यूठान

प्रधानाध्यापक एवं
**पद्मोदय माद्यामिक विद्यालय परिवार**
ऐरावति ४ बरौला, प्यूठान

प्रधानाध्यापक पुष्पलाल पुनमगर एवं
**धर्मावति माध्यामिक विद्यालय परिवार**
प्यूठान नगरपालिका ६ माझकोट,प्यूठान

प्रधानाध्यापकः दुर्गा बहादुर गुरूङ एवं
**कालिका आवासिय बोर्डिङ स्कुल**
प्यूठान नगरपालिका ४ टारी,प्यूठान

प्रधानाध्यापकः एवं
**माध्यमिक विद्यालय निघुवार परिवार**
घोराही निघुवार, दाङ

प्रिन्सिपल एवं
**नवज्योति विद्या निकेतन परिवार**
घोराही, दाङ

प्रधानाध्यापक एवं
**सहिद स्मृति आवासीय माध्यमिक विद्यालय परिवार दाङ**

प्रधानाध्यापक
**सत्य माध्यामिक विद्यालय परिवार**
झिमरुक गाउँपालिका ७ तुसारा, प्यूठान

प्रधानाध्यापकः एवं
**महेन्द्र माध्यमिक विद्यालय परिवार**
खलंगा, प्यूठान

प्रधानाध्यापकः निमबहादुर केसी एवं
**बालकल्याण माध्यकि विद्यालय परिवार**
शान्तिनगर पश्चिम, दाङ

प्रधानाध्यापकः कुलचन्द्र पौडेल एवं
**आदर्श माध्यमिक विद्यालय परिवार**
लमही देउपुर, दाङ

प्रधानाध्यापक मिनबहादुर घर्ती एवं
**दुर्गा माध्यामिक विद्यालय परिवार**
खवाङ, प्यूठान

प्रधानाध्यापक
**बराह माध्यमिक विद्यालय परिवार**
खवाङ झिम्प, प्युठान

प्रधानाध्यापकः सम्झना शर्मा एवं
**मा. वि. फल्कापुर परिवार**
देउखुरी, दाङ

# चौघेराका रतननाथ बाबा
# सांस्कृतिक सहिष्णुतको गौरवशाली विरासत

**वैदिक कर्मकाण्डको घोर विरोधी तथा जातपात र धार्मिक भेदभावबाट उठेका सहजयानी सन्तहरु आफ्ना सहज स्वभाव र मानवीय अपनत्वसँगै विविध प्रकारका चमत्कारको निम्ति पनि समाजमा प्रसिद्ध र लोकप्रिय थिए । उनीहरुले स्त्री र पुरुषबीच हुने सम्भोगको चरमोत्कर्षमा अनुभूत हुने सुखलाई 'महासुख' अर्थात परमानन्दको रुपमा भन्ने गर्थे ।।**



✍ रोशन जनकपुरी

दुई हप्ता जति भयो होला । भारतीय मिडियामा एउटा समाचार देखेँ : 'सिद्ध पीर बाबा रतननाथ की शोभा यात्रा नेपाल से भारत की सीमा मे पहुँची ।' यो नाम आफैमा विचित्र छ, 'सिद्ध पीर बाबा रतननाथ ।' दाङ्गको चौघेरामा (हाल घोराही उपमहानगरपालिका भित्र) सिद्ध सन्त रतननाथको मठ छ भन्ने कुरा मैले धेरै पहिलेदेखी थाहा पाएको थिएँ । म आफू निरीश्वरवादी छु, तर सांस्कृतिक इतिहासप्रति जिज्ञासु भएको हुनाले यस विषयमा मभित्र कौतुहल पनि थियो । यहाँ फागुन महिनाको कृष्णपक्षको एकादशीको दिन 'फिरफिरे'को मेला लाग्छ भन्नेपनि थाहा थियो । तर पछि थाहा भयो, यो फिरफिरे होइन 'पीर फेर्ने' शब्दावलीको अपभ्रंश हो ' फिरफिरे' । मेरो लागि रोचक जिज्ञासाको विषय के पनि बन्यो भने सिद्ध रतननाथको मठको सञ्चालकलाई ' पीर' भनिन्छ । 'पीर' मुस्लिम समुदायमा विकसित सूफी (सिद्धसन्त)हरुको निम्ति प्रयोग गरिने शब्द हो । सिद्ध रतननाथसँग 'पीर' थपिएपछि मेरो कौतुहलता झन् बढ्यो । यो लेख त्यसै कौतुहलताको परिणाम हो । दक्षिण एसियाको सांस्कृतिक इतिहासमा सिद्ध सन्तहरुको समय इस्वी संवत्को आठौं शताब्दीदेखि तेह्रौं शताब्दीसम्मको हो । सामान्यतया बौद्ध धर्मको सहजयानी र हिन्दु धर्मको नाथ सम्प्रदायका अनुयायी सन्तहरुलाई सिद्ध सन्तको रुपमा सम्बोधन गरिन्छ । तर यथार्थमा सिद्ध सन्तको उपाधि बौद्ध मत भित्रको बज्रयान र यसबाट उपसम्प्रदायको रुपमा विकसित सहजयानीहरुलाई हो । वस्तुतः दक्षिण एसियामा तन्त्र र योगको परम्परा वैदिककालभन्दा पनि प्राचीन रहेको बुझिन्छ । अनिश्वरवादी दर्शन सांख्य योगको चर्चा वेदमा समेत भएकोले यसको प्राचीनता सिद्ध हुन्छ । बुद्धत्व प्राप्त गर्नुभन्दा पहिले ज्ञानको खोजीमा रहेका बुद्धले पनि आफू कयौं तान्त्रिक र योगीहरुको सम्पर्कमा गएको चर्चा गरेका छन् । बुद्ध धर्ममा महायानीको विकास भएपछि अनेकौं नयाँ सम्प्रदायहरु जन्मिए । यसै मध्येको एउटा दार्शनिक सम्प्रदाय हो बज्रयान । पछि यसै बज्रयान सम्प्रदायभित्र तात्कालिक लोकजीवनमा व्याप्त अज्ञेयता, लौकिक विश्वास तथा प्राचीन तन्त्र र योग परम्पर ासँगको सहकार्यबाट 'सहजयान' पन्थको विकास भयो ।

देहात्मवादी सहजयानीहरु देह अर्थात शरीरलाई प्रधान मान्ने गर्थे । उनीहरुले स्त्री र पुरुषबीच हुने सम्भोगको चरमोत्कर्षमा अनुभूत हुने सुखलाई 'महासुख' अर्थात परमानन्दको रुपमा भन्ने गर्थे । वैदिक कर्मकाण्डको घोर विरोधी तथा जातपात र धार्मिक भेदभाव भन्दामाथी उठेका सहजयानी सन्तहरु आफ्ना सहज स्वभाव र मानवीय अपनत्वसँगै विविध प्रकारका चमत्कारको निम्ति पनि समाजमा प्रसिद्ध र लोकप्रिय थिए । यिनीहरुलाई आफ्नो साधनाको निम्ति एउटा 'स्त्री देह'को आवश्यकता हुन्थ्यो, जसलाई उनीहरुले 'महामुद्रा' भन्ने गर्थे । तत्कालीन सिद्ध साहित्यको अध्ययन गर्दा त्यसमा अधिकांश 'महामुद्रा'हरु शुद्र (कथित तल्लो जात) समुदायबाट हुने गरेको पाइन्छ

। कयौँ सिद्ध सन्तहरुले आफूले महामुद्राको रुपमा प्रयोग गर्ने डुमिनी, तेलिन, धोबिन आदिको प्रशंसा र स्तुतिमा भजनहरु लेखेका छन् । यहाँ उल्लेखनीय के छ भने अचेल बोलिने नव भारोपीय भाषाहरु (मैथिली, भोजपुरी, अवधी, नेपाली, बंगाली आदि दक्षिण एसियामा बोलिने आधुनिक भाषाहरु)को विकास यिनै सिद्ध सन्तहरुले प्रयोग गर्ने तत्कालीन अपभ्रंश र अवहट्टबाट भएको हो । मध्यकालमा मूख्यरुपमा बोल्न र साहित्यमा समेत प्रयोग हुने अपभ्रंश मूलतः प्राकृतिक र संस्कृतको मिसावटबाट विकसित भएको हो । बौद्ध धर्मका अनुयायीहरु शासकहरुबाट संरक्षण गरिएका सिद्ध सन्तहरुको काल आठौँ शताब्दीदेखी दसौँ शताब्दीसम्मको हो । दशौँ शताब्दी तिर शैव शासकहरुको प्रभाव बढदै गएपछि बौद्ध सहजयानी सन्तहरुको प्रभाव घटदै गएको हो । समाजमा सहजयानी सिद्धहरुको प्रभाव घट्नुको पछाडीको एउटा सम्भावित कारण उनीहरुले महामुद्राको रुपमा प्रयोग गर्ने यौन कर्ममा आएको अराजकता तथा विकृतिपना पनि हो, जस्मा दार्शनिकता तथा सहजमत भन्दापनि सन्तको नाममा धूर्त र व्यभिचारीहरुको मात्रा बढ्दै जानु थियो । सम्भवतः यसै कारण तन्त्र र योगको क्षेत्रमा नयाँ सम्प्रदायको रुपमा नाथ सम्प्रदायको विकास भएको हो ।

सिद्ध सम्प्रदायको विपरीत नाथ सम्प्रदायमा सम्भोग र स्त्री गमनलाई निषिद्ध गरिएको छ । अर्को अर्थमा नाथ सम्प्रदाय लौकिक अन्धविश्वास, तन्त्र र योगमा आधारित सन्यास पन्थ हो, जसले गृहस्थ जीवन भन्दापनि जगत कल्याणको निम्ति परमसत्ताको उपासना गर्दै वैराग्यलाई प्रधानता दिन्छ । यसरी दार्शनिक स्तरमा बौद्ध सहजयान निरीश्वरवादी र देहवादमा आधारित तान्त्रिक पन्थ हो भने नाथ सम्प्रदाय ईश्वरवादी सन्यास मत हो । गोरखनाथ (गोरक्षनाथ) नाथ सम्प्रदायका प्रवर्त्तक मानिन्छन् । हुन त गोरखनाथले मत्स्येन्द्र नाथलाई आफ्नो गुरु भनेका छन्, तर एउटा पन्थ वा सम्प्रदायको रुपमा नाथ सम्प्रदायको विकास गर्ने श्रेय उनैलाई छ । गोरखनाथको समय एघारौँ शताब्दी हो । चौघेराका सिद्ध पीर रतननाथ यसै नाथ सम्प्रदायका एक सन्त हुन् । नाथ सम्प्रदाय समस्त एसियामा प्रचलित मत हो । मध्ययुगमा शैव र योग परम्पराको समन्वयबाट विकसित नाथ योगीहरुको मठ पूर्वमा बंगालदेखी पश्चिममा पञ्जाब र सिन्धुनदी पारी अफगानिस्तानसम्म पाइन्छ । जोगी र दसनामी सन्यासीको रुपमा परिचित नाथ मतका अनुयायीहरुमा जोगीले दुनियाँबाट विरक्त सन्यासी जीवन व्यतित गर्छ भने दसनामीहरु गृहस्थ जीवन बिताउँछन् । तत्कालीन समयमा नाथ मतको जबर्दस्त प्रभाव यसैबाट बुझ्न सकिन्छ कि यस मतका अनुयायीहरुमा हिन्दु र मुसलमान दुबै छन् । प्रायः कनफट्टा र गुदडिया जोगीको रुपमा परिचित नाथ योगीहरु सारंगी (घूना) रेट्दै गोरखिया विरक्त भजन गाउँदै गाउँ घरमा डुलीरहन्छन् । भारतको गोरखपुरमा अहिले पनि हिन्दु र मुस्लिम दुबै समुदायका नाथ योगी र दसनामीहरु बसोबास गरिरहेका छन् । यद्यपि नाथ सम्प्रदायमा अब मुस्लिम योगीहरुको संख्या तिव्र गतिमा घट्दै गइरहेको छ । तेह्रौँ चौधौँ शताब्दी र त्यसपछिका रचनाहरुमा चौरासीवटा सिद्ध सन्तहरुको नाम उल्लेख भएको पाइन्छ , तर यसमा कयौँ नाथ सम्प्रदायका सन्तहरुको नामपनि सामेल छ । जहाँसम्म मत्स्येन्द्रनाथको नाम छ, उनी भने बौद्ध र नाथ दुबैतिर सम्मानित नाम हो । मत्स्येन्द्रनाथ र गोरखनाथको सम्बन्ध नेपाली समाजको इतिहासमा परिचित प्रसंग हो । सिद्ध र नाथको सामान्य परिचयपछि **अब लेखको मूल विषय सिद्ध पीर रतननाथ बारे चर्चा गरौँ** :

रतननाथ बारे मैले दाङ लगायत नेपाली विद्वानहरुको लेखनमा उनी गोरखनाथको शिष्य रहेको र उनको समय इसाको नवौँ शताब्दी (वि.स.८०९) भएको, ७०० वर्ष बाँचेको र अलप भएको पाइन्छ । त्यसरी नै केही विद्वानहरुले उनलाई सुकौराकोटको थारु राजा मनिक पारखु (वा परिक्षित)को छोरा रतन पारखु भनेका छन् । त्यसरी नै दाङ जिल्लाको सरकारी वस्तुगत तथ्याङक प्रतिवेदनहरुमा अघिदेखी उत्तरी काँठ पहाडी राजाहरुका अधीन र दक्षिणको मैदानी भाग थारु राजाको अधिनमा रहेको, र वि.सं. १४८० तिर सवारीकोट (?)का राजा रत्न पाण्डेले थारु राज्यलाई आफ्नो राज्यमा मिलाएर रत्न परिक्षितको नामले राज्य गरेको लेखिएको छ । केही

समयपछि रत्न पाण्डेले बझाङ्गबाट राजकुमार झिकाई आफ्नो ठाउँमा राजा बनाएर आफूले नाथ सम्प्रदायको दीक्षा लिएर त्यसको प्रचारमा पश्चिमोत्तर भारततिर लागेको पनि सो प्रतिवेदनमा लेखिएको छ । रतननाथले दाङ छाड्दा दाङ राज्यको विस्तार शिवराज इलाकाको अर्रासोताकोदेखी पश्चिम राप्तीको तुलसीपुर भनिने इलाकासम्म भएको र नेपालमा पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तारीकरणको क्रममा सन् १८४३ मा तुलसीपुर राज्यको तत्कालीन राजा नवलसिंह तापाको लडाइँमा मारिएका थिए । यसपछि नेपाली सीमाभित्रको दाङ देउखुरीको क्षेत्र पृथ्वीनारायण शाहले आफ्नी छोरी र सल्यानकी युवराज्ञी विलास कुमारीलाई विर्ता दिए । भारतमा पर्ने तुलसीपुर राज्यको बाँकी भाग अनुसार सन् १३२६ मा दाङ देउखुरी जयकर पण्डितलाई दिइएको थियो । तर एकजना भारतीय इतिहासकार ए.बी.सी. शर्माका अनुसार सन् १३५० सम्म दाङ देउखुरी तुलसीपुर राज्य अन्तर्गत रहेको थियो । उनको भनाइमा चौघेरा मठबाट उपलब्ध दस्तावेज अनुसार सन् १३५० मा तत्कालीन तुलसीपुरमा चौहान वंशका मेघराज सिंह राजा थिए । उनले नै चौघेरामा पीर रतननाथको मठ बनाउन लगाएका हुन् । त्यसरी नै भारत उत्तरप्रदेशको बहराइचको नेभिल्स गजेटियर्स (१९२२.१२४)मा उल्लेख भए अनुसार सन् १४८५ मा दाङ दून (उपत्यका)को शासक चौहान वंशकै उदयसिंह थिए र सन् १७६० मा गोर्खाली राजा पृथ्वीनारायण शाहको गोर्खाराज्य विस्तारीकरणमा तुलसीपुरको हालको

**गुरु भर्तृहरिका तीनजना (भाईनाथ, रतननाथ र प्रेमनाथ) शिष्यहरुमध्ये रतननाथ सर्वाधिक लोकप्रिय र प्रसिद्ध योगी हुन् । यसैकारण उनको मठ दाङको चौघेराका अतिरिक्त राजस्थान, उत्तरप्रदेश, मध्यप्रदेश, पञ्जाब, पाकिस्तानको पेशावर र अफगानिस्तानको काबुलमा समेत छ ।**

सहित तत्कालीन राजा दिलेर सिंहले भारत केन्द्र बनाएर राज्य गरे । भारतीय भूमिमा रहेको तुलसीपुर हाल भारत उत्तरप्रदेशको बलराम स्टेट भित्र पर्छ । प्रचलित धारणा अनुसार पीर रतननाथ थारु राजा मानिक परिक्षितका छोरा रतन परिक्षित वा पारखु, वा अन्तिम थारु राजा हुनु वा रत्न पान्डे हुनु जस्ता विविध दाबीहरु बारे यसै भन्नसक्ने अवस्था छैन । यस विषयमा वृहद् अनुसन्धानको आवश्यकता छ । तरपनि उपलब्ध तथ्यहरु खोतल्दा पीर रतननाथ बारेका यी धारणाहरुमा केही प्रचलित लोक विश्वास र केही इतिहासका कयौं तथ्यहरु मिसमास परेको देखिन्छ । नेपाली र भारतीय इतिहासकारहरुको मत तथा ऐतिहासिक साक्ष्यहरुका अनुसार तेह्रो शताब्दीभन्दा पहिले दाङ देउखुरीमा थारुहरुको राज्य थियो । अर्कोतिर कर्णाली प्रस्रवणमा खसहरुको शक्तिशाली राज्य थियो । खसहरुको राज्य विस्तार हुँदा दाङ देउखुरी खस राजाहरुको मातहत गयो । खस राजा पुण्य मल्लको दस्तावेजहरुमा उल्लेख भए नेपाली भाग अर्थात दाङ देउखुरी गोर्खा साम्राज्य (हालको नेपाल)मा मिलाइयो । यसै वंशको अन्तिम राजा नवलसिंह बारे माथी चर्चा गरिएकै छ । भारतीय भुमिमा रहेको तुलसीपुरमा रहेको पाटेश्वरी वा पाटन मन्दिर चौहानवंशी राजाहरुले निर्माण गरेको अनुमान गरिन्छ । यो पाटन मन्दिरमा रहेको पाटेश्वरी (पार्वती, सती) देवी पीर रतननाथको आराध्य देवी भएको मान्यता भएको कारण नै चौघेरा मठबाट रतननाथको पात्र सहित प्रत्येक वर्ष शोभा यात्रा त्यहाँसम्म जाने चलन शुरु भएको हो । यहाँ उल्लेखनीय के छ भने चौहानवंशी राजाहरुले समस्त तुलसीपुर राज्यको शासन चौघेराबाट चलाउने गरेको र उनको इष्टदेवी पाटेश्वरीको मन्दिर हालको भारतीय तुलसीपुरमा रहेकोले प्रत्येक वर्ष इष्टदेवीको पुजा गर्न सदलबल त्यहाँ जाने परम्परा शुरु भएको र पछि यो धार्मिक परम्परामा विकसित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । यद्यपि यो अनुमान मात्रै हो । जे होस यस शोभा यात्राले नेपाल र भारतका जनताबीच

सांस्कृतिक सम्बन्धको ऐतिहासिकता देखाउँछ । लोक मान्यतामा पीर रतननाथ गोरखनाथको शिष्य भनिएपनि नाथ मतका साहित्यहरुमा उनलाई गोरखनाथको शिष्य भर्तृहरिको शिष्य भनिएको छ । नाथ मत बारे विशद् अनुसन्धाता तथा हिन्दी साहित्यका प्रसिद्ध विद्वान डा. हजारीप्रसाद द्विवेदीले पीर रत्ननाथको समय तेह्रौ शताब्दी भनेका छन् । अनेक दृष्टिकोण र ऐतिहासिक तथ्यहरुको आधारमा विचार गर्दा यो विश्वसनीय बुझिन्छ । नाथ सम्प्रदायमा मूख्य बाह्रवटा पन्थ हुन्छ । पीर रतननाथ यस मध्येका एक वैराग्य पन्थका अुनयायी थिए । गुरु भर्तृहरिले प्रवर्त्तन गरेको वैराग्य पन्थको प्रधानपीठ राजस्थान प्रदेशको नागौरमा राताढुंढा स्थान मानिन्छ । यस पीठको अनुयायी योगीहरु घुमक्कड प्रकृति हुन्छन् । गुरु भर्तृहरिका तीनजना (भाईनाथ, रतननाथ र प्रेमनाथ) शिष्यहरुमध्ये रतननाथ सर्वाधिक लोकप्रिय र प्रसिद्ध योगी हुन् । यसैकारण उनको मठ दाङको चौघेराका अतिरिक्त राजस्थान, उत्तरप्रदेश, मध्यप्रदेश, पञ्जाब, पाकिस्तानको पेशावर र अफगानिस्तानको काबुलमा समेत छ ।

नाथ सम्प्रदायमा एउटा पन्थ 'आई (माता) पन्थ' छ । यस पन्थको प्रवर्त्तक गोरखनाथकी शिष्या विमला देवीलाई मानिन्छ । यस पन्थका अनुयायी योगीहरुलाई ' पीर' भन्ने चलन छ । रतननाथलाई पनि पीर भनिएकोले उनीपनि यस पन्थका हुन् भन्ने भ्रम सृजना हुनसक्छ । तर तथ्यहरुले के देखाएको छ भने योगी रतननाथ हिन्दु समुदाय जस्तै मुस्लिम समुदायमा पनि अत्यधिक लोकप्रिय र सम्मानित भएको हुनाले उनलाई मुस्लिमहरुले पनि चामत्कारिक सिद्धगुरुको रुपमा स्वीकारेका छन् । मुस्लिम परम्परामा चामत्कारिक शक्ति भएका र मानवीय सहृदयता भएका धार्मिक गुरु, सूफीहरुलाई 'पीर' भन्ने गरिन्छ । त्यसैकारण रतननाथबाट प्रभावित भएर मुस्लिम समुदायले उनलाई पीर भन्न थालेको बुझिन्छ । चौघेरामा रतननाथको मठका सञ्चालकहरुलाई 'पीर'को उपाधि दिनुले विगतमा उनी हिन्दु र मुसलमानमा समानरुपमा लोकप्रिय र सम्मानित रहेको सन्देश दिन्छ । यद्यपि चौघेरा मठमा अचेल हिन्दु, अझ भनौं वैष्णवी मतको प्रभाव बढदै गै रहेको छ, र समाजमा बढदो धार्मिक संकीर्णताका कारण अन्य समुदायहरु यसबाट टाढिँदै गइरहेका छन् । एउटा लोक मान्यतामा रतननाथ मक्का गएको र त्यहाँ इस्लाम धर्मको प्रवर्त्तक पैगम्बर मोहम्मदसँग सम्वाद गरेको भनिन्छ । तर पैगम्बर मोहम्मद सातौं शताब्दी र पीर रतननाथ तेह्रौं शताब्दीको भएको हुनाले यो प्रसंग खण्डित हुन्छ । तरपनि पीर रतननाथले मक्का वा अफगानिस्तानमा आफ्ना समकालीन कुनै हाजी पीरसँग सम्वाद गरेको तथा तर्कमा उनलाई प्रभावित गरेको कुरा तत्कालीन साहित्यहरुबाट बुझिन्छ । भनिएको हजरत मोहम्मद पैगम्बरसँग भएको सम्वाद काबुल जलालाबाद, पाकिस्तान र भारतको पञ्जाब प्रान्तको भटिन्डामा 'रतननाथको हदिस'को नामबाट संग्रहित छ । इस्लाममा पैगम्बर मोहम्मदले भनेका वचनहरु र क्रियाकलापहरुको संग्रहलाई हदिस भनिन्छ । यसरी नै रतननाथ र मोहम्मद पैगम्बरको बीचको सम्वादको वर्णन रतननाथले आफै गरेको भनेर पञ्जाबीहरुको मूख्य धर्म सिख धर्मको पवित्र ग्रन्थ 'गुरु ग्रन्थ साहिब'मा संग्रहित 'शबदी'मा यसरी भनिएको छ :

**"लोहा पीर, ताम्बा तकबीर,**
**रुपा महम्मद, सोना खुदाई ।**
**दुहुँ बीचि दुनियाँ गौंता खाई,**
**हम तो निरालम्भ बैठे देखत रहे,**
**ऐसा एक सुखन बाबा रतन हाजी कहै ।।"**

अर्थात्, जो त्यहाँ पीर छ, त्यो फलाम छ र उसको युक्तिहरु ताम्बा छन् । मोहम्मद चाँदी छ भने खुदा (ईश्वर) सुन छ । यस द्वैत बीच सबै फँसेका छन्, बाबा रतन हाजीले एउटा यस्तो कविता भन्छन् 'म भने निरपेक्ष भावले तटस्थ भएर हेर्दै छु' ॥ पैगम्बर मोहम्मद ? वा वर्णित कुनै अन्य हाजीसँगको सम्वादको कारण मुस्लिम समुदायमा पनि रतननाथ 'पीर' मुस्लिम सन्तको रुपमा पूजित भए । अफगानिस्तानको काबुल लगायतको चर्चा त माथी नै गरियो । पञ्जाबमा र दिल्लीमा त हाजी पीर बाबाको रुपमा प्रसिद्ध रतननाथको प्रसिद्ध दरगाह नै छ, जहाँ मुस्लिम पद्धति अनुसार उनको पूजा गरिन्छ । यसरी के देखिन्छ भने चौघेरामा सिद्ध हाजी पीरबाबा रुपमा

पूजित नाथ योगी रतननाथको दक्षिण एसियामा सबैतिर समानरुपमा सबै धर्म र सम्प्रदायमा पूजित छन् । हुन त नाथ सम्प्रदायको विकास बौद्ध सहजयानी मतको अनिश्वरवादी दर्शन र त्यसमा फैलिँदो यौन अराजकताको विरुद्ध भएको हो, र प्रत्यक्षरुपमा यो शैव मतावलम्बीहरुको समुदाय हो । तर यस पन्थको दार्शनिकतामा ब्राह्मणवाद र जातिपातिको विरोध, ऊँचनिच, भेदभाव, आडम्बर तथा धार्मिक संकीर्णताप्रति कटु आलोचनात्मकताको कारण सनातन धर्मबाट अलगावको शिकार अस्पृश्य जातिहरु ठूलो संख्यामा यसमा सामेल भएका हुन् ।

यसरी धार्मिकताको दृष्टिले हिन्दु, मुस्लिम, जैन आदि विविध समुदायबाट मानिसहरु यसमा सामेल भए । वर्तमानमा हिन्दु र सनातनी धार्मिक संकीर्णता बढ्दै गएको कारण नाथ सम्प्रदायबाट अन्य धार्मिक र सांस्कृतिक समुदायहरु अलग्गिएको वा अलग्गिँदै छन् । हुन त मानवीयता भन्दा देवत्वलाई श्रेष्ठ ठान्ने धार्मिक भ्रमबाट मुक्त भएर मानवीय समानताको बोध गर्नु नै श्रेष्ठ चेतना हो । तरपनि अहिले धार्मिक संकीर्ण उन्मादले समाजमा एक आपसमा अपरिचय, अविश्वास, भय र त्रास सृजना गरिरहेको बेलामा सिद्ध हाजी पीर बाबा रतननाथलाई सांस्कृतिक र धार्मिक सहिष्णुताका सान्दार प्रतिकको रुपमा पुनर्स्थापित गर्न सकिन्छ । यस सान्दार विरासतलाई प्रोत्साहित गर्नु र प्रचारित गर्नुपर्छ ।

**सन्दर्भ ग्रन्थ :**

(१) ए.बी.सी. शर्मा – दाङ घाटी के पुरातत्व अवशेष, क्याब्रिज विश्वविद्यालय, डिजिटल हिमालय ।
(२) डा. हजारीप्रसाद द्विवेदी – नाथ सम्प्रदाय, (१९५०) हिन्दुस्तानी एकेडेमी, उत्तरप्रदेश, इलाहाबाद, भारत ।
(३) नाथ सम्प्रदाय और इस्लाम, कुलदेव महिमा, **kuldev.com**
(४) दाङ जिल्लाको वस्तुगत तथ्यांक प्रतिवेदन लगायत विभिन्न पत्र पत्रिकामा प्रकाशित लेखहरु

**हार्दिक शुभकामना**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** ***हाम्रा सम्पूर्ण सेयरधनि, सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश–विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***




**नयाँ वर्ष २०८१ को पावन अवसरमा** ***हाम्रा सम्पूर्ण सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश–विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

**प्रधानाध्यापक**
**श्रीधर आचार्य**

**अध्यक्ष**
**दीपक देवकोटा**

**सिद्ध पृथ्वी जनता मा.वि. परिवार**
दंगीशरण ६ श्रीगाउँ, दाङ

# जोसमनी सन्त परम्परा र खस-आर्य संस्कृति

**सन्त शशिधरले योगलाई मुख्य स्थान दिएका छन् । उनले कसैको मृत्युमा आसोच बार्न नपर्ने, अन्त्यष्टि क्रिया गर्नु नपर्ने, मृत शरीरलाई गाडे पुगिहाल्ने र ३ दिनमा भण्डारा लगाए पुग्ने विचार राखेका छन् । त्यसैले जात-भात, कर्मकाण्ड, मूर्तिपूजा आदि जस्ता कुरामा जोसमनी सन्त आदर्शवादी भइकन पनि कर्मकाण्डीय हिन्दू संस्कारभन्दा प्रगतिशील पन्थका रूपमा देखिन्छ ।**



शशिधर भण्डारी

वैदिक आर्यहरूको सांस्कृतिक धाराले लामो र युगिन सन्त परम्पराको इतिहास बोकेको छ । वैदिक कर्मकाण्डका विरूद्धमा बुद्ध, महावीर, गुरूनानकहरू पैदा भए । वैदिक सभ्यताको जगमा उभिएको हिन्दू धर्म दर्शनभित्र पनि कैयौं सुधारक र पन्थहरू पैदा भए तर भारतमा सन्त परम्पराको धारा बगिरहेको छ । त्यसो त बुद्ध, महावीर गुरूनानक पनि सन्तहरू नै थिए ।
यद्यपि बुद्धको जन्म नेपालमा भएको थियो । पछि खस आर्य समाजमा पनि भारतीय सन्त परम्पराको प्रभाव पर्‍यो । तर खस जातिमा त्यति ठूला सन्तहरू पैदा भएको देखिँदैन । यस क्रममा कसैले गोरखनाथ र मछिन्द्रनाथको पनि चर्चा गरेर नेपाली सन्त परम्परामा बल दिन्छन् । तर मस्टोपुजक खस आर्यहरूमा सन्त परम्पराभन्दा गृहस्थी परम्परा नै मान्य र प्रभावशाली देखिन्छ । त्यसैले मस्टो, बराह, कुलानी, भुमे, सिद्ध देवताको पूजा गर्ने खस आर्यहरू सन्त परम्पराभन्दा सिद्ध परम्परागत संस्कृतिका अनुयायी हुन भनेर दावी गर्न सकिन्छ ।

त्यसमा खस आर्य समाजमा जोसमनी सन्त परम्परा खस आर्य समुदायको मात्र होइन, समग्र नेपालकै सन्त परम्पराको एउटा मौसक पहिचानको सन्त परम्पराका रूपमा स्थापित भएको देखिन्छ । जोसमनी सन्त परम्परा हिन्दू संस्कृतिकै एउटा पन्थ हो। तर यसले सति प्रथा र जाति प्रथाको निन्दा मात्र गरेन, मूर्ति पूजा समेत प्रति विरोध जनाएर मानवतावादको नारा लगाएको देखिन्छ। यो नेपालको मौलिक परम्परा भएता पनि यो सम्प्रदायको नाम "जोसमनी" कसरी रह्यो ? भन्ने प्रश्न अहिलेसम्म ठोस रूपमा अनुत्तरित नै छ । सम्भवतः ये मतको आदि प्रबर्द्धकको नाम जोसमनी नै थियो होला भन्ने अनुमान मात्र लगाउन सकिन्छ । जनकलाल शर्माका अनुसार यो परम्पराका प्रथम, हरिश्चन्द (द्वितीय) हुन् भने त्यसपछिका सन्त थिर्जेदिलदास हुन् । उनका विषयमा अन्य तथ्यहरू बाहिर आएका छैनन् ।

जोसमनी सन्त परम्पराका प्रभावकारी व्याख्याता शशिधर पौडेल थिए । उनी पृथ्वीनारायण शाहका समकालीन थिए । उनले पृथ्वीनारायण शाहलाई समेत श्री सम्बोधन नगरी पत्र लेख्थे। शर्माका अनुसार शशिधर विहारको शाहवाद जिल्लाको धरकन्धा गाउँमा बस्ने भारतका कविरपछिका हठयोगी दरिया भन्ने व्यक्तिको सङ्गतमा थिए । त्यसैले सन्त शशिधर जातपात र कर्मकाण्डका आलोचक थिए। सन्त शशिधर पौडेल खस-आर्य मूलका थिए तर जोसमनी सन्त परम्परा एउटा अमूक जातिको मात्र परम्परा थिएन, विशेषतः शशिधरकै कालमा यो परम्परामा नेपालका विभिन्न जात जाति भाषाभाषीहरू समाहित हुँदै गए। शशिधरकै मोक्षमण्डल भन्ने मगर चेला, शेषधर भन्ने गुरूङ चेला मायामण्डल भन्ने सुनुवार चेला तथा प्रेम दिल भन्ने

बाहुन चेला थिए । पृथ्वीनारायण शाहका प्रसिद्ध भारदार धौकलसिंह बस्नेत, शशिधरसिते शिक्षित भएर दौकलदास बनेका थिए भने राजा रणबहादुर शाह शशिधरके सत्सङ्गबाट प्रभावित भएर आफूलाई "स्वामी निर्गुणानन्द घोषणा गरेका थिए । जर्नेल रणवीरसिंह थापा पनि जोसमनी सन्त परम्परा स्वीकार गरेर शशिधरका चेला भएका थिए ।

जोसमनी सन्त परम्पराको प्रचारले पश्चिम नेपाल रदार्जिलिङ हुँदै बर्मासम्म प्रचारको व्यापकता पाएको थिय । सन्त शशिधरले जीवनको उत्तरार्द्ध रेसुङ्गामा बिताएका थिए । जोसमनी सन्त परम्पराले परलोकभन्द इहलोकको कार्य, सामाजिक सम्बन्धन र वैरागभन्दा निर्माणलाई प्राथमिकतामा राखेको थियो । जोसमनी सन्त परम्पराले लोक स्तरको कल्पना गर्दैन । स्वर्ग, नर्क सति पनि विश्वास गर्दैन। जोसमनी सन्त परम्पराको प्रभाव बालतपसी स्वर्गद्वारी प्रभू महाराजमा पनि पर्‍यो । स्वर्गद्वारीका महाप्रभू जोसमनी मतका हंशानन्दका चेल बनेका थिए । उनले आत्म सन्यास घोषित गरेपछि गेरुवा वस्त्र लगाएका थिए । तरपछि उनका केही नन्द ब्रम्हाचारी नामका गुरुमुखी गृहस्थ चेलालाई गेरुवा वस्त्र अनिवार्य गराइएन । पिताम्बर वा स्वेताम्बर इच्छा अनुरुप वस्त्र लगाउने प्रचलन आज पनि छ ।

सन्त शशिधरले योगलाई मुख्य स्थान दिएका छन्। उनले कसैको मृत्युमा आसोच बार्न नपर्ने, अन्त्यष्टि क्रिय गर्नु नपर्ने, मृत शरीरलाई गाडे पुगिहाल्ने र ३ दिनमा भण्डारा लगाए पुग्ने विचार राखेका छन् । त्यसैले जात भात, कर्मकाण्ड, मूर्तिपूजा आदि जस्ता कुरामा जोसमनी सन्त आदर्शवादी भइकन पनि कर्म काण्डीय हिन्दू संस्कारभन्दा प्रगतिशील पन्थका रुपमा देखिन्छ । सन्त शशिधर जोसमनी सम्प्रदायको इतिहासम जोसमनी सन्तका रुपमा, समाज सुधारकका रुपमा तथा साहित्य र भाषाको एक जना सहजमानी आदर्शवादी चिन्तक देखिन्छन् । उनको चिन्तनको व्यापकता खस आर्य समाजमा मात्र कायम रहेन । समग्र नेपाल र भारतमा बर्मामा समेत प्रचारित भयो । उनको विचारले नेपाली समाजका जनता भारदार, जर्नेल, कर्नेल हुँदै राजाहरुको समेत दिमाग हल्लाउन पुगेको थियो ।

भारतमा मुस्लिमहरुको सानो फौजले विशाल हिन्दू समाजलाई आधिपत्यमा राख्न सफल हुनुका पछाडि जाति प्रथाले हिन्दूभित्र ल्याएको विभाजन मुख्य कारण बनेको थियो । हिन्दू भइकन पनि दलित र अपहेलित अवस्थामा रहेकाहरुले ब्राह्मण र राजपुतलाई मुस्लिम आक्रमण विरुद्ध साथ दिएनन् । हिन्दूहरुले त्यति कडा प्रतिरोध पनि गरेका थिएनन् । विचारमा मुसलमान कट्टर थिए । खानपान र रहनमसहनमा हिन्दूहरु कट्टर थिए ।
सिन्धु उपत्यकामा सन् ७१२ मा मुसलमानहरूले कब्जा जमाएका थिए भने मुहम्मद गोरीले ११९२ दिल्लीम विजय गरेका थिए । कथित नीच जातिसित स्पर्श भएको खण्डमा स्नान गर्नुपर्ने, अर्को जातिले छोएको खान नहुने, विदेश घुमेमा जात खसिहाल्ने हिन्दू परम्पराका कारण भारतमा हिन्दूहरु अल्पसंख्यक हुँदै र अन्य मतसँग पराजित हुँदै गएका थिए।

तर जोसमनी सम्प्रदायको निर्गुणवादको प्रचारले जातिवादको निन्दा गर्‍यो, जसको परिणाम प्रायः खास आर्य सन्तहरु भएको जोसमनी सम्प्रदायमा नेपालका सम्पूर्ण जातजाति, भाषाभाषी र विभिन्न समुदायक मानिसहरुले आश्रय पाए, जसको स्वाभाविक परिणाम कट्टर वा सनातन हिन्दू कर्म काण्डीय परम्पराले विभाजित बनाएको नेपाली समाज एकात्मक प्रणालीको दिशामा उन्मुख भयो । त्यति मात्र होइन, त्यतिबेला भारत वर्षमा सक्रिय रहेको इसाई मतमा प्रभावित हुन सक्ने खतराबाट पनि रोकियो । जातिभेद, छुवाछूत र मानिस-मानिसबीचको विभेद भएको कारणले हिन्दू धर्मबाट मानिसहरु अन्य धर्ममा सहजै आकर्षित हुन्छन् भन्ने वास्तविकता बुझेका सन्त शशिधर पौडेलले जातिभेद विरुद्धमा उठाएको कदमले नेपाली सामाजिक जीवनलाई एकताबद्ध र बलियो बनाउन महत्वपूर्ण योग पुऱ्याएको देखिन्छ । यही जोसमनी सन्त परम्पराको प्रभावमा परेर रण बहादुर शाहले विधवा ब्राह्मणी कान्तवतीलाई विवाह गर्ने, तिनबाट जन्मेको छोरालाई राज बनाउने, कतिपय स्थानमा मन्दिर भत्काउने र जहाँ पायो त्यहीँ खाने बस्ने गरेका थिए भन्ने मत पनि विद्वानहरुको छ, यद्यपि उनी सन्काह राजा थिए ।

एउटा आदर्शवादी दर्शनमा मात्र होइन, जोसमनी सन्त परम्परा

एउटा ठूलो साहित्य पनि हो । यो परम्पराले नेपाली साहित्यको क्षेत्रमा पनि महत्वपूर्ण योग पुऱ्याएको छ । यो सम्प्रदायभित्र धेरै ज्ञानी सन्तहरु पैदा भएका थिए । त्यसमा श्याम दिलदास, निरष दिल दास, अच्युत दिलदास, धर्मदिल दास, सत दिलदास, वैदिक दिलदास, ज्योति दिलदास हंशानन्द आदि पर्दछन् । निरष दिलदासले पूर्व भोजपुरलाई केन्द्र बनाएर काम गर्दा अदेशदित राई चेला भएका थिए । त्यसैगरी अगभदित दास, धरणीदास, मङ्गलदास, कमलदास, अषद दिलदास, कृष्णदास, सीताराम दास, ज्ञान दिलदास आदि जोसमनी सन्त परम्पराका ज्ञानी साधु सन्तहरु थिए।

नेपालमा वि.सं. १९०३ बाट जनरल जङ्गबहादुरको नेतृत्वमा राणा शासनको अभ्युदय भएको थियो । राणाहरूले सामन्तवादी चरम परम्परावादी ढङ्गले देशमा तानाशाही शासन कायम गर्न चाहान्थे । जोसमनी सन्त परम्पराले अगाडि सारेका विचारहरु पनि जङ्गबहादुरलाई पाच्य भएन। लखन थापा मगर पनि जोसमनी सन्त परम्पराका अनुयायी थिए । जङ्गबहादुरको शासन चरमोत्कर्षमा थियो । जङ्गबहादुरले लखन थापालाई गोरखाबाट पक्रेर ल्याई उनी सहित ७ जनालाई फासीको सजाय दिएका थिए । अन्य ५० जना कठोर कारावासको सजायको भागिदार भएका थिए । यो काण्डमा सन्त ज्ञान दिलदास पनि पक्राउ परेका थिए । पछि जङ्गबहादुरका भाइ रणोद्विप र एउटी पौडेल र अर्को कोइराला थरकी ब्राह्मणी समेत जोसमनी सन्त परम्परामा लगे । जङ्गबहादुरले ज्ञानदिलदासलाई नजरबन्द राखेको केही समयपछि मुक्त गराएर षडयन्त्रपूर्वक साँगाबाट बाहिर धपाएका थिए । राणाहरु जोसमनी सन्त सम्प्रदायको विचारबाट मात्र होइन, जुनसुकै नयाँ विचार समाजमा आउँदासाथ आत्तिहाल्थे । आर्य समाजको प्रचार र निरन्तरबाट पनि पछिल्ला राणाहरु कम्ती आतङ्कित भएनन् ।

**उत्पादन प्रणाली, युगको चरित्र र समयको धड्कनसँगै हामीले हाम्रा चिन्तन, संस्कृति र सांस्कृतिक मूल्य–मान्यताहरुलाई फेर्न, रूपान्तरित गर्न, जीवनमुखी बनाउन सक्छौं। तर, इतिहासका परिदृश्यहरुलाई आजको साँचोमा ढाल्न सकिंदैन । सबै धर्म, सम्प्रदाय, संस्कार र परम्परामा नीति रहँदै आएका पुराना रूढिवादी, अन्धविश्वास र जीवनहीन मान्यताहरूका विरुद्धमा सच्चाइको तलबार उठाएर समाजमा पुनर्जागरण ल्याउन आवश्यक छ ।**

जोसमनी सन्त परम्पराको शशिधर पौडेलदेखि यताको इतिहासले पनि जोसमनी सन्त चिन्तनको निर्माण र विकासको कार्यमा खस आर्यहरूकै नेतृत्वदायी भूमिका देखिन्छ भने जङ्गबहादुर राणा जस्ता खस शासकहरु नै त्यसको कडा प्रतिवादमा उत्रेको परिदृश्य पनि छ । जाति प्रथा, छुवाछूत, हिन्दू धार्मिक कर्मकाण्डीय अन्धविश्वासको जगमा जनता लडाएर शासन सत्ता टिकाउने नेपाली सामन्ती खस शासकहरूले नै नेपाली माटोमा खस आर्यहरूकै नेतृत्वको जोसमनी चिन्तनलाई माथि उठ्न र जनताको तहसम्म फैलिनबाट रोके । मस्टोपुजक खस सिमे, भूमे पुजक मगर, गुरूङ, किराँत थारु र अन्य सम्पूर्ण मधेश समेतलाई एउटा धारम समेट्न प्रयत्नरत जोसमनी चिन्तनपछि मनुवादी हिन्दू वर्णाश्रमको पुरातनवादको ओफेलमा परेको देखिन्छ । सन्त परम्पराको इतिहास नबोकेको मस्टो, बराह, कुलानी गोठ पूजाको संस्कृति बोकेको खस आर्य समाजम जोसमनी चिन्तनले सन्त परम्पराको मौलिक मौलो भने अवश्य गाडेको थियो । जोसमनी चिन्तनबाट उत्पन्न ज्ञानको धारा हिन्दू सनातनको एउटा नविन, मौलिक धारा भएको देखिन्छ । त्यसकारण कतिपय विद्वानहरूले भारतीय चिन्तक कबिरको नेपाली संस्करण भन्न पनि सक्छन् । खस आर्यहरूपछि मात्र हिन्दूकरण भए । नेपालमा प्रचलित कैयौं चिन्तनहरु आयातित छन् । तर नेपाली माटोमा पैदा भएको मौलिक चिन्तनधार जोसमनी चिन्तन धारा हो । यसले नेपालका सम्पूर्ण जाति, जनजातिको साझा चिन्तन धाराका रूपमा पनि वैचारिक उपस्थिति जनायो । जोसमनी सन्त परम्परा प्रकारान्तरमा नेपाली सन्त परम्परा भएकोमा शङ्का गर्ने ठाउँ छैन । त्यसो त जोसमनी सन्त परम्परालाई खस सन्त परम्पराका रूपमा मात्र अध्याउनु गल्ती हुन्छ । आज नेपालमा उत्तरआधुनिक नश्लवादी राजनीतिले प्रवेश पाए

पश्चात् जातिवाद र उग्न सम्प्रदायवादको आँधी चलिरहेको छ । त्यसैले नश्लवादी सांस्कृतिक साम्राज्यवादले हिन्दू संस्कृतिलाई मात्र होइन, बौद्ध र जोसमनी सन्त परम्परालाई समेत पराई ठान्ने र इसाईकरण हुनुलाई आफ्नो ठान्ने इतिहास द्रोही प्रवृत्तिको विकास भइरहेको छ । कुनै पनि धर्ममा र विचारमा आस्था राख्ने स्वतन्त्रता लोकतन्त्रमा सबैलाई छ तर इतिहासको अपव्याख्या र अवमूल्यन गर्ने स्वतन्त्रता कसैलाई छैन । तर पनि संस्कार र संस्कृति फेरिने र युग अनुरुप रुपान्तरित हुने विषय हुन् । प्राचीन रोममा निलघाटीमा, सुमेरिया, असिरिया र बेबिलोनमा जुन सभ्यता र संस्कृतिहरु निर्माण भएका थिए, ती आज छैनन् । प्राचीन ग्रिसको सन्दर्भमा पनि त्यही कुरा सत्य हो। तर इतिहास फेर्न र रुपान्तरित गर्न सकिन्न । उत्पादन प्रणाली, युगको चरित्र र समयको धड्कनसँगै हामीले हाम्रा चिन्तन संस्कृति र सांस्कृतिक मूल्य- मान्यताहरुलाई फेर्न, रुपान्तरित गर्न, जीवनमुखी बनाउन सक्छौं बनाउनपर्छ तर इतिहासक परिदृश्यहरुलाई आजको साँचोमा ढाल्न सकिँदैन । सबै धर्म, सम्प्रदाय, संस्कार र परम्परामा नीति रहँदै आएका पुराना रुढिवादी, अन्धविश्वास र जीवनहीन मान्यताहरुका विरूद्धमा सच्चाइको तलबार उठाएर समाजमा पुनर्जागरण ल्याउन आवश्यक छ ।

❖❖❖

**शुभकामना**

नव वर्ष २०८१ को पावन अवसरमा उद्योगी, व्यवसायी एवं देश-विदेशमा रहनुहुने न्यायप्रेमी तथा मानवीय सेवा भावका सम्पूर्ण जनहरूमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दाङ जिल्ला उद्योग वाणिज्य संघ घोराही, दाङ**

**शुभकामना**

नव वर्ष २०८१ को पावन अवसरमा उद्योगी, व्यवसायी एवं देश-विदेशमा रहनुहुने न्यायप्रेमी तथा मानवीय सेवा भावका सम्पूर्ण जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**निर्माण व्यवसायी संघ घोराही, दाङ**

**हार्दिक मंगलमय शुभकामना**

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद) ३५ दिनभित्र वडा कार्यालयमा गएर घटना दर्ता गरी प्रमाणपत्र लिऔं ।
- स्थानीय तहलाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर र व्यवसाय लगायतका कर समयमै तिर्ने बानी बसालौं ।
- नयाँ भवन निर्माण गर्दा भवन निर्माण मापदण्ड, २०६४ र भवन निर्माण संहिताअनुसार पालिकामा नक्सा पास गरेर मात्र भूकम्प प्रतिरोधात्मक भवन बनाऔं ।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा सहयोग गरौं ।

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**कुमाख गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**
**कर्णाली प्रदेश, सल्यान**

## पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

उच्च शिक्षा र रोजगारी

त्यसपछि गर्ने गरौं बिहेबारी

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**कपुरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश कपुरकोट, सल्यान**



## पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

उच्च शिक्षा र रोजगारी

त्यसपछि गर्ने गरौं बिहेबारी

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**सिद्धकुमाख गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश ढोरचौर, सल्यान**



नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, स्टाफ सहकर्मी, विद्यालय व्यवस्थापन समिति तथा देश विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| प्रधानाध्यापक | अध्यक्ष |
|---|---|
| बसन्त प्र. भण्डारी | श्रीराम भण्डारी |

**लुप्लुङ माध्यमिक विद्यालय परिवार**

नौबहिनी ८ लुप्लुङ, प्युठान

# पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सद्भाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने समस्त देशवासीहरुमा समाज रुपान्तर र देशको समृद्धि प्राप्तिको दिशामा जागरण पैदा होस् भन्दै सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

आउनुहोस्ः- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**नौबहिनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**लुम्बिनी प्रदेश बाहाने, प्यूठान**

# पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सद्भाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने समस्त देशवासीहरुमा समाज रुपान्तर र देशको समृद्धि प्राप्तिको दिशामा जागरण पैदा होस् भन्दै सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**घोराही, उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय**

**लुम्बिनी प्रदेश घोराही, दाङ**

## पानी शुद्दिकरण गर्ने

उमाल्ने



- जिवाणु नष्ट गर्न पानीलाई कम्तिमा एक भुल्को उमाल्नुपर्छ।
- धमिलो पानीलाई थिग्राएर छानेपछि मात्र पानी उमाल्नुपर्छ।
- उमालि सकेको पानीलाई पुनः प्रदुषित हुन नदिन छोपिराख्नुपर्छ।

अथवा

क्लोरिनेशन

क्लोरिनेशनको लागि पीयुष, पीयुष + झोल पदार्थ बजारमा उपलब्ध छन्।



| | |
|---|---|
| क) पीयुष (६० मि.लि.) | : एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल राख्नुपर्छ। |
| ख) पीयुष +(२४० मि.लि.) | : १० लिटर पानीमा विर्कोको तल्लो धर्को र १५ लिटर पानीमा विर्कोको माथिल्लो धर्कोसम्म क्लोरिन झोल राखेर चलाउनु पर्छ। |
| ग) अक्वाट्याब | : ५ लिटर पानीमा एक चक्की आक्वाट्याब। |

क्लोरिन हालेको आधा घण्टा पछि मात्र पानी प्रयोग गर्नुहोस्।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,दाङ**

## पानी शुद्दिकरण गर्ने

उमाल्ने



- जिवाणु नष्ट गर्न पानीलाई कम्तिमा एक भुल्को उमाल्नुपर्छ।
- धमिलो पानीलाई थिग्राएर छानेपछि मात्र पानी उमाल्नुपर्छ।
- उमालि सकेको पानीलाई पुनः प्रदुषित हुन नदिन छोपिराख्नुपर्छ।

अथवा

क्लोरिनेशन

क्लोरिनेशनको लागि पीयुष, पीयुष + झोल पदार्थ बजारमा उपलब्ध छन्।



| | |
|---|---|
| क) पीयुष (६० मि.लि.) | : एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल राख्नुपर्छ। |
| ख) पीयुष +(२४० मि.लि.) | : १० लिटर पानीमा विर्कोको तल्लो धर्को र १५ लिटर पानीमा विर्कोको माथिल्लो धर्कोसम्म क्लोरिन झोल राखेर चलाउनु पर्छ। |
| ग) अक्वाट्याब | : ५ लिटर पानीमा एक चक्की आक्वाट्याब। |

क्लोरिन हालेको आधा घण्टा पछि मात्र पानी प्रयोग गर्नुहोस्।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान**

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८१ को सुखद अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सम्राट सिमेन्ट प्रा.लि. लुम्बिनी प्रदेश लमही, दाङ**

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८१ को सुखद अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रोल्पा सिमेन्ट प्रा.लि.त्रिवेणी ३ कोइला, रोल्पा**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने समस्त देशवासीहरुमा समाज रुपान्तर र देशको समृद्धि प्राप्तिको दिशामा जागरण पैदा होस् भन्दै सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद) ३५ दिनभित्र वडा कार्यालयमा गएर घटना दर्ता गरी प्रमाणपत्र लिऔँ ।
- स्थानीय तहलाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर र व्यवसाय लगायतका कर समयमै तिर्ने बानी बसालौँ ।
- नयाँ भवन निर्माण गर्दा भवन निर्माण मापदण्ड, २०६४ र भवन निर्माण संहिताअनुसार पालिकामा नक्सा पास गरेर मात्र भूकम्प प्रतिरोधात्मक भवन बनाऔँ ।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा सहयोग गरौं ।

**माडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**लुम्बिनी प्रदेश घतीगाउँ, रोल्पा**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं

**नयाँवर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने समस्त देशवासीहरुमा समाज रुपान्तर र देशको समृद्धि प्राप्तिको दिशामा जागरण पैदा होस् भन्दै सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**

**दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश, सल्यान**

# विवादको चंगोलमा प्यूठान नगरपालिका
# किन दिइयो विविदबीच आफ्नै स्वकीयलाई टेण्डर ?




**मधुसुदन पोखे्रल, प्यूठान**

कहिले प्रमुख प्रशासकीय अधिकृत नटिक्ने, कहिले अनुदानका प्याकेजमा पक्षपाति हुने, कहिले इन्डक्सन चुलो वितरणमा वर्गभेद हुने त कहिले राजश्व लफडाका विवादले चर्चामा रहिरहने प्यूठान नगरपालिका यसपाली भने अर्को फन्दामा परेको छ । यस्तैखाले विवाद भइरहँदा प्यूठान नगरपालिका बेलाबखत टिकाटिप्पणीको चर्चामा रहने गर्दछ।

कम्प्युर तालिम सम्बन्धि कार्यक्रममा राजनैतिक पहुँचका आडमा गरिएको पाइएको छ । यसो त स्थानीय तहमा उपभोक्ता र योजनाका कामहरुमा जनप्रतिनिधिकै मिलोमतोमा कमिसनको चलखेल हुन्छ । कम्प्युर तालिमको काम त्यहाँ कार्यरत पुस्कर शर्मालाई दिएपछि विवाद निस्केको हो । नगर प्रमुख विष्णु योगीका छारीज्वाई समेत रहेका शर्मालाई योजना दिएको भन्दै कम्प्युटर सिकाई केन्द्र सञ्चालन गरेका अन्य व्यवसायीहरुले त्यसको विरोध गरिरहेका छन् । यो विषयमा तथ्यगत सुचना दिन आनाकानी गरी प्यूठान नगरपालिका प्रशासनले आफ्नो उदाङगो रुप समेत देखाएको छ । विगत दुई वर्षदेखि नगर प्रमुख विष्णु योगीका छोरी ज्वाइ पुस्कर शर्माले स्वकीय सचिव तथा सहायक कम्प्यूटर अप्रेटरको रुपमा करारमा काम गरिरहेका छन् । कर्मचारीको मिलोमतोमा केहि दिन अगाडिबाट नगरपालिकाले ६ लाख बजेटको तिनमहिने आधारभुत कम्प्यूटर तालिम संचालन गर्नका लागि प्रक्रिया भन्दा बाहिरबाट सेटिङमा काम भएको पाइएको हो । यो प्रकरणमा आफलाई फसाइएको नगर प्रमुख विष्णु योगीले हामीसँग बताएका छन् । आफ्नै स्वकीय सचिवलाई किन हतासमा किन कार्यक्रम पार्नुभएको भन्ने हाम्रो प्रश्नमा नगर प्रमुखले भने,'यसमा व्यक्तिगत रुपमा मेरो कुनै स्वार्थ छैन, यो कसरी र कहिले कामा गरियो भन्ने कुराको प्रयाप्त जानकारी पनि मलाई दिइएन । पुस्कर आफै पनि क्षमतावान व्यक्ति हुन् हतारमा त्यो कार्यक्रम नलिएको भए निकै राम्रो हुन्थ्यो । कर्मचारी प्रशासन र पुस्करको रुचिमा यो काम भएको पाइएको छ । थप अध्ययन गरेर पत्रकार सम्मेलन गरी घटनाको सार्वजनिक गर्नेछौं ।'

स्वकीय सचिव पुस्कर शर्माले पनि यो कार्यक्रम आफूलाई पारेको विषयले चिन्तित बनाएको बताए । उनले सबै प्रक्रियामा आफ्नो कम्पनी अब्वल भएकोले छनौट गरिएको भएपनि कर्मचारी प्रशासनले आफूसँग समेत प्रयाप्त छलफल नगरेको बताए । उनले उत्पन्न समस्याको समाधानमा आफू हदैसम्म लचिलो हुने प्राणमञ्चसँग बताए । नगरपालिकाले २०८० फागुन २ गते कम्प्यूटर सिकाइका लागि प्रस्ताव पेस सम्वन्धी सुचना प्रकाशन गर्दा जिल्लाका विभिन्न ६ वटा तालिम केन्द्र तथा इनिस्टीच्यूटहरुले प्रस्तावना सहित निवेदन पेस गरे तर सेटिङ मार्फत नगरपालिकाले उही व्यहोराको सुचना ३ दिनपछि पुन

: थप गरिएको मिति सुचनामा उल्लेख नगरी फागुन ११ गते १७ गते सम्मका लागि प्रस्तावना पेस गर्न भनि सुचना निकालियो । अगाडिको मितिमा ६ वटा तालिम केन्द्रहरुले प्रस्ताव पेस गर्दा दोस्रो सुचना प्रकाशन मिति भित्र नगरपालिका प्रमुख विष्णु योगीको छोरी सुलोचना शर्माको नाममा  फागुन १५ गते इन्सिच्यूट दर्ता गरी गुरु एकेडेमी नामको संस्थालाई तालिम संचालन गर्न दिएको हो । अघिल्लो मितिमा ३ वटा भन्दा कम आवेदन परे पुन अर्का सुचना निकाल्नु पर्ने प्राभधान छ तर ६ वटा प्रस्तावहरु पेस हुदाँ हुदै त्यसको वेवास्ता गरी कर्मचारीको सेटिङ मार्फत दोस्रो पटक सुचना प्रकासन गरी कम्पनी नै दर्ता गर्न लागाई छोरीलाई  पस्नु सत्ताको चरम दुरुपयोग भएको सरोकारवाल बताउछन् ।

यसरी आफ्नो मान्छेलाई पोस्न खोज्दा नगरपालिकाको नियम अनुसार चलेका इन्स्टिच्यूटहरु मर्कामा परेको व्यवसायी संचालक मदन खड्काले बताए प्यूठान नागरपालिकाका सुचना अधिकारी आशिश पोखेलले हाकिमले दोस्रो सुचना निकाल्न भनेपछि सुचना निकालेको र अन्य विषयमा जानकार नभएको बताए । नगरपालिकाका प्रमुख प्रशासिकय अधिकृत नारायण प्रसाद भण्डारीलाई पटक पटक सम्पर्क गर्दा सम्पर्कमा आएका छैनन् । नगर पालिका भित्र यस्ता विषयहरु पटक पटक उठ्दा प्रतिपक्ष तथा सरोकारवालाहरु भने मौन छन् ।

**हार्दिक मंगलमय शुभकामना**

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, स्टाफ सहकर्मी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल: सुशील वली

**नवज्योति विद्या निकेतन परिवार घोराही, दाङ**

**हार्दिक मंगलमय शुभकामना**

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, स्टाफ सहकर्मी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल: विजय गौतम

**वात्सायन बोर्डिङ स्कुल परिवार नारायणपुर, दाङ**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने समस्त देशवासीहूरुमा समाज रुपान्तर र देशको समृद्धि प्राप्तिको दिशामा जागरण पैदा होस् भन्दै सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**

- आफ्नो वरिपरि टोलबस्तीलाई सफा सुग्घर राखी सभ्य नागरिकको परिचय दिऔँ ।
- कृषक दाजुभाइ, दिदीबहिनीहरुले नियमित रुपमा खेतबारीको निरीक्षण गरौ । आफ्नो खेतबारी सधैं सफा राखौं । सकेसम्म विषादीको प्रयोग नगरौं । गर्नै परे जैविक विषादी प्रयोग गरौं ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गराई विलम्ब शुल्कबाट बचौं ।

**उच्च शिक्षा र रोजगारी** **त्यसपछि गरौं बिहेबारी**

**त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्यान**

# नेपाली महिला आन्दोलनमा समाजवादी विरासत





धनकुमारी सुनार

**विगतमा महिलाका लागि जुन क्रान्तिकारी विचार र कार्यदिशा कम्युनिष्ट पार्टी र महिलाहरुले उठाएका थिए, पछिल्लो समयमा त्यो मत्थर र औपचारिक हुँदै गयो । वर्तमानमा आइपुग्दा सबैजसो कम्युनिस्ट पार्टीका केन्द्रीय कमिटिमा महिलाको २० प्रतिशत भन्दा कम सहभागिता छ । पार्टीमा महिलाहरु निरिह प्राणीमा खुम्चदै गए । समानुपातिक कोटा महिलाको भन्ने मानक बन्दैछ ।**

नेपालमा कम्युनिस्ट पार्टीको स्थापना वि.सं २००६ सालमा भयो । पार्टीको घोषणा पत्रको बुंदा नं १२ ले नेपालमा पसिना चुहाउने महिला भन्ने किटान गरेर श्रमिक महिलाको मुद्दालाई विशेष महत्व दियो । स्थापनाकालमै ५ जना मध्ये एक महिला सहित ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको कम्युनिष्ट पार्टीको इतिहास हो । तर त्यसपछि लामो समय कम्युनिष्ट पार्टीभित्र महिला सहभागिता न्युन मात्रै भएन्, निर्णायक थलो नै महिलाविहिन बन्यो । कम्युनिस्ट आन्दोलनले महिलालाई बराबर कामको बरावर ज्याला, सम्पूर्ण राष्ट्रिय जीवनमा बराबर अधिकार, सुत्केरीको निम्ति विशेष सुविधा र बालबच्चाहरुको सुरक्षा, बिना शुल्क शिक्षाका विषय केन्द्रमा राख्यो ।

२००८ सालमा ८ मार्चकै दिन कामाक्षा देवीको अध्यक्षतामा अखिल नेपाल महिला संघ गठन भएको थियो । अखिल नेपाल महिला संगठनले छोरीलाई अंश दिनुपर्ने, समान शिक्षा, समान पारिश्रमिक र तालिमको अवसरको सुनिश्चितताको माग गरेको देखिन्छ । अखिल नेपाल महिला संघले विशेष रुपमा महिलालाई अंश र उत्पादनको क्षेत्रमा पुरष सरह सहभागिताको मुद्दा उठायो जसले महिलाको मुद्दालाई वर्गीयताको सवालसँग जोड्न मद्दत गर्यो ।

२०१७ सालको शाही कुपछि लामो समय प्रतिबन्धित कम्युनिस्ट पार्टी आबद्ध महिला संगठन पनि क्रियाशील हुन सकेन् । तर ०३७ सालदेखि अखिल नेपाल महिला संगठनले महिलालाई संगठित गर्दै महिला हक, अधिकारको क्षेत्रमा आफ्ना आवाज बुलन्द गरेको देखिन्छ । छोरीलाई अंश दिनुपर्ने, पुरुष सरह समान शिक्षा, नोकरी उपलब्ध गराउनुपर्ने, समान पारिश्रमिक र तालिमको अवसरको सुनिश्चितताको माग गरेको देखिन्छ । सँगसँगै श्रमिक महिलाहरुको लागि सुत्केरी भत्ता, शिशु स्याहार सम्भार र सुरक्षाको जिम्मा राज्यले लिनुपर्छ भन्ने माग केन्द्रमै थियो ।

दक्षिणपन्थी धारको नेतृत्व गरेको नेपाली काँग्रेश आबद्ध नेपाल महिला संघ २००४ सालमा स्थापना भएको थियो । महिलाको राजनैतिक अधिकार, शिक्षा र समान सहभागिताको माग उठाए पनि यो वैचारिकी महिला मुक्तिको सहि विकल्प हुन सक्दैन । यो पार्टीले लिएको पुँजीवादी अवधारणाले महिला मुद्दालाई सामान्य सुधारउन्मुख बाहेक वास्तविक मुक्तिको सवाल उठन्

सम्भव छैन ।

### महिला भित्रको विविध अर्न्तविरोध

नेपाली समाजको यथार्थ भनेको जात व्यवस्थामा आधारित पितृसत्तात्मक व्यवस्था हो । समाजको बनोट अनुसार नै आर्थिक, सामाजिक र राजनीतिक व्यवस्था अवस्थित छ । अढाइ सय वर्षको एकछत्र खसआर्य पितृसत्तात्मक राजतन्त्रले महिलालाई दास सरह दमन गऱ्यो । त्यसयता भनिएको गणतन्त्रले नेपाली महिलाभित्रको जातीय, क्षेत्रीय र विविधता अनुसार सिमान्तमा रहेका दलित, आदिवासी, मधेसी र अल्पसंख्यक महिलाहरुको मुद्दा निर्क्योल गर्दै समाधानको ठोस विकल्प दिन सकेको छैन् । शताब्दी बढी महिला आन्दोलनको नेतृत्वमा खसआर्य महिलाको बर्चस्व रह्यो । सात दशक लामो समाजवादी महिला समानताको संर्घषको वावजुद कम्युनिस्ट पार्टी र संगठनमै श्रमजीवि महिलाको नगन्य सहभागिता हुने स्थितिको श्रृजना भयो । वर्तमानमा सबै राजनीतिक पार्टीको केन्द्रीय नेतृत्वमा २० प्रतिशत भन्दा कम महिला सहभागिता हुनु जटिल चुनौति हो । अझ कम्युनिस्ट पार्टी र महिला संगठनमै दलित उत्पीडित महिलाहरुको नगण्य सहभागिता हुनुले प्रष्ट गर्छ, ती संगठनहरुको वर्णवादी र पितृसत्तात्मक वैचारिकीको दबदवा ।

### महिला मुक्तिका सवाल राजनीतिक हो ?

१८ औं शताब्दीदेखि नै विश्वका विभिन्न देशमा महिलाले आफूमाथि हुने उत्पीडन विरुद्ध संगठित आवाज उठाए । उन्नाइसौं शताब्दीको संघारमा आइपुग्दा श्रमिक र जुझारु महिलाद्वारा अमेरिका, बेलायत र अन्य मुलुकमा समानता र न्यायको पक्षमा सशक्त रुपमा संर्घष उठ्यो । साम्राज्यवाद र पुँजीवादी देशले महिलामाथि गरेका चरम उत्पीडन विरुद्ध प्रतिरोध आन्दोलनको नेतृत्व समाजवादी महिला नेतृ क्लारा जेटकिन, रोजा लग्जम्वर्ग, अलेक्जेन्ढा कोलोन्ताइ जस्ता प्रखर क्रान्तिकारी महिलाहरुले गरे । कोलोन्ताइ अलेक्जेण्डर (१८७२) को निश्कर्ष थियो 'महिला मुक्ति तब मात्र सम्भव छ, जब आर्थिक, सामाजिक व्यवस्था परिणाममै महिलाको पक्षमा सुनिश्चितता हुन्छ ।'

महिला मुक्तिको सवाललाई वर्गीय सवालसँग जोडेर मात्रै महिला स्वतन्त्र र अधिकार सम्पन्न बन्न सक्छन् भन्ने सैद्धान्तिक मत बलियो बनाउन सफल समाजवादी धाराले महिला मुक्तिको मार्ग प्रशस्त गर्छ । रुसमा सम्पन्न अक्टोबर समाजवादी क्रान्तिपछि महिलाको पक्षमा अत्यन्त महत्वपूर्ण कामहरु गऱ्यो । बोल्सेभिक पार्टीको पहिलो सरका मा सामाजिक कल्याणकारी कमिसारमा अलक्जेण्ड्रा कोलोन्ताइ थिइन्, जसले महिला अधिकार र लैङ्गिक स्वतन्त्रताका लागि महत्वपूर्ण काम गरेकी थिइन् । पारिवारिक ऐन १९१८ ले महिलालाई पुरुष सरह समान अधिकार प्रदान गऱ्यो । अभिभावकविहिन सन्तानलाई पनि समान अधिकार प्रदान गर्ने सुनिश्चित गरियो । महिलालाइ स्वतन्त्र रुपमा विवाह गर्न पाउने अधिकार, विवाहपछि श्रीमान वा श्रीमतिको थर रोज्न पाउने, सम्बन्ध विच्छेद गर्न पाउने अधिकारको ग्यारेन्टी भयो । सन् १९१९ मा रसियन महिला ब्युरो गठन भयो, जसले मजदुर महिलाको सार्वजनिक जीवनको मर्यादा र सुरक्षाको लागि प्रतिबद्ध भएको देखिन्छ । १९२० को फेमिली कोडमा महिलाले गर्भपतन गर्न पाउने अधिकार सुनिश्चित भयो । बालबालिकाको सामुहिक स्याहारको व्यवस्था र घरायसी कामको मूल्यांकनको व्यवस्था सहितको महिला अधिकार अक्टोबर क्रान्तिको उपलब्धीको रुपमा ऐतिहासिक फड्को मार्न सफल भएको थियो ।

विश्वमञ्चमा उठेको महिलालाई श्रममा आठ घण्टे कामको माग, रोजगारीमा समान अधिकार, युद्धको अन्त्य, सुरक्षित गर्भपतन, मातृत्व र भोट हाल्न पाउने जस्ता महिलाका मूख्य मागहरु नेपाली महिलाका पनि महत्वपूर्ण माग बन्यो ।

१० वर्षे जनयुद्ध र दोस्रो (०६२/०६३) जनआन्दोलनले राजतन्त्र विरुद्ध गणतन्त्र स्थापनाको लागि शसक्त माहौल बनायो । दुबै आन्दोलनमा महिलाको पचास प्रतिशत सहभागिता थियो । जनआन्दोलनको उभारले राज्यका सबै संरचनामा महिला र उत्पीडित समुदायको समानुपातिक सहभागिता, गणतन्त्र र संघीयताको मुद्दा प्रखर रुपमा उठायो । जनआन्दोलनमा महिला दलित र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक मुद्धाहरु शसक्त रुपमा उठे ।

नेपाली महिलाको सम्पत्तिमा अधिकार, समानुपातिक सहभागिता, ३३ प्रतिशत सहभागिताको मुद्दा स्थापित गर्न कम्युनिस्ट धारको ठूलो योगदान छ । दश वर्षीय जनयुद्धले महिलाको समानुपातिक समाबेशीको कुरा स्थापित गर्न अंह

भूमिका खेल्यो । तर पटक-पटकको राजनीतिक लडाइँ पश्चात नेतृत्व पंक्तिमा आएको वैचारिक स्खलन र भालेवादको विकृत मानसिकताले गर्दा महिलाको आंशिक उपलब्ध संवैधानिक र कानुनी अधिकार समेत सुनिश्चित हुन सकेन ।

विगतमा महिलाका लागि जुन क्रान्तिकारी विचार र कार्यदिशा कम्युनिष्ट पार्टी र महिलाहरुले उठाएका थिए, पछिल्लो समयमा त्यो मत्थर र औपचारिक हुँदै गयो । वर्तमानमा आइपुग्दा सबैजसो कम्युनिस्ट पार्टीका केन्द्रीय कमिटिमा महिलाको २० प्रतिशत भन्दा कम सहभागिता छ । पार्टीमा महिलाहरु निरिह प्राणीमा खुम्चदै गए । समानुपातिक कोटा महिलाको भन्ने मानक बन्दैछ ।

कुनै पनि क्रान्तिको सफलताको निर्धारण त्यस क्रान्तिमा महिलाको सहभागिताको संख्याले निर्धारण गर्दछ, (लेनिन, १८७०) उपरोक्त भनाइकै मर्म बोकेर, समाजवादी क्रान्तिकारी पार्टीले महिला मुक्तिका सवाल उठाउन जरुरी छ ।

नेपाली महिलाको सम्पत्तिमा अधिकार, समानुपातिक सहभागिता, ३३ प्रतिशत सहभागिताको मुद्दा स्थापित गर्न कम्युनिस्ट धारको महिला आन्दोलनको ठूलो योगदान छ । पछिल्लो समय दश वर्षको जनयुद्धले महिलाको समानुपातिक समावेशीको कुरा स्थापित गर्न अंह भूमिका खेल्यो । तर पटक-पटकको राजनीतिक लडाइँपश्चात कम्युनिस्ट पार्टीको नेतृत्व पंक्तिमा आएको वैचारिक स्खलन र भालेवादको विकृत मानसिकताले गर्दा महिलाको ठूलो संर्घषबाट उपलब्ध संवैधानिक र कानुनी अधिकार सुनिश्चित गर्न फलामको चिउरा चपाउनु जत्तिकै भएको छ ।

संविधान र कानुनमा उल्लेखित औपचारिक अधिकारका कुरा कार्यान्वयनमा समस्या छ, भने त्यसभित्रका भुँइ महिलाको अवस्था झन जटिल छ । १९ औं शताब्दीमा विश्वमञ्चमा प्रधान बनेको महिलालाई समान कामको समान ज्याला, समान सहभागिता, प्रजनन स्वास्थ्य र मातृत्वको अधिकारको मुद्दा आज पनि मुख्य नारा बन्नु नेपाली महिला आन्दोलनको विडम्बना हो । संविधानमा उल्लेख भएर पनि महिलाको शिक्षा, स्वास्थ्य,रोजगारी र समानुपातिक सहभागिताको सवाल सुनिश्चित नहुनु, महिला माथि हुने घरेलु र यौनजन्य हिंसा झन् झन् बढ्नु समाजको लागि ठूलो चुनौति बनेको छ ।

**अन्त्यमा**

विश्व जनसंख्याको आधा धर्ती ओगट्ने महिलाको उत्पीडनको सवाल सरल र सहज रुपमा समाधान हुँदैन । महिलाभित्रको जातीय, क्षेत्रीय, र श्रमजीवी महिलाको मुद्दालाई सम्बोधन गर्न सही वैचारिकी आवश्यक छ जुन समाजवादी महिला मुक्ति

नव वर्ष २०८१ को पावन अवसरमा पालिकाबासी सम्पूर्ण जनहरु तथा देशविदेशमाका समस्त नेपालीहरुमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

उच्च शिक्षा र रोजगारी त्यसपछि गरौं बिहेबारी

वार्षिक नवीकरण गर्न नभुलौं । ◆ एक घर, एक चर्पी निर्माण गरी खुल्ला दिशामुक्त क्षेत्र अभियानलाई सफल पारौं । ◆ सडक पेटीमा पशु चौपाया छाडा नछोडौं । ◆ जथाभावि फोहोर नफालौं । ◆ आफ्नो बासस्थान र टोललाई स्वच्छ, सफा, सुन्दर र हरियाली वातावरण बनाऔं । ◆ व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाईसराई, सम्बन्धविच्छेद, विवाह) तोकिएको मितिमा (३५ दिनभित्र) मा नै दर्ता गरौं । ◆ भवन निर्माण गर्दा आचारसंहिताको पालना गरौं । ◆ विकास निर्माणमा जनसहभागिता बढाऔं । ◆ गाउँको समग्र विकास र शान्ति, अमनचयनमा सबै गाउँबासीले सहयोग पुऱ्याऔं ।

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणमा सबैले हातेमालो गरौं

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दाङ

नव वर्ष २०८१ को पावन अवसरमा पालिकाबासी सम्पूर्ण जनहरु तथा देशविदेशमाका समस्त नेपालीहरुमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

वार्षिक नवीकरण गर्न नभुलौं । ◆ एक घर, एक चर्पी निर्माण गरी खुल्ला दिशामुक्त क्षेत्र अभियानलाई सफल पारौं । ◆ सडक पेटीमा पशु चौपाया छाडा नछोडौं । ◆ जथाभावि फोहोर नफालौं । ◆ आफ्नो बासस्थान र टोललाई स्वच्छ, सफा, सुन्दर र हरियाली वातावरण बनाऔं । ◆ व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाईसराई, सम्बन्धविच्छेद, विवाह) तोकिएको मितिमा (३५ दिनभित्र) मा नै दर्ता गरौं । ◆ भवन निर्माण गर्दा आचारसंहिताको पालना गरौं । ◆ विकास निर्माणमा जनसहभागिता बढाऔं । ◆ गाउँको समग्र विकास र शान्ति, अमनचयनमा सबै गाउँबासीले सहयोग पुऱ्याऔं ।

राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दाङ

धार नै हो । समाजको व्याख्या मात्रै गर्ने होइन, यसको रूपान्तरणलाई प्रधान मान्ने मार्क्सवादी सौन्दर्यको चुरो कुरा पक्रेर महिलाका तमाम उत्पीडनका साङ्लाहरू फयाँक्ने आँट र पहल हिजोदेखि आजसम्म मार्क्सवादी धारले गरेका हुन् । पर्याप्त छैन, धेरै गर्न बाकि छ भन्ने कुरा इमान्दार रुपले समीक्षा गर्दै वामपन्थी आन्दोलन र नेतृत्वले अगुवाइ गर्न सक्नुपर्छ । मार्क्सवादले वर्गीय उत्पीडनसँगै लैङ्गिक र जातीय उत्पीडनको पनि अन्त्य हुने कुरामा जोड दिन्छ । तसर्थ महिला, उत्पीडित र दलित समुदायको मुक्तिको कुरा गर्दा औपचारिक समानताको कुरा गरेर मात्रै पुग्दैन । मुक्ति सबैभन्दा पहिले कुन महिला र समुदाय र वर्गको लागि आवश्यक छ ? उत्तर सहज छ, समाजको सबैभन्दा पिँधमा रहेका समुदाय र महिलालाई । नेपालको हकमा कुरा गर्दा वर्गीय, जातीय भाषिक, क्षेत्रीय र लैंगिक उत्पीडनमा रहेको दलित र महिलालाइ केन्द्रमा राखेर आर्थिक सामाजिक समानता र मर्यादाको सुनिश्चितता हुनुपर्छ, जसको लागि उन्नत क्रान्तिकारी विचार र कार्यक्रमको अपरीहार्यता छ । तर्सथ वर्तमान विश्वमा दलित, श्रमिक र महिलाको वस्तुकरण गर्ने पूँजीवादी विकृत अवधारणालाई परास्त गर्दै समाजवादी व्यवस्था स्थापना गर्ने उत्पीडित र श्रमजीवि महिला आन्दोलनको तयारी आजको आवश्यकता हो ।

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, स्टाफ सहकर्मी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोन्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक: वासुदेव खनाल

अमर माध्यमिक विद्यालय परिवार भिंग्री, प्युठान

कृषक महानुभावहरुमा हाम्रो अनुरोध

- व्यवसायीक रुपमा आधुनिक तरकारी खेती व्यवसाय गरी आफु र देश विकासको आर्थिक आधार बनाऔं
- विषादीरहित कृषि तथा तरकारी उत्पादनका नविनतम अभ्यासहरु अवलम्बन गरौं,
- उत्पादनहरुको सुनिश्चितता सन्तुलित आहाराको लागि हाम्रो कृषि नै मुख्य आधार हो
- कृषि व्यवसाय सञ्चालन गर्नुपूर्व कृषकहरुले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहका कृषि केन्द्रमा सूचिकृत गरौं, यस कार्यालयबाट प्राप्त हुने सेवामा कुनै समस्या भए तत्काल गुनासो गरौं

कार्यालय प्रमुख: चुमानसिंह गिरी

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

परियोजना कार्यान्वयन इकाई खलंगा, प्युठान

नव वर्ष २०८१ को पावन अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक शिक्षाप्रेमी महानुभाव तथा देश विदेशमा रहनूहुने समस्त नेपालीहरुमा कर्ममा निपूणता, आत्मसम्मानको खोजि सहित मानवीय सेवाभावको विकास होस भन्दै सु-स्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक शूभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक: लेमबहादुर गुरुङ

विद्यानन्द माध्यमिक विद्यालय परिवार जुडापाटा, प्युठान

नव वर्ष २०८१ को पावन अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक शिक्षाप्रेमी महानुभाव तथा देश विदेशमा रहनूहने समस्त नेपालीहरुमा कर्ममा निपूणता, आत्मसम्मानको खोजि सहित मानवीय सेवाभावको विकास होस भन्दै सू–स्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक शूभकामना व्यक्त गर्दछौँ । शिक्षामा गरिने लगानी राष्ट्र निर्माणको बलियो आधार भएकोले छोराछोरीलाई समान स्तरको शैक्षिक लगानी वृद्धि गर्न सम्पूर्ण महानूभावहरुले विद्यालय जाने उमेरका सबै बालबालिकालाई अनिवार्य विद्यालय पठाउने गरौं । प्रत्येक अभिभावकले आफ्ना बाबूनानीका गतिविधि ख्याल गरौं, उनीहरु के गरिरहेका छन्, कता गइरहेका छन् । प्रविधिमा आधारित नैतिक संस्कारयुक्त गुणस्तरीय शिक्षा, आजको अनिवार्यता

आउनुहोस्ः– सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणमा सबैले हातेमालो गरौं

प्रधानाध्यापक
गंगा मा.वि. परिवार
बाहाने, प्यूठान

प्रधानाध्यापकः बसन्ता गिरी
धर्मभक्त आधारभुत विद्यालय परिवार
प्यूठान नगरपालिका ८ मानागाउँ प्यूठान

प्रधानाध्यापकः सेरबहादुर चन्द एवं
ठाकुरभुमि आधारभुत विद्यालय परिवार
नौबहिनी ८ फोप्ली, प्युठान

प्रधानाध्यापक
सरस्वति माध्यमिक विद्यालय परिवार
घोराही, दाङ

प्रधानाध्यापकः नारबहादुर पुन
ने.रा. माध्यमिक विद्यालय परिवार
नौबहिनी ५ गाबै, प्यूठान

प्रन्सिपलः गोविन्दप्रसाद सुवेदी
रोजडाइनामिक बोर्डिङ परिवार
नौबहिनी ८ फोप्ली, प्यूठान

प्रधानाध्यापकः केसु गिरी एवं
बालविद्या माध्यमिक विद्यालय परिवार
मरन्ठाना, प्यूठान

प्रधानाध्यापक एवं
बालशिक्षा माध्यमिक विद्यालय परिवार
मच्छि, प्यूठान

प्रधानाध्यापक एवं
मुक्ति मा. वि. परिवार
रातामाटा, प्यूठान

प्रधानाध्यापकः
बालविकास माध्यामिक विद्यालय परिवार
घोराही, दाङ

प्रिन्सिपल एवं
गौमुखी इंग्लिस बोर्डिङ परिवार
मच्छि, प्यूठान

प्रधानाध्यापक
अन्धनासक माध्यमिक विद्यालय परिवार
लिघा, प्यूठान

प्रधानाध्याप
जनता माध्यमिक विद्यालय परिवार
गौमुखी गाउँपालिका ५, प्यूठान

प्रधानाध्यापकः एवं
पदमोदय माध्यमिक विद्यालय परिवार
भरतपुर, दाङ

प्रधानाध्यापकः इन्द्रमणी पोख्रेल एवं
जनता माध्यामिक विद्यालय परिवार
वाग्दुला, प्यूठान

प्रिन्सिपलः गिरबहादुर भण्डारी एव
प्यूठान भ्याली एकेडेमी परिवार
वाग्दुला, प्यूठान

# नयाँ दल र स्वतन्त्र जनप्रतिनिधि उदयका आधारहरु

**हरेक परिवर्तनले नयाँ आशा जगाएर सामाजिक समूहमा हर्लक्क महत्वकाङ्क्षा जगाउँछ । पात्र र प्रवृत्तिका रुपमा नयाँ भूमिकामा नयाँ स्वार्थ समूहहरू देखा पर्छन् । व्यवस्थाको क्रमभंगता भने चुनावबाट नभएर विद्रोह, आन्दोलन वा क्रान्तिबाट मात्रै हुन्छ ।पहिचानको भोक र राज्यको मूलधारबाट बहिष्कृत वा अपहेलना खेपिरहेका समूहमा आत्माबल चुलिन्छ । इच्छाशक्ति उम्रन्छ, झाँगिन्छ । त्यसका असरहरू आम चुनावमा नयाँ पार्टी वा स्वतन्त्र उम्मेदवारका रुपमा देखा पर्छन् ।**



नरेन्द्रजंग पिटर

प्राचीलाई लेख्न थाल्दा कतिपय घटना रेड कार्पेटमुनि लुकेका थिए । नियत छर्लंग हुन परिणाममा देखिनुपर्थ्यो । कुनै पनि विषय, नियत, सोच वा वस्तु सधैँ गर्भमा छिपिरहन सक्दैन । आवेगले पैदा भएका व्यक्ति वा पार्टीहरु भलै सरकार बनाउन वा भत्काउन महत्वपूर्ण भूमिका राखेपनि कालान्तरमा उनीहरू खहरे झै हुन्छन् । खहरे या त सुक्नुपर्छ या नदिमा मिसिनुपर्छ । जबसम्म खहरे गडगडाउँछ, त्यतिबेलासम्म होसियार नभए बगाइदिन सक्छ । संसारकै गठबन्धन सरकारको विवशता भनेको सरकार बचाउन र बनाउन जेजस्तो पनि सम्झौता गर्नु हो । अहिलेको इजरायली सरकार त्यसको प्रत्यक्ष उदाहरण हो भने इतिहासमै उग्र जातिवादी घोर दक्षिणपन्थी सरकारमा सामेल Otzma Yehudit पार्टीको ११ सांसद र दामली नेता आर्यन डोरी, संभावित तेस्रो विश्वयुद्धको कारक बन्दैछन् । आवेगबाट बनेको रेसम चौधरी र प्रतिकृयाले बनेको रबि लामिछानेको पार्टीका कार्य, कारण र परिणाम नियाल्न मेरा गम्भीर पाठक सक्षम छन् । रबि "दागी" छन् । कंग्रेस एमाले र माओवादी उनको गुनगान गाउन विवश छन् । थारु स्वाभिमान केन्द्रीय बहसमा पुऱ्याउने नागरिक उन्मुक्ति पाटीको तानातान घर झगडाले समर्थक र पछुवालाई सोच्न बाध्य बनायो । यो सत्ता केन्द्र बनाउने गठबन्धनको विश्वव्यापी बाध्यता हो । मेरा गम्भीर पाठकले यस विषयलाई सामान्य लिनुहुने छैन ।

मिसन ८४ को चुनावी अभियानमा राजनीतिक दल जुटिसके । चुनावसँगै तपसिलमा रहेका कयौं विषय सतहमा आउनु स्वभाविकै हुन्छ । इतिहासका चश्माले वर्तमान नियाल्दै यस लेखमा भने पार्टी, नयाँ दलको गठन र स्वतन्त्र उम्मेदवारका आधार, पार्टी फेरबदलका कारण र परिणामबारे नै केन्द्रित हुनेछुँ । एउटा चुनाव सक्किने बित्तिकै अर्को चुनावी तयारी सुरू हुनेगर्छ । पार्टी र गुट त्यतिकै सक्रिय हुन्छन् । स्वतन्त्र बन्ने महत्वकाङ्क्षी सलबलाउन थाल्छन् । चुनाव नजिकिँदै जाँदा उत्तेजना खेल बढ्दै जान्छ । गठबन्धन बन्नु, भत्कनु र नयाँ बन्दा नयाँ दलको हैसियत पनि देखा पर्छन् । वेष्ट मिनिष्टर संसदीय प्रणालीमा संसदको सामान्य अंकले पनि सत्ता खेल बनाउछ, बिर्गाछ । स्वतन्त्र वा नयाँ दलले विगतमा महत्वपूर्ण विजय हासिल गरेकाले राजनीतिक बजारमा भाउ बनेको नजिर छ । त्यसैले भविष्यमा स्वतन्त्रको संख्या अझ ह्वात्त बढ्ने छ । राजनीतिको गम्भीर मोडपछि नयाँ पात्र र प्रवृत्ति सतहमा देखा पर्छन् । समाजका सोच, पक्षधरता र चिन्तनका प्रतिनिधि मैदानमा उत्रिन्छन् । ऐतिहासिक परिवर्तनका मोडले सरकारको मात्रै नभै सत्ता चरित्रको निरन्तरतामा क्रमभंगता गरिदिएपछि शासकवर्ग, चिन्तन, अभ्यास मात्रै फेरवदल पार्दैन, नायक र खलनायकको अनुहार पनि फेरिन्छ् । कतिपय पुराना खेलाडी नयाँ पार्टीमा परिचय बनाउन पुग्छन् भने कतिपयले नयाँ नामधारण गरेर नयाँ पार्टी खोल्छन् । त्यसैबीचमा सत्ताका छिनाझप्टी सक्रिय हुने गर्छ ।

## इतिहासमा चुनाव

सभ्यता विकासक्रममा राजनीतिको सरल तरिकाले बुझ्न व्याख्या आवश्यक हुन्छ । राज्य अस्तित्वसँगै वैधानिकता पनि त्यत्तिकै आवश्यक पर्छ । सत्ता यथास्थिति खलवलिन दिँदैन र समाज भने यथास्थितिमा रहन चाहदैन । तव समाजमा द्वन्द हुन्छन् । ति विद्रोह, क्रान्ति वा आन्दोलनका आधार बन्छन् । व्यवस्थामा आउने हेरफेरसँगै समाज र सोचमै उथलपुथल

हुन्छ । हरेक परिवर्तनले नयाँ आशा जगाएर सामाजिक समूहमा हर्लक्क महत्वकाङ्क्षा जगाउँछ । पात्र र प्रवृत्तिका रूपमा नयाँ भूमिकामा नयाँ स्वार्थ समूहहरु देखा पर्छन् । व्यवस्थाको क्रमभंगता भने चुनावबाट नभएर विद्रोह, आन्दोलन वा क्रान्तिबाट मात्रै हुन्छ । व्यवस्थासँगै शासन चरित्रनै हेरफेर आएपछि शासनका चरित्र, विचार र अभ्यास पनि फेरिने भयो । राणाकाल, बहुदलकाल र पञ्चायतमा पनि चुनाव भए । व्यवस्थाको आमूल परिवर्तनसँगै नयाँ खाले जागरण र महत्वकांङ्क्षाका भोक जाग्छन् । पहिचानको भोक र राज्यको मूलधारबाट बहिष्कृत वा अपहेलना खेपिरहेका समूहमा आत्माबल चुलिन्छ । इच्छाशक्ति उम्रन्छ, झाङ्गिन्छ । त्यसका असरहरु आमचुनावमा नयाँपार्टी वा स्वतन्त्र उम्मेदवारका रूपमा देखा पर्छन् । संसारमै पहिलो चुनाव इशापूर्व ५०८ युनानमा भएको थियो । राजा, महाराजा, युद्ध सरदारहरू आफूलाई दैवीशक्ति प्राप्त भनेर वंशानुगत शासनको निरन्तरता दिन्छन्। वर्चश्व कायम गर्न, बढाउन युद्ध वा धर्मको साहरा लिइन्छ । समय अनुसारका दण्ड वा पुरस्कार तय गर्न सैनिक र कानुन व्यवस्था गरिन्छ । भय र प्रलोभनले मात्रै समाज हाँकिँदैन, जनअनुमोदनको मानसिक अस्त्र चलाउन आवश्यक पर्ने भएकाले चुनाव र अदालत आवश्यक पर्छन् ।

## इतिहासको नजरमा चुनाव

बितेका ७६ वर्षमा नेपालमा पनि अनेकौं पार्टी र व्यक्तिहरु देखा पर्दै गए । चुनाव हुँदै गयो । कतिपय ती अब अस्तित्वमा छैनन् । चुनावका रूप, हैसियत र अवस्था फरक भएपनि पद्म शमशेरको पाला २००४ काठमाण्डु नगरपालिकाको चुनाव नै नेपालको पहिलो चुनाव हो । जनकमान श्रेष्ठ पहिलो सहरपिता बने । ०७, ०१७, ०४६/४७ र ०६२/६३ मा शासन पद्धतिका रूप मात्रै हैन् गुणमै फेरबदल भएपछि चुनावले नयाँ सन्देश, संकेतदिँदै नयाँ भास्य तयार गर्दै गयो । २००७ साल पहिला राजनीतिक पार्टीहरु अवैधानिक भएकाले भूमिगत सक्रिय थिए । जुन आदर्शसाथ ०७ सालको क्रान्तिमा सहभागी भए, सत्तामा पुग्ने बित्तिकै जोगाउन भने सकेनन् । सत्तासँग आदर्श पचाइदिने शक्तिशाली पाचक हुन्छ । पार्टीमा टुटफुट हुँदै गए । चतुर राजा महेन्द्रले खुब खेलाए । राणाशासन अन्त भएको ८ वर्षपछि अर्थात् २०१५ सालको भएको पहिलो संसदीय चुनावमा क्रान्तिपूर्वको ३ पार्टी र अन्य गरी ९ पार्टीले चुनावमा भाग लिए । ०७ साल पहिला प्रजापरिषद्, नेपाली कंग्रेस, नेपाल कम्युनिष्ट पार्टी सक्रिय रहेकोमा २०१५ को चुनावमा ९ पार्टीले भाग लिए । ४ पार्टी नेपाली कंग्रेस, नेपाल राष्ट्रवादी गोर्खा परिषद, सयुक्त प्रजातान्त्रिक पार्टी नेपाल र नेकपाले सदनमा मान्यता पायो । स्वतन्त्र उम्मेदवारले १६.७ मत सुरक्षित गरेर ४ सिट जित्न पुग्यो । निर्वाचनपछि जुम्लाका भीमप्रसाद श्रेष्ठ नेपाली कांग्रेसमा सामेल भए ।

३० वर्षे पञ्चायतकालमा पनि चुनाव हुन्थे । पञ्चायती चुनाव अभ्यासमा सरकारी र विरोधी उम्मेदवार पनि हुन्थे । सरकारी उम्मेदवारको व्यवस्थापन र विरोधीको तेजोवध अञ्चलाधीशले गर्थे । व्यवहारिक राजनीतिक शक्ति मन्त्री र राष्ट्रिय पञ्चायत सदस्य (रापस) भन्दापनि दरबारी अभ्यास अञ्चलाधीश मार्फत हुन्थ्यो । गाँउ फर्ककालीन पञ्चायती चुनावमा गाँउको वार्ड सदस्यमा विजय नभै माथिल्लो कुनै तहमा पनि प्रतिस्पर्धा गर्न पाइदैनथ्यो । पञ्चायतभित्रकै द्वन्द यती घमासान थियो की राजा महेन्द्रसँग सूर्यबहादुर थापाको परिचय गराई दिने विश्वबन्धु थापालाई प्रधानमन्त्री थापा लोथरमा सशरीर उपस्थित भएरै चितवन भण्डाराको वार्ड सदस्यमै सुकुचासँग हराइदिएर विश्वबन्धुको पञ्चायती तगारो बनिदिए। धेरैजसो कंग्रेस-कम्युनिष्टहरु विभिन्न तर्क र बहानाले पञ्चायत प्रवेश गरेतापनि २०२८ को स्नातक तर्फको चुनावमा रामराजाप्रसाद सिंहको निर्वाचनले भने पञ्चायत हल्लियो । २०३८ सालको निर्वाचनमा ६५ हजार ७ सय ७७ मत पाएर कमल चित्रकार विरूद्ध विजयी भएकी नानीमैया दाहाल पञ्चायत विरूद्धको व्यंग्यचित्र नायिका बनिन् । गाउँफर्क र पञ्चायत नीति तथा जाँचबुझ समिति (पनिजावस) कडा स्वीकृतिमा चुनाव हुन्थ्यो । कडा परिक्षण चुनावी गेटपास हुन्थे । मजदुर किसान पार्टी (नेमकिपा) र रूपचन्द विष्टले तोड्न सुरू गरे । नेमकिपाका कर्ण हैंजुको आस्था र प्रतिवद्धता सरकारले किन्यो र भक्तपुर दुर्घटनामा फेरियो । नेमकिपाबाट विजयी रापस कर्ण हैंजु हत्याकाण्ड (पार्टीको नीति र आचरण पालन नगरेर पञ्चायती मूलधारमा बगेको हैंजुमाथी आरोप थियो) । काङ्ग्रेसभित्रको बखानसिंह गुरूङको ३८ से समूहले पनि राष्ट्रिय पञ्चायतमा ४ प्रतिनिधि पठायो तर उनीहरूले विष्ट र पध्मरत्न तुलाधरको झै भूमिका खेलेको देखिएन । ०४३ को चुनावमा नेकपा मालेको जनपक्षीय हस्तक्षेपले पञ्चायतभित्रकै

प्रतिपक्ष स्वर अझ शसक्त भयो । रापसका स्वतन्त्र उम्मेदवारका सामाजिक छवि, वैचारिक दृढता र भूमिकाको कारण चुनावमा खडा भए । जनअपेक्षा अनुसारै भूमिका निर्वाह पनि गरे ।

## विचारको हस्तक्षेप

रूपचन्द विष्टको थाहा आन्दोलन र सदनमा कुर्लाइ वैचारिक प्रहार र दवाव चरममा पुऱ्यायो । विष्टको सोंच र भूमिकाले पंचायत त्रसित बन्यो । विष्टको वैचारिक आन्दोलन कुनै पनि विषयप्रति धारणा बनाउनु र भूमिकामा उत्रिनु पहिला सो विषयमा गहिरो तरिकाले थाहा पाउनुपर्छ भन्ने थियो । भिड जनमत बन्न सक्दैन र भीडलाई जनतामा फेर्ने भनेकै चिन्तक, अभियन्ता वा राजनीति नेतृत्वको मुख्य भूमिका हो भन्ने थाहा आन्दोलनका वैचारिक पुरोधा विष्ट पञ्चायतकालको एकात्मक सदनमा वास्तविक प्रतिपक्षी र जनप्रतिनिधि बने । ०४६/४७ को जनआन्दोलनले जडता र आग्रह तोडेर राजनीतिमा छोइछिटो गर्ने कंग्रेस र कम्युनिस्टलाई एकै मञ्चमा पुऱ्यायो । त्यसले राजनीतिका रूपमात्रै फेरेन चुनावका चरित्र, पार्टी र व्यक्ति पनि फेऱ्यो । १) ०४८को आमचुनावमा १८ पार्टीले निर्वाचनमा भाग लिए । ४.१७ प्रतिशत स्वतन्त्र उम्मेदवारले मत सुरक्षण गरे । ३ उम्मेदवारको विजय भयो । निवाचित सबै नेपाली कांग्रेसमा समावेश भए । १५ सालको निर्वाचनमा सहभागी दलमध्य ०४८ मा कंग्रेस र कम्युनिष्टले मात्रै भाग लिए । तर २०१५ मा नेकपा १ थियो भने ०४८ मा भने ७ पार्टी बनिसकेका थिए । तराई कंग्रेस पनि सद्भावना पार्टीमा फेरिएको थियो ।

२) ०६२/६३को परिवर्तनपछि सत्ता चरित्र र निर्वाचन पद्धतिनै हेरफेर भए । ०६३ साल पहिला नदेखिएका पार्टी र चरित्रहरु राजनीतिक मञ्चमा एकाएक देखा पर्दै गए । पहिचानको विषय आन्दोलनको शीर्ष स्थानमा पुगेपछि थारू, जनजाति, मधेश, महिला र दलित समूह सुषुप्त रहेको चेतना भूमिकामै देखियो । पहिलो संविधानसभा हलमा समानुपातिक सहितको चुनावी परिणामले सदनको उपस्थितिमा देशकै समग्र चित्र देखिन्थ्यो । त्यो अदभूत दृष्यले परम्परागत शक्ति सन्तुलन खजमजिएर राजनीतिमा नयाँ परिभाषा थालनी भए । नयाँ दलहरु र स्वतन्त्र व्यक्तित्वहरु राष्ट्रिय राजनीतिमा महत्वपूर्ण भूमिकाको अग्रस्थानमा पुगे । ०६४ सालसम्म पुग्दा २०१५ सालमा चुनावमा सहभागी दलमा ३ दल -(कंग्रेस, कम्युनिष्ट र मधेशवादी) सहभागी भए । ०४८ मा राप्रपा २ समुह थिए भने ०६४ मा पनि २ नै रहे । ०४८ सालमा ७ दलमा रहेको कम्युनिष्टहरु ६४ मा भने १२ र ७९ मा ९ पुगे । मधेशवादी दल १५ साल र ०४८ सालमा १ थियो तर ६४ मा ४ र ७९ सालमा ३ भए ।

## पुरानो सत्ताको प्रतिनिधि

गणतन्त्रको पहिलो देश फ्रान्सको राज्यक्रान्तिको देशमा अझै एउटा सानु समुह हरेक वर्ष राजतन्त्रको पक्षमा झिनो जुलुस निकाल्छ । हरेक देशमा क्रान्ति, विद्रोह वा आन्दोलनपछि पनि पुराना व्यवस्थाका प्रतिनिधि नयाँ नाम वा पार्टीका रूपमा सक्रिय हुन्छन् । राणा शासनको अन्त्यपछि अर्थात ०७ सालपछि सत्ता गुमेका अभिजाततप्का खुकुरी दल मार्फत सक्रिय भए भने १५ सालको चुनावमा गोर्खा परिषदको नाममा चुनावमा देखिए । भरत शमशेरको गोर्खा परिषद प्रमुख प्रतिपक्ष दल पनि बन्यो । ०१७ सालपछि भने नेपाली कांग्रेसमा विलीन भयो । पञ्चायत व्यवस्थाको अन्त्यपछि पूर्वपन्चहरू राष्ट्रिय प्रजातन्त्र पार्टी सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द समूहमा एकैपटक उदय भयो । पूर्व प्रधानमन्त्री मरिचमान श्रेष्ठको सेभ द नेसन । कालान्तरमा थापालाई कंग्रेसले प्रधानमन्त्री बनायो भने चन्दलाई एमालेले । ०६४ पछि पनि राजतन्त्रवादीको राप्रपाका नाममा सक्रिय भए भने सांस्कृतिक राष्ट्रवाद भनेर कयौं साना पार्टी पनि देखापरे ।

## समानुपातिक प्रणाली भित्रको कुरा

नयाँ संविधानले चुनावी प्रणालीमा समानुपातिक व्यवस्था गऱ्यो । प्रतिस्पर्धामा वर्ग, जाति, क्षेत्र, भाषा, संस्कृतिका वास्तविक समानुपातिक प्रतिनिधित्व होस् भन्ने उदेश्य थियो । तर पार्टीलाई राजनीतिक जिमिन्दारी सोच्ने नेतृत्व तप्काले संविधानको मर्म र स्पिरिट पालन गर्न सकेनन् । व्यवस्था त फेरियो तर राजनीतिक संस्कृति र अभ्यास भने फेरिएन । समानुपातिक चुनाव प्रणाली ठट्टा बन्न पुग्यो । सबैले विभत्स अभ्यास गरे । पार्टीको पद किनबेच वा नेतृत्वले मन खाएका कार्यकर्ताको भर्ती समानुपातिक चुनावी बहाना बन्न पुग्यो । कतिपय चुनावमा प्रतिस्पर्धामा उत्रिन नचाहानेहरूको सत्तामा पुग्ने शिर्षक पनि । राष्ट्रिय सभाको अवस्था पनि त्यस्तै भयो । राज्यलाई आवश्यक प्राज्ञ, विज्ञ, चिन्तक र सीमान्तकृत प्रतिनिधित्वको

परिकल्पना हो तर ति अभ्यासमा देखिएनन् । एकाध व्यक्तित्व बाहेकले हाउस अफ इन्टेलेक्चुअलको मर्म थेग्न सकेनन् । शासन व्यवस्था आफैं नराम्रो हुँदैन, तर प्रयोग कुन नियतका, कसले र कुन हैसियतकाले गर्छन् भन्नेमा भर पर्छ । त्यसैअनुसार पार्टी वा स्वतन्त्रको परिचय र संस्कार बन्छ । जुन उद्देश्यका लागि जे बनेको हुन्छ, त्यही उद्देश्यमा प्रयोग गरिएन भने व्यवस्थालाई दोष नभै प्रयोगकर्तालाई जान्छ । नियत परिणामले देखाँउछ । पार्टी, संघ, संस्थाका सिद्धान्त अनुसार अगुवा र कार्यकर्ताहरु नचले ती ट्रेडमार्कमा मात्रै खुम्चिन्छन् । संविधान कस्तो बन्यो भन्दा पनि लागुकर्ताको राजनीतिक संस्कृति र प्रतिवद्धता कस्तो छ त्यसै अनुसार राजनीतिक अभ्यास हुँदोरहेछ । जुन संवैधानिक स्पिरिट समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरियो, त्यसै अनुरुपै पार्टीहरुले राजनीतिक संस्कृति देखाउन नसक्दा त्यसको मर्म थेग्न सकेनन् ।

## नयाँ दल र स्वतन्त्र प्रतिनिधिका कुरा

०७९ को प्रतिनिधि सभा निर्वाचनमा सहभागी दलमध्ये सदनमा १२ पार्टीको उपस्थिति भयो । ३ नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, र नागरिक उन्मुक्ति पार्टीको सदन प्रवेसले भिन्नै अर्थ र महत्व राखे । निर्वाचित भएका पाँच स्वतन्त्र सांसदहरुमा अमेरशकुमार सिंह, प्रभु साह, लालवीर चौधरी, योगेन्द्र मण्डल र किरणकुमार साह छन् । चौधरी पछि नागरिक उन्मुक्ति पार्टीमा प्रवेश गरे ।

देशभर नगर प्रमुखका लागि कुल ३ हजार ४९९ जनाले उम्मेदवारी दिंदा १ हजार ३ सय ९३ जनाको स्वतन्त्र उम्मेदवारी थियो । गाउँपालिका अध्यक्षका २ हजार ३८७ मध्ये १ हजार ३२ जनाले स्वतन्त्र उम्मेदवारी थियो । उपमेयरमा २ हजार १५८ मध्य ३९६ स्वतन्त्र थिए । उपाध्यक्षका लागि २ हजार ४०२ जनामा ३६४ स्वतन्त्र थिए । वडाध्यक्षका ३५ हजार २६५ जनामा ५ हजार ८९७ स्वतन्त्र उम्मेदवारी दिए ।

## नयाँ दलका आधार

: अन्यत्रका नजिर पनि नियालौं । भारतमा २७ मे सन् १९९७ मा भारतीय जनता पार्टीका प्रधानमन्त्री अटल विहारी वाजपेयीको सरकार १३ दिनमै विश्वासको मत लिन नसक्दा ढलेपछी यचडी देवेगौडा प्रधानमन्त्री भए । ४६ सासंद मात्रै हुँदा १३ दलको समर्थनमा देवेगौडा प्रधानमन्त्री भएका हुन् । बेलायतमा एडवर्ड हीथले लिबरल पार्टीका नेता जेरम थोरपसँग सत्ता साफेदारीका विषयमा सहकार्य प्रयास गरे । हिथले सन् १९७४ फेब्रुअरी २८ मा चुनाव घोषणा गरेर बलियो सरकारको अपेक्षा थियो । तर हाउस अफ कमन्समा कुनै पनि दललाई बहुमत प्राप्त भएन, त्रिशङ्कु संसद् बन्यो । ब्रिटेनलाई युरोपियन इकोनमिक्समा लैजाने कन्जरभेटिभ हीथ सन् १९७०-१९७४ सम्म प्रधानमन्त्री थिए । कुनै सविधान नभएको इजरायलको स्थापनादेखी नै कुनै एक दलले सरकार बनाउन सकेको छैन । १ सय २० सदस्य भएको सदनमा अफ अहिले गठबन्धनमा रहेको पार्टीका आर्यन डोरीका कारण विश्व युद्धमा संसार फाकिनु पर्दैछ । अमेरिका र पश्चिमा रणनैतिक साक्षेधार पिलिस्तिनी नरसंहारको मतियार बन्दैछन् । हाङ् पार्लियामेन्ट हुनु नै स्वतन्त्र वा नयाँ दलहरुको भाग्य, भविष्य र अस्तित्वको आधार हो । नेपालमै पहिला देउवा सरकार गिराउन शाह र शाही प्रकरण, एमालेको समिट होटल प्रकरण होस् वा राप्रपाका सांसदहरुको बैंकक भ्रमण इतिहासका कुरुप नजिर बनेका थिए । अफ राष्ट्रिय दल नभएपछि त सांसदहरु दल परिवर्तन गर्न गराउन सहज हुँदोरहेछ । नेतृत्वमा स्वत्व व्यक्तित्वको टकराब बनेर शत्रुतामा फेरिएपछि पार्टी फुटेर नयाँ दल बन्छन् । चुनौति दिन सक्ने कार्यकर्तालाई नेतृत्व विकास हुन नदिएर स्थानीयमै सीमित पार्न खोजिन्छ । तब मतदातामा पुराना दलप्रति मोहभंग आफ्नै हैसियत देखाउन पनि स्वतन्त्र उम्मेदवार बन्न सक्छन् । आफ्नैलाई विश्वास न गर्नु, आफ्नो सिद्धान्त, आचरण, आर्दश भर नपर्नु र पराईको भर परेर सत्तायात्रा गर्ने चाहना गठबन्धनका आधार बन्छन् ।

क) पुराना दल प्रतिको जनतामा वितृष्णाको प्रतिकृया । नयाँबाट केही होलाकी भन्ने अपेक्षा हुन्छ ।

ख) दलभित्र योग्य, दक्ष र लोकप्रिय व्यक्तिको उचित मूल्यांकन नहुनु । राजनीतिक भविष्यको असुरक्षा ।

ग) सिद्धान्त अनुसारका आदर्श नभएपछि स्थापित शक्तिप्रतिका प्रतिकृया । जब पुराना वा सिद्धान्तवादी पार्टी नीति, विचार र कार्यक्रम हुँदैन, गुट सक्रिय हुन्छन् वा भ्रष्टपथ राजनीतिको मूल चरित्र बन्छ, तब नयाँसँग आशा र अपेक्षा बढछन् । त्यसलाई महत्वकाङ्क्षाले उपयोग र उपभोग गर्छन् ।

घ) जातीय र धार्मिक प्रतिनिधित्वको खोजी ।

ङ) तुजुगको प्रदर्शन र पहिचानको खोजी ।

च) प्रत्यक्ष निर्वाचित हुन नसकेपनि समानुपातिक मतले

सदनमा पुग्ने अपेक्षा ।

६) राजनीति व्यवसाय बनेपछि सदनमा एकाध सिट भएपनि ह्यँग पार्लियामेन्टमा सरकार बनाउन र गिराउने खेलको खेलाडी बन्न सक्ने चाहना । ज) एकाध लोकप्रिय काम र स्थापित मुक्तिप्रतिको उग्र प्रतिकृयाले सामाजिक सञ्जाल वा मिडियाको कुशल व्यवस्थापनले नयाँ आधार तयार गर्नु ।

## कुरा स्वतन्त्र उम्मेदवारका

गुट मौलाएपछि योग्य, दक्ष, सक्षम र लोकपृय उम्मेदवारको चयन नभै गुटियार र आफन्तले मौका पाँउछन् । त्यसको प्रतिकृया स्वतन्त्र उम्मेदवारका आधार बन्छन् । अझ कुनैदिन विचार, विवेक र सपना आन्दोलन र पार्टी बन्ने गर्थ्यो तर अहिले विवेकी, कार्यकर्ता बन्नै सक्दैनन् । प्रतिस्पर्धीसँग घृणालाई मलजल नगरी उत्तेजना पैदा हुँदैन । प्रतिकृया उत्पादन गर्ने घृणा शक्ति हो । उम्मेदवारीको चाहना, सके पार्टीबाट टिकट लिने, नसके अन्य पार्टीबाट लिने वा स्वतन्त्र लड्ने त्यो पनि नसके जित्न नभै हराउन उम्मेदवार बन्ने हुन्छ । -पार्टीहरूमा गुट, उपगुटको सक्रियता बढेपछि स्वाभिमानी र लोकप्रिय कार्यकर्ता पाखा लाग्छन् । पार्टीको उम्मेदवारी नपाएपछि विकल्प खोज्दा स्वतन्त्र उम्मेदवार बन्ने गर्छन् ।
- सामाजिक पहिचानको भोक र इख जागेपछि
- म पनि केही हुँ भन्ने देखाउन पनि उम्मेदवारी दिइन्छ ।
- जिते राजनीतिक व्यवसाय हुन्छ नत्र सामाजिक क्षेत्रको नयाँ पहिचान बनाइन्छ ।
- शक्तिशाली प्रतिस्पर्धीको भोट कटाउन पनि डमी उम्मेदवार खडा गरिन्छन् । निर्वाचन आयोगले व्यवस्थापनको सीमालाई कायम गर्न मुख्य प्रतिस्पर्धीले डमी उम्मेदवारको साधन र स्रोत उपयोग गर्न पनिस्वतन्त्रका नाममा खडा गरिन्छ ।

## मतदाता मनोविज्ञान

नायक खलनायकमा फेरिएपछि वा राजनीतिक व्यवसायीको मैमत्तभाव मतदातामा निराशा बढाउँछ। मूलधारका राजनीतिक पार्टीमा आएको आदर्शको विघटन, मौलाएको भ्रष्टतन्त्र, परिवर्तनको प्रतिनिधित्व गर्न नसक्दा जनमत निरास हुन्छ । निराशाको प्रतिकृयामा स्वतन्त्र उम्मेदवार वा नयाँ पार्टीमा देख्न पुग्छन् । समाजमा पुरनाबाट वाक्क भएर नयाँ चाहना हुन्छ । विकल्पको खोजी हुन्छ । सामाजिक मनोभावका कारण आमूल परिवर्तनलाई पहिलो पटक एकाएक आत्मसात गर्न सक्दैन । सुरूमा बाध्यतावश गर्छन्, दोस्रोमा अभ्यस्त बन्दै जान्छन्, अन्तमा जीवन पद्धति बनाउन पुग्छन् । केही मान्छेहरु भने नयाँ कुरा सोच्नुपर्छ भन्ने सोच पनि राख्दैनन् । परम्परा भनेको यथास्थितिको सहज, सरल जीवन अभ्यास हो । मानव सभ्यताको विकास, धर्म र संस्कृति त्यसले पार्ने हाम्रो समाजिक विकास र असरबारे गम्भीर छलफल गर्न रूचाउँदैनन् । पुराना शक्तिले भने मन, वचन र कर्मले नयाँ कुरा स्वीकार्न नसकेर नयाँ राजनीतिक परिचयमा देखिन्छन् । पुराना सोच नयाँ आवरणमा सक्रिय हुन्छन् । सांस्कृतिक राष्ट्रवादको वैचारिक बन्छ । निरपेक्ष स्वतन्त्र कोही हुँदैन । तर, विवेकले धारणा बनाएर पार्टीविहीन स्वतन्त्र नागरिक हुनु औधी कठिन हुन्छ । भीड बन्न सके पनि नागरिक बन्नु अझ औधी गाह्रो हुन्छ । व्यक्तित्वका पहिचान भोकले छटपटिएका किन यस समाजमा जन्मने भूमि पाँउछन ? त्यो परिवेश तयार कसरी हुन्छ ? अवस्था के हो ? ट्रिटमेन्ट के हो ? त्यसका उत्तेजनाका आधार के, के हुन ? के त्यसलाई गम्भीर तरिकाले विवेचन त्यसलाई गम्भीर विवेचन आवश्यक पर्छ । ऐतिहासिक र आन्दोलनले बनेका पार्टीहरूले सिद्धान्तको राजनीति सुविधाको राजनीतिलाई अभ्यास गर्न थालेपछि प्रतिकृयामा नयाँ पार्टी देखिन्छन् ।

-इमेलः narenjp@gmail.com

**रासायनिक विषादीको असर न्यूनीकरण सम्बन्धि**
**कृषि विकास कार्यालय सल्यानको जनचेतनामूलक सन्देश**
- अनावश्यक रूपमा विषादीको प्रयोग नगरौं ।
- विषादी प्रयोग गर्ने परेमा निलो र हरियो संकेत भएका विषादी मात्र प्रयोग गरौं ।
- प्राविधिकको सल्लाह बिना विषादीको जथाभावी प्रयोग नगरौं ।
- विषादीको प्रयोग पछि विषादीका खाली प्याकेट र डिब्बा खोलानाला वा जथाभावी नफालौं ।
- विषादी प्रयोग गरी सकेपछी खान तथा बिक्रीको लागी पर्खनु पर्ने समयको पालना गरौं ।
- कृषि उपजको प्रयोग गर्नु अघी सफा पानीले राम्रो सँग सफा गरेर वा नुन पानीको घोलमा केही समय डुबाएर मात्र प्रयोग गरौं ।
- रासायनिक विषादीको विकल्पको रूपमा जैविक तथा वनस्पति विषादीको प्रयोग गरौं ।

कर्णाली प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, सल्यान

# नेपाली समाज र पठन संस्कृति

**महत्वकांक्षा, सपना, र आकाङ्क्षाहरुको सिकार बनिरहेका छन् मान्छेहरु । जीवन र जगत के हो ? भन्ने बुझ्नका लागि पनि अध्ययन नै जरुरी छ । मानिस फुर्सदिलो हुनु र फुर्सद धकेल्ने एउटा गतिलो उपाय नहुनुले यस्ता विकृतिहरु बढ्दै गएका हुन् । फुर्सद र अध्ययनलाई जोडेर नयाँ सँस्कृति अध्ययन सँस्कृतिको विकास गर्न सकियो भने हामी धेरै सभ्य बन्न सक्नेछौ ।**



घनश्याम अस्तित्व

एकजना लेखकले भनेका थिए, **"Reading is to the mind what good food is to the body. "** निश्चय नै सन्तुलित खाना शरीरका लागि जति आवश्यक छ, मस्तिष्कका लागि अध्ययन । चिन्तन र विचार मन्थनमा अडिएको यो एक्काइसौ शताब्दिमा अध्ययन सँस्कृति अपरिहार्य भइसकेको छ ।

औपचारिक शिक्षाको दृष्टिकोणले नेपाल अब त्यति पछाडि छैन । आम पहुँचको रूपमा जुन गतिमा शिक्षामा लगानी र विकास भइरहेको छ, त्यो निश्चय नै सन्तोसजनक मान्न सकिन्छ । नेपालको शिक्षामा आमूल परिवर्तन ल्याउनको लागि मुख्य बाधक नेपाली सामाजिक संरचना थियो, जसका नकारात्मक बलिया पक्षहरू भत्किदै गइरहेका छन् । हाम्रो बाजे पुस्ताको नेपाली समाज, स्कूल किन जाने ? पढेर के पाइन्छ ? भन्ने जस्ता प्रश्नहरूमै अल्झिन्थ्यो भने आजको हाम्रो समाजले यी प्रश्नहरू मेटेर स्कूल किन नजाने ? पढेर नपाइने के छ ? के गुमाइन्छ पढेर ? भन्ने जस्ता प्रश्नहरूमा चिन्तन थालेको छ । यो नै एक युगान्तकारी परिवर्तन हो ।

अध्ययन किन आवश्यक छ ? अध्ययन सँस्कृतिको विकास गर्न किन जरूरी छ ? निश्चय नै यी यस्ता प्रश्नहरू सहजै उब्जन सक्छन् । यो स्वभाविक पनि छ । अध्ययन सँस्कृति भन्नाले यहाँ औपचारिक शिक्षाको घेरालाई ब्याख्या गर्न खोजिएको होइन । बरू अध्ययन सँस्कृतिको एक महत्वपूर्ण पक्षभित्र औपचारिक शिक्षा रहन आउछ । नेपाली समाजले औपचारिक शिक्षाको दृष्टिकोणबाट केही खुट्किलाहरू पार गरिसकेको यो समयमा नेपालमा अध्ययन सँस्कृतिको विकास गर्नु पनि जरूरी छ । अध्ययन सँस्कृति के ? किन आवश्यक छ ? म केही कुराहरू बुँदागत रूपमा उल्लेख गर्न चाहन्छु:

- अध्ययन सभ्यता तथा अध्ययन गर्ने वातावरणको निर्माण गर्दै दैनिक जीवन शैलिको अभिन्न अंगको रूपमा अध्ययनलाई ग्रहण गर्ने समाजको बिकास गर्नु अध्ययन सँस्कृतिको निर्माण गर्नु हो ।
- औपचारिक अध्ययनका साथसाथै अन्य बिज्ञान, समाज, कला, साहित्य, भूगोल, राजनीति, जीवन, दर्शनको सम्बन्धमा अध्ययन थाल्नु अध्ययन सँस्कृति अर्न्तगत पर्दछ ।
- मुख्य त यो स्व अध्ययन हो ।
- यसको क्षेत्र असिमित छ । किताब र किताबका अक्षरहरूसंग खेल्नु मात्रै अध्ययन होइन । किताब (लेखन-पठन)लाई आधार बनाएर मान्छे, जीवन, समाज, भूगोल, प्रकृतिको विषयमा चिन्तन गर्नु पनि अध्ययन हो ।

अध्ययनलाई लत अथवा रूचिको विषयको रूपमा विकास गर्नुपर्दछ । यसका केही महत्वपूर्ण परिवर्तनहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

- मानिसमा रहेको निराशपन हट्दै सकारात्मक चिन्तनको विकास हुन्छ ।
- कुनै पनि विषयप्रति आलोचनात्मक दृष्टिकोण र विश्लेषणात्मक हेराइको विकास हुन्छ ।
- खाली समयको सिर्जनात्मक सदुपयोग हुन्छ ।
- मानिसलाई हरबखत व्यस्त राख्दछ ।
- जुवातास, जाँडरक्सी जस्ता समाजका नकारात्मक पक्षहरू हट्दै जान्छन् ।

पछिल्लो समय नेपाली समाज विकृतिमय

बन्दै गइरहेको छ । जाँडरक्सी, जुवातास, गाँजाचुरोट जस्ता अम्मलीहरूको सिकार बनिरहेका छन् युवाहरू । औपचारिक शिक्षाले देखाएको बाटो हिंड्नु तर गन्तब्यमा पुग्न नसक्नु, उपलब्धि हाँसिल गर्न नसक्नुले सम्पूर्ण युवाहरूमा निराशपन देखिएको छ, कूबाटो हिंडिरहेका छन् । औपचारिक शिक्षाले अपेक्षा र आकांक्षाको भारी बोकाउनु तर राज्यले अवसरको सिर्जना नगर्नुले यो नियति भ्केलिरहनुपरेको छ । सानो उमेरमै डाक्टर, इन्जिनियर र पाइलट बन्नुपर्छ भन्दै आशिर्वाद दिने हाम्रो समाजको सबैभन्दा ठूलो कमजोरी हो । पाठ्यपुस्तकबाहेक अरू किताबहरू नानीबाबुको हातमा देखेपछि अब यी बरबादै हुने भए भन्ने धारणा हामीहरूले राख्नुले पनि हाम्रो समाज धेरै पछाडि परेको हो । पठन संकृति बिग्रीएको हो ।

अध्ययन र चिन्तन निकै जोडिएका विषय हुन् । यी दुई एकअर्का बिना अर्थहिन हुन सक्छन् । चिन्तनको आधार तय गर्ने अध्ययनबाट नै हो । संसारका सबै सफल र असल व्यक्तिहरू अध्ययन र चिन्तनकै कारण उचाइमा पुगेका हुन् । जति आविस्कार र सिद्धान्तहरू जन्मिएका छन्, ती सबै अध्ययन र चिन्तनका परिणाम हुन् । गास, बास र कपास मानिसका आधारभूत आवश्यकताहरूको पूर्ति पछि शिक्षा र स्वास्थ्य जोडिन्छन् । त्यसै अनुरुप अन्य मानवीय आवश्यकताहरू बढ्दै गइरहन सक्छन् । आजको समयमा चेतना र ज्ञान पनि आधारभूत आवश्यकता भइसकेका छन्, मानिस भएर बाँच्नका लागि । आजको यो विकास र आविस्कारको सदुपयोग गर्न नजान्ने मान्छे अपांग बनेर बाँच्नुपर्ने स्थिती छ ।

*"Great minds discuss ideas, average minds discuss events and small minds discuss people.* विश्वप्रसिद्ध कवि जोन मिल्टनको यो भनाई समाजको यथार्थ हो । उनले समाजको लामो अध्ययन र चिन्तनकै कारण यो बोल्न सकेका थिए । साँच्चै विचार र चिन्तनहरूको मन्थन गर्ने समाज निर्माणका लागि महान बिचारकहरूको आवश्यकता हो नेपाली समाजका लागि पनि । त्यो अध्ययनबाट मात्रै सम्भव छ । त्यो चिन्तनबाट मात्रै सम्भब छ । यही नै सभ्य समाज निर्माणको प्रमूख आधार पनि हो । हामी परिवर्तित हुन जरूरी छ ।

अध्ययन एउटा त्यस्तो मार्ग पनि हो कि मान्छे आफै आफ्नो नियन्त्रक बन्छ । अनुशासन के हो ? जीवन के हो ? जीवनमा के गर्नुपर्छ ? कस्तो मान्छे बन्नुपर्छ ? त्यो अध्ययबाट व्यक्ति आफै जानकार बन्ने अवसर प्राप्त गर्दछ । हाम्रो शिक्षा पद्धतिले कहिल्यै पढ्न सिकाएन । हाम्रो शिक्षा पद्धतिले पढायो मात्रै । त्यसैले पनि अध्ययनको वातावरण सिर्जना हुन नसकेको हो । पढ्ने वातावरणको सिर्जना गर्नु मात्रै आजको आवश्यकता हो । के हो पढ्ने भन्ने कुरा मात्रै जानेर हुँदैन । कसरी पढ्ने भन्ने कुरा मात्रै जानेर पनि हुँदैन । हामीले जान्नुपर्ने कुरा केलाई कसरी पढ्ने भन्ने कुरा हो । दुनियाँमा आजसम्म लेखिएका पुस्तकको दस प्रतिशत पनि हामीले जीवनभर पढ्न सक्दैनौ । केही यस्ता किताबहरू पनि लेखिएका छन्, ती बिष भन्दा पनि हानिकारक छन् । ती किताबहरू पढ्नुको औचित्य छैन । कुनै किताबहरू त्यस्ता छन्, जसले जीवन सिकाउँछन् ।

आजको युग, नेपाली समाज, भूमण्डलिकरणको यो समय अनुरूप पनि अध्ययन सँस्कृतिको विकास गर्नु जरूरी छ । आज कोठामै बसेर पनि दुनिया जान्न सकिन्छ । दुनियालाई पढ्न सकिन्छ । यो फाइदा नेपाली समाजले किन नलिने ? हरेक चिजका फाइदा र बेफाइदा दुबै हुन्छन् । हामी बेफाइदाहरू पन्छाएर फाइदा लिनबाट पछाडि किन हट्ने ? फुर्सदको समयलाई मात्रै पनि सदुपयोग गरेर अध्ययनमा लगाइदिने हो भने हाम्रो जीवनको धार धेरै बदलिन सक्छ । महत्वकांक्षा, सपना, र आकांक्षाहरूको सिकार बनिरहेका छन् मान्छेहरू । जीवन र जगत के हो ? भन्ने बुझ्नका लागि पनि अध्ययन नै जरूरी छ । मानिस फुर्सदिलो हुनु र फुर्सद धकेल्ने एउटा गतिलो उपाय नहुनुले यस्ता बिकृतिहरू बढ्दै गएका हुन् । फुर्सद र अध्ययनलाई जोडेर नयाँ सँस्कृति अध्ययन सँस्कृतिको बिकास गर्न सकियो भने हामी धेरै सभ्य बन्न सक्नेछौ । त्यो युगान्तकारी उपलब्धि हुनेछ हाम्रो लागि । अध्ययनबाटै हामीमा धेरै परिबर्तन आउन सक्छ । जीवन, जगत, समय र समाजप्रति राम्रो अबधारणाको बिकास हुनेछ । अध्ययन सँस्कृतिको बिकास गर्न सकेमा निश्चय नै नेपाली समाजमा आमुल परिवर्तन आउनेछ ।

# धर्म डिप्रेसन हो

निभा शाह



भनिन्छ नि
ईश्वर  रक्षक हुन् भनेर
हो तिनै ईश्वरको बारेमा
एकदिन सानो नानीले सोधिन्
गुरुआमा  ईश्वरको घर कहाँ छ भनेर ?
मैले सानो नानुलाई भने
ईश्वरको घर तिम्रो हृदय हो भनेर
हो त्यही सानो नानी एकदिन बलात्कृत भइन्
हो  त्यही दिनदेखि हो
मैले ईश्वर नहुनुको प्रमाणपत्र बोकेको।

लालपुर्जाले बोक्ने धर्म अवसाद हो । अर्थात धर्म डिप्रेसन हो । जब मान्छेलाई डिप्रेसन हुन्छ नि ! विवेक हराउँछ । मान्छेलाई थाहा नै हुँदैन । के गलत हो? के सही हो?  के नैतिकता हो ? के अनैतिकता हो। म के गरिरहेको छु भन्ने नै थाहा हुँदैन।त्यसैले लालपुर्जावादीले बोकेको धर्म पनि डिप्रेसन हो । वर्गसत्ता पनि डिप्रेसन हो।रङ्सत्ता पनि डिप्रेसन हो । जात व्यवस्था पनि डिप्रेसन हो । लालपुर्जाले उत्पादन गरेका धर्मसत्ता रङसत्ता, जातसत्ता, वर्गसत्ता डिप्रेसन नभई के हुन त ? धर्मसत्ताको आडमा मान्छेले मान्छेलाई तँ अछुत म छुत भनेको छ । छुइछिट्टो गरेको छ । किराले छुएको घर मन्दिर अछुत नहुने । भ्यागुतोले छुएको कुवाको पानी अछुत नहुने । भ्यागुतोले छुएको नदीको पानी अछुत नहुने जल हुने। अनि मान्छेले मान्छेलाई तँ अछुत भन्दै घर मन्दिर र पानी छुए अछुत हुने ? अनि लालपुर्जाले बोकेको धर्म डिप्रेसन नभई के हो त ? रङसत्तावादीले पनि ईश्वरको नाममा, धर्मको आडमा ईश्वरले हामीलाई गोरा बनाए तिमीलाई काला बनाए भन्दै कालाजातीलाई नेल लगाइ हाट लगी बेचे । अनि लालपुर्जावादीले बोकेको रंगसत्तावादीको घर्म र ईश्वर डिप्रेसन नभई के हो त? धर्म, ईश्वर र सत्ता को आडमा मान्छेले मान्छेलाई धनी र गरीब बनाउने । थोरै  सत्ताधारी वर्गले जल जङ्गल, जमीन, खनिज  र दौलत कब्जा गरेर धेरै मान्छेमाथि उत्पीडन लाद्ने । होइन हो यो धर्ती कसको मुखबाट फ्वात्त झरेको रहेछ? अब प्रचण्ड कम्पनी अर्थात छविलाला कम्पनीका नातीनातीनाले पनि केही वर्षपछि भन्ने छन्- यो मेरो पुर्खेउली सम्पत्ति हो भनेर । पुर्खेउलीको सत्ताधारी भाष्य के रहेछ  बुझियो नि ! धर्मको आडमा सतीप्रथा इन्क्वियुजिसन प्रथा  मालिक प्रथा के रहेछ ? सत्ताको छलछाम र षड्यन्त्र त बुझिन्छ नि ! लालपुर्जावादी सत्ताको छ्लछाम र षड्यन्त्र नबुझदासम्म मान्छे मान्छे जस्तै भएर बाँच्न नसक्ने नै हुन्छ । मान्छेले मान्छेलाई कमारो नै बनाउछ

वन डढेलो लाग्ने कार्य नगर्न र नगराउनुहुन
डिभिजन वन कार्यालयको सुचना
सुख्खा समय शुरुवात भएको र दिन प्रतिदिन वन डढेलोका घटनाहरु बढ्दै गइरहेका छन । वन डढेलोबाट वन सम्पदा, वन्यजन्तु र वनस्पतिहरुमा क्षती पुग्ने भएकोले यसबाट प्राकृतिकरुपमा ठुलो क्षति पुग्दछ । त्यसकारण वन डढेलोका घटनाहरु घट्न नदिना र क्षति हुन नदिन को लागि निम्न बमोजिमका उपायहरु अपनाउन अनुरोध गर्दछौं ।
१.जथाभावि रुपमा सलाईका काँटि, चुरोटका ठुटा तथा बलि रहेको काठका टुक्राहरु नछोडौं।
२.वन जंगल तथा बाटो वरपर जथाभावी आगो सल्काउने कार्य नगरौं र गर्न नदिउँ ।
३.सामुदायिक वन उपभोक्ता समुहहरुले सुकेका पात पतिङ्गरहरु बेलैमा हटाउँ र अग्नीरेखा निर्माण गरौं ।
५. वन डढलो वन ऐन २०७६ बमोजिम दण्डित अपराध भएको ले वन डढेलो लगाउने व्यक्तिलाई क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैंया जरिवाना वा दुवै सजाय हुनेछ ।
पुनस्च: वन डढलो लगाउने व्यक्तिको सुराकि दिने व्यक्तिको नाम गोप्य राखी उचित पुरस्कार प्रदान गरिनेछ ।

शेर बहादुर परियार
कार्यालय प्रमुख
डिभिजन वन कार्यालय
रुकुम (पश्चिम) फोन: ०८८९५३०३४९

# लेनिनवाद: वर्तमान युगको महान शिक्षा

**लेनिनको व्यक्तित्वबाट सिक्न सकिने निकै महत्वपूर्ण कुरा भनेको क्रान्तिप्रतिको एकनिष्ठता हो । उनमा सानैदेखि ती गुणहरु हुर्किंदै गएका थिए, जुन क्रान्तिका लागि उपयोगी थिए । जसको लक्ष्य र ती लक्ष्यहरु प्राप्तीका हतियारप्रति विश्वास छैन, उसले निर्णायक युद्ध लड्न सक्दैन**



प्रमोद धिताल

यतिखेर विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा छ । यसको अर्थ पूँजीवाद अजर–अमर छ भन्ने होइन, राजनीतिक हिसाबले त्यो बलियो भए पनि ऐतिहासिक हिसाबले मरणासन्न छ । दुनियाँमा कुनै पनि चिज अजर अमर हुँदैन । जसरी दाश युग सधैं टिकेन, सामन्ती युग पनि अमर रहेन, सकेन, त्यसैगरि पूँजीवादी युगको अन्त्य अवश्यंभावी छ । आज दुनियाँको कुनै पनि भू–भागमा वैज्ञानिक समाजवादी व्यवस्था छैन । पूँजीवादको चौथर्फी ढलीमली छ । आज यसले के गरिरहेको छ भन्ने कुरा बुझिसकेपछि प्रष्ट हुन्छ कि दुनियाँका लागि पूँजीवाद समाधान नभएर समस्या मात्र हो । मानवताको निम्ति वरदान नभएर अभिषाप हो । मानवता र प्रकृतिमाथि यसले मच्चाइरहेको तबाहीले के भन्छ भने जति छिटो पूँजीवाद सकिन्छ त्यो त्यति नै मानव जातीको हितमा छ । यो जति लम्बिन्छ, पृथ्वी र मानव जाती त्यत्तिकै खतरामा छ । पूँजीवाद वर्वादीको केन्द्र हो भने वैज्ञानिक समाजवाद आवादीको सुरुवात हो । त्यही वैज्ञानिक समाजवादी क्रान्ति र व्यवस्थाका प्रथम प्रयोगकर्ता थिए लेनिन । उनको जन्म २२ अप्रिल १९७७मा रूसको सिम्बीर्स्क नगर(पछि उल्यानेभ्स्क)मा भएको थियो । सन् २०२४ जनवरी २१ मा लेनिनको मृत्यु भएको सय वर्ष पूरा भएको छ । यसै अवसरमा कम्युनिष्टहरूले लेनिन र उनका योगदानहरू, रूसको अक्टुबर क्रान्ति तथा लेनिनवादका शिक्षाहरूलाई स्मरण गरिरहेका छन् । नेपालमा पनि लेनिन स्मृति शतवार्षिकीको आयोजनामा विभिन्न कार्यक्रमहरू तय गरिएका छन् र उनका योगदान तथा विचारहरूमाथि विमर्शहरू चलिरहेका छन् । मार्क्सवादको खोल ओढेको संशोधनवादको बिगबिगी भइरहेको वर्तमान सन्दर्भमा लेनिनका विचारहरू, अक्टोबर क्रान्ति र लेनिनवादको औचित्यबारे बहस चलाउनुपर्ने आवश्यकता अझै बढेर गएको छ । पूँजीवादी र संशोधनवादीहरूले ढोल पिटेजस्तो लेनिनवादको औचित्य र आवश्यकताको अन्त्य भएको होइन, बरू झनै बढेर गएको छ । यस आलेखमा यही विषयमा संक्षिप्तमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**लेनिन को थिए ?**

लेनिन मजदूर वर्गका इमान्दार शिक्षक, मजदूर वर्गको कम्युनिष्ट पार्टीका निर्माता र पहिलो समाजवादी क्रान्तिका अगूवा थिए । लेनिनका पिता इल्या निकोलायभिच उल्यानोभले शिक्षाप्रतिको लगाव र आफ्नो असाधारण प्रतिभावको बलमा सार्वजनिक विद्यालयहरूको निर्देशकसम्म हुन पुगेका थिए । जनसाधारणको शैक्षिक उन्नयनका लागि उनले महत्वपुर्ण योगदान दिए । लेनिन र उनका अन्य पाँचजना सन्तानको हुर्काइमा उनकी आमा मरिया अलेक्सान्द्रोभ्नको निकै ठूलो योगदान थियो । जसको फलस्वरूप उनका सबै सन्तानहरू राजनीतिक आन्दोलनमा समर्पित भएर लागे । लेनिनको व्यक्तित्वबाट सिक्न सकिने निकै महत्वपूर्ण कुरा भनेको क्रान्तिप्रतिको एकनिष्ठता हो । उनमा सानैदेखि ती गुणहरु हुर्किंदै गएका थिए, जुन क्रान्तिका लागि उपयोगी थिए । जसको लक्ष्य र ती लक्ष्यहरु प्राप्तीका हतियारप्रति विश्वास छैन, उसले निर्णायक युद्ध लड्न सक्दैन भन्ने कुरा लेनिनले हामीलाई सिकाएर गएका छन् । उनमा ज्वारभाटाहरूका

विरूद्ध तैरिन सक्ने असाधारण अठोट र क्षमता थिए । लेनिनका दाजु अलेक्सान्द्रलाई सन् १८८७को मार्च महिनामा जार अलेक्सान्द्र तृतीयको हत्याको अभियोगमा गिरफ्तार गरियो र मे महिनामा मृत्यु दण्ड दिइयो । यस घटनाले सत्र वर्षीय लेनिनको दिमागमा निकै ठूलो धक्का दियो । यो उनको जीवनकै एउटा महत्वपूर्ण मोडविन्दू सावित भयो । उनले मनमनै जार शासनविरूद्ध यसको मूल्य चुकाउने अठोट गरे र क्रान्तिकारी कर्मलाई आफ्नो जीवनको मुख्य ध्येय बनाए । किशोर अवस्थादेखि नै लेनिनमाथि आफ्ना दाजु अलेक्सान्द्र उल्यानोभको निकै प्रभाव थियो । उनका दाजु एकजना राजनीतिक कार्यकर्ता थिए, तर जुन संगठनमा उनी आवद्ध थिए, त्यसको राजनीतिक लाइन सही थिएन । उनी आवद्ध संगठनलाई नरोदवादी भनिन्थ्यो । नरोदवादीहरूमा बलिदानी भावना त थियो, तर उनीहरू व्यक्ति हत्याको राजनीतिमा विश्वास गर्थे । त्यसप्रति लेनिनलाई विश्वास थिएन । व्यक्तिहत्याको राजनीतिले क्रान्ति संभव छैन भन्ने कुरामा लेनिन सुरूदेखि नै प्रष्ट थिए । तसर्थ उनी आफ्नो दाजु हिडेको बाटोमा लागेनन् बरू त्यो राजनीतिक लाइनको विरूद्धमा कडा वैचारिक संघर्ष चलाउदै अगाडि बढे ।


**लेनिन र लेनिनवाद**

लेनिनको नेतृत्वमा भएको समाजवादी क्रान्तिले दुनियाँमा पूँजीवाद अजर–अमर छैन र यसको अन्त्य पनि संभव छ भन्ने कुरा मात्र पुष्टी गरेन, मानव जातीका लागि समाजवाद नै एकमात्र विकल्प हो भन्ने कुरा पनि व्यवहारमा प्रमाणित गरिदियो । लेनिनवाद केबल रूसको मात्र परिघटना थिएन । यसले आज पनि सार्वभौम महत्व बोकेको छ । किन कि यो विज्ञान हो । त्यही भएर नेता स्टालीनले लेनिनवादलाई “आजको युगको मार्क्सवाद’ भनेका छन् । यसको योगदान मार्क्सवादका तिनवटै संघटक अंगहरू दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा रहेको छ । सुरूदेखि नै मार्क्सवादको सृजनात्मक विकासका लागि यसले तमाम प्रकारका अवसरवादी, अर्थवादी, निम्नपूँजीवादी भड्काव तथा विचलनहरूका विरूद्ध संघर्ष गर्नुपरेको थियो ।

लेनिनवाद केबल रूसको मात्र परिघटना थिएन । यसले आज पनि सार्वभौम महत्व बोकेको छ । किन कि यो विज्ञान हो । त्यही भएर नेता स्टालीनले लेनिनवादलाई “आजको युगको मार्क्सवाद’ भनेका छन् । यसको योगदान मार्क्सवादका तिनवटै संघटक अंगहरू दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा रहेको छ ।

रूसको कम्युनिष्ट आन्दोलनभित्र दुईथरि अतिवादी प्रवृत्ति थिए । एउटा प्रवृत्तिले मजदूरहरूको बिचमा राजनीतिक विचारको प्रचार गर्ने, उनीहरूलाई मार्क्सवादी विचारद्वारा लैश बनाउने, राजनीतिक संघर्ष चलाउने र त्यसका लागि सर्वहारा वर्गको पार्टी बनाउने कुराको विरोध गर्थे । उनीहरूले हर गतिविधिलाई कानूनी दायराभित्र मात्र सीमित गर्नुपर्ने तर्क गर्थे । मजदूरहरूले केबल आफ्ना दैनिक आर्थिक हक हितका विषयहरूलाई लिएर मालिकहरूको विरूद्ध संघर्ष चलाउनुपर्छ भन्थे । त्यसैगरी राजनीतिक संघर्ष गर्ने काम उदार पूँजीपतिहरूको हो भन्ने उनीहरूको निष्कर्ष थियो । अवैधानिक संगठन र संघर्षको उनीहरू सदैब विरूद्धमा रहे । त्यसैकारण उनीहरूलाई “विसर्जनवादी” भन्न थालियो । जस्तो कि आज त्यस ठाउँमा नेपालका एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका पार्टीहरू छन् । यस खाले अर्थवादी, स्वतस्फूर्तवादी र सुधारवादी प्रवृत्तिहरूविरूद्ध लेनिनले संघर्ष चलाउनुभयो । त्यसकै दौरानामा उनको प्रसिद्ध कृति ‘के गर्ने ?’ प्रकाशित भयो । यो कृति केबल सैद्धान्तिक हिसाबले मात्र नभएर राजनीतिक तथा संगठनात्मक हिसाबले पनि उत्तिकै सान्दर्भिक छ । रूसमा विद्यमान विभिन्न गैह्रमार्क्सवादी चिन्तन, प्रवृत्तिहरूलाई परास्त गर्न र नयाँ ढंगको कम्युनिष्ट पार्टी निर्माणका लागि यो कृति कोशेढुंगा साबित भयो । अर्को प्रवृत्ति थियो, जसले सबैखाले वैधानिक गतिविधिहरूलाई इन्कार गर्थ्यो । चुनावी उपयोग तथा प्रतिक्रियावादी सरकारमा सहभागीताको नीतिलाई पनि अस्वीकार गर्थ्यो । केबल अवैधानिक गतिविधिमा मात्र सीमित रहनुपर्छ भन्ने यसको मान्यता रहेको थियो । यस प्रवृति विरूद्ध पनि लेनिनले डटेर संघर्ष चलाउनुभयो । यो लाइनलाई “वहिष्कारवाद” भनिन थालियो । लेनिनले यसलाई उल्टो विसर्जनवाद भन्नुभएको छ ।

लेनिनको राजनीतिक जीवनबाट आज पनि हामीले लिन सकिने महान शिक्षा के हो भने गलत विचारहरूको विरूद्धमा कार्ल मार्क्सले जस्तै उहाँले कहिल्यै सम्झौता गर्नुभएन । विर्सजनवाद, सुधारवाद, वहिष्कारवाद देखि लिएर अवसरवाद र छद्म मार्क्सवाद सधैंभरी उहाँका प्रहारका केन्द्रमा रहे । यदि दोस्रो अन्तराष्ट्रियको एकता भाँडिन्छ भन्ने डरले अन्धराष्ट्रवादको वकालत गर्ने काउत्स्कीहरूसँग सम्झौतापरस्त नीति अपनाएको भए रूसको क्रान्ति नै संभव थिएन । दोस्रो अन्तराष्ट्रिय विघटन हुनुको कारण लेनिन नभएर सर्वहारा अन्तराष्ट्रियतावादका विरूद्ध जहाँ थियो आज पनि त्यहीँ छ भन्ने होइन । तर आधारभूत रूपमा साम्राज्यवादको चरित्र भने लेनिनले ब्याख्या गरेकै अनुरूप छ । पूँजीवादको शोषणकारी चरित्रको अन्त्य भएको नभएर यसको थप विस्तार मात्र भएको हो । नेपालकै पनि एकथरी कार्यकर्ता तथा बौद्धिकहरूले अब "लेनिनको युग सकिएको" भनेजस्तो कदापि होइन । लेनिनवादको अर्को महत्वपूर्ण योगदान भनेको संगठनात्मक क्षेत्रमा हो । लेनिनवादी संगठनात्मक सिद्धान्तलाई आफूखुशी ब्याख्या र प्रयोग गर्ने प्रवृत्ति अन्य देशहरूमा जस्तै नेपालमा पनि छ । जनवाद र केन्द्रीयतालाई खण्डित गरेर बुझ्ने, ब्याख्या गर्ने र लागु गर्ने कुराले यहाँका कम्युनिस्ट नामाधारी


Vladimir Lenin was founder of the Russian Communist Party, leader of the Bolshevik Revolution and architect and first head of the Soviet state. Along with Karl Marx, Lenin created the communist worldview.

गद्दारी गर्ने काउत्स्कीहरू थिए । उनीहरूले विश्व युद्धको समयमा आफ्नो देशका सरकारहरूलाई साथ दिए । अर्को उहाँको महत्वपूर्ण योगदान भनेको साम्राज्यवादको ब्याख्या हो । साम्राज्यवादलाई पूँजीवादको मरणासन्न अवस्थाको रूपमा चित्रण गर्दै उहाँले तत्काल जतिसुकै बलबान देखिएपनि यसको अन्त्य अवश्यम्भावी छ भन्दै यसका अन्तर्विरोधहरूको ब्याख्या गर्नुभयो । जुन मुलुकमा साम्राज्यवादको कडी कमजोर हुन्छ, त्यो देशमा अलग्गै पनि समाजवादको स्थापना हुनसक्छ भन्ने निश्कर्ष निकाल्नुभयो । यसलाई उहँले रूसको धर्तीमा प्रमाणित गरेर देखाउनुभयो । निश्चय पनि लेनिनले ब्याख्या गरेको समयभन्दा आज साम्राज्यवादमा कैयन परिवर्तनहरू आएका छन् । यो हिजो पार्टीहरू आफू मात्र विकृत भएका छैनन्, बरू सिद्धान्तलाई पनि विकृत बनाएका छन् । आज यिनीहरूका लागि पार्टी सदस्यता भनेको चोकमा बसेर बेचिने चना चटपटे भएको छ । पार्टी सञ्चालन गर्नु भनेको सनकको खेल भएको छ । चुनावदेखि चुनावसम्मको अन्तहीन यात्रामा क्रान्तिलाई यिनीहरूले भ्रान्तिमा परिणत गरिदिएका छन् । यिनीहरूको भ्रष्ट अभ्यासलाई आधार बनाएर कैयन इमान्दार क्रान्तिकारी कार्यकर्ताहरू समेत लेनिनवादी संगठनात्मक सिद्धान्त काम नलाग्ने भएको निश्कर्ष निकाल्ने गर्छन् । यो कुरा गलत छ । गलत प्रशिक्षण तथा अभ्यासको प्रभावस्वरूप क्रान्ति र समाजवादकै नाउँमा क्रियाशील नयाँ पुस्ताले गैह्रमार्क्सवादी निम्नपूँजीवादी

मानसिकता सहित समयको बर्बादी गरिरहेको अवस्था छ । त्यसैगरी लेनिनलवाद कुनै पनि कम्युनिष्ट पार्टी श्रमजीवी वर्गको अग्रदस्ता बन्नका लागि र क्रान्तिका कार्यभार पूरा गर्नका लागि तिनवटा महत्वपूर्ण सर्तहरूलाई लागू गर्न सफल भएको थियो । पार्टी मार्क्सवादी विचारले निर्देशित हुनु, सर्वहारा अनुशासनमा आधारित एकताबद्ध पार्टी संगठन र जनतासँगको गहिरो तथा व्यापक सम्बन्ध । क्रान्तिका लागि श्रमजीवी वर्गको क्रान्तिकारी पार्टी, त्यसका लागि आवश्यक क्रान्तिलाई ध्यय बनाएका कार्यकर्ताहरूको जमात । जसलाई लेनिनले पेशेवर क्रान्तिकारी भन्नुभयो । प्रतिक्रियावादीहरूलाई परास्त गर्ने योभन्दा अर्को बाटो छैन भन्ने कुरा उहाँले पुष्टी गर्नुभयो । जतिसुकै सही सिद्धान्त भएपनि श्रमजीवी वर्गलाई जबसम्म संगठित शक्तिमा बदलिदैन तबसम्म क्रान्ति कल्पनाको विषय मात्र बन्छ । क्रान्तिकारी पार्टी निर्माणका लागि लेनिनले एउटा मजदूर पत्रिका प्रकाशनको प्रस्ताव अगाडि सार्नुभयो । जुन पछि गएर ईस्क्राको नाउँमा परिचित भयो र त्यसले मजदूरहरूको बिचमा विचार, संगठन र आन्दोलन तिनै क्षेत्रमा महत्वपूर्ण अगुवाको भूमिका खेल्न सफल भयो । यी कुराहरू कम्युनिस्ट आन्दोलनलाई अगागि बढाउनका लागि आज पनि उत्तिकै मूल्यबान छन् । क्रान्तिकारी पार्टी निर्माण र समाजवाद स्थापनाका लागि सिद्धान्तको महत्वलाई उहाँले निकै जोड दिनुभएको छ । "क्रान्तिकारी सिद्धान्तबिना क्रान्ति असंभव छ" भन्ने लेनिनले मार्क्सवादी विचार, एकताबद्ध अनुशासित संगठन र जनतासँगको सम्बन्धलाई नङ र मासु जस्तै एकअर्कासँग जोडिएका अभिन्न अवयवहरूको रूपमा महत्व दिनुभएको छ । आज हामीले यी कुराहरूको महत्वलाई विर्सनु भनेको लेनिनवादका शिक्षाहरूलाई आत्मसात नगर्नु नै हुन्छ ।

### लेनिनवादी कार्यशैली

लेनिनवादबाट हामीले सिक्नुपर्ने महत्वपूर्ण शिक्षा भनेको लेनिनवादी कार्यशैली हो । लेनिनवादी कार्यशैलीका दुई विशेषताहरू छन्: रूसी क्रान्तिकारी उत्साह र अमेरिकी कार्यकुशलता । लेनिनवादी कार्यशैलीका बारेमा स्टालिनको भनाई छ–"अकर्मण्यता, जडता, अनुदारता, तथा मानसिक गतिशून्यताका विरूद्ध र पुरातन परम्पराहरूको दासताको विरूद्ध रूसी क्रान्तिकारी उत्साह रामवाण समान हो । त्यो एउटा जीवनदायी शक्ति हो, जसले विचारलाई उत्तेजित गर्छ, कार्यलाई गति दिन्छ र पुराना बन्धनहरूलाई तोडेर अगाडिका बाटाहरू खोल्दछ । त्योबिना कुनै प्रगति संभव छैन ।" यसलाई अमेरिकन कार्यकुशलतासँग जोड्नुपर्ने कुरासँग जोड दिइएको छ । उहाँ थप भन्नुहुन्छ, "यो कार्यकुशलता त्यो अजेय शक्ति हो जसले न बाधाहरूलाई चिन्दछ, न तिनीहरूलाई स्वीकार गर्छ । आफ्नो उद्यम र अध्यावशायको बलबाट कार्यकुशल व्यक्ति सबै बाधाहरूलाई हटाउछ र जबसम्म कार्य सम्पन्न हुँदैन तबसम्म त्यसलाई गरिराख्छ चाहे त्यो काम जतिसुकै सानो किन नहोस् । यस प्रकारको कार्यकुशलता बिना कुनै पनि रचनात्मक कार्य पूरा गर्न सकिन्न । तर त्यसको संयोजन रूसी क्रान्तिकारी उत्साहसँग भएन भने अमेरिकी कार्यकुशलता विकृत भएर संकुचित र सिद्धान्तहीन व्यावसायिकतामा बदलिने पूरै संभावना हुन्छ । संकुचित व्यवहारिकता र सिद्धान्तहीन व्यावसायिकताको कारण कहिलेकाँही केहि "बोल्शेभिक"हरूले क्रान्तिकारी कार्यलाई त्यागिदिए ।" लेनिनले कम्युनिष्ट युवाहरूका निम्ति सिकाई र कम्युनिष्ट नैतिकताको निकै महत्व रहने कुरा गर्नुभयो । कम्युनिष्ट नैतिकतालाई उहाँले वर्गसंघर्षको हितको अधिनस्थ हुनुपर्ने कुरामा जोड दिनुभयो । "युवक संघका कार्यहरू" शीर्षकमा प्रकाशित अखिल रसियाली युवक संघको तेस्रो अधिवेशनमा दिइएको यो भाषणले आज पनि कम्युनिष्ट युवा कार्यकर्ताहरूमा उत्साह भर्ने काम गर्दछ । उहाँले भन्नुभयो, "मानव जातीले आर्जन गरेका ज्ञान सम्पदाले दिमागलाई समृद्ध तुल्याएर मात्र कम्युनिष्ट बन्न सकिन्छ ।"

### वर्तमानमा लेनिन र लेनिनवाद

एउटा प्रश्न उठाउने गरिन्छ, "के अब पनि लेनिन र लेनिनवादको सान्दर्भिकता छ, जुन हिजो रूसमा थियो ? जब कि संसारमा धेरै परिवर्तन भइसकेको छ ।" हामी ठोकुवा गरेर भन्नसक्छौं लेनिन र लेनिनवादको सान्दर्भिकता घटेको होइन बरू बढेको छ । लेनिनवादको औचित्यबारे अक्सर प्रश्नहरू तिनीहरूले उठाउने गर्छन् जसले मार्क्सवादको अध्ययन गम्भीरतापूर्वक नगरिकन मनगढन्ते सिद्धान्तको आविष्कार गर्छन् या संशोधनवादी लाइनको गहिरो प्रभावमा छन् । नेपालमा यतिखेर मार्क्सवाद, लेनिनवाद या माओवाद

पुरानो भएको र नयाँ समयको "नेपाली माटो सुहाउदो मार्क्सवाद"को खोजी गर्नुपर्ने मनोगत तर्कहरू बेसी सुनिन्छन् । "मार्क्सवाद कुनै जडसूत्र होइन, यो काम कारवाहीहरूमा मार्गदर्शक सिद्धान्त हो" भन्ने सही तर्कको आडमा उनीहरू मार्क्सवादमाथि नै प्रहार गर्छन् । जब मार्क्सवादी शूद्धताको रक्षाको कुरा आउँछ, त्यसलाई उनीहरू जडसूत्रवाद भन्ने फतुर लगाउँछन् । जडसूत्रवादले क्रान्तिको सेवा गर्दैन, तसर्थ हरेक मार्क्सवादी-लेनिनवादी यसको विरूद्धमा संघर्ष चलाउनुपर्ने हुन्छ । तर यसका विरूद्ध पनि उनीहरूले मात्र संघर्ष चलाउन सक्छन्, जो मार्क्सवादी-लेनिनवादी हुन् । यस सन्दर्भमा के गर्ने ? भन्ने पुस्तकमा "जडसूत्रवाद र आलोचनाको स्वतन्त्रता" शीर्षमा लेनिनले सटिक ढंगले खण्डन गर्नुभएको छ । लेनिन क्रान्तिमा सर्वहारा वर्गको अग्रदस्ताको भूमिकाको थप चर्चा गर्दै भन्नुहुन्छ, "अग्रदस्ताको भूमीका केबल त्यही पार्टीले मात्र निभाउन सक्छ जो सबैभन्दा उन्नत सिद्धान्तले निर्देशित छ ।" रसियन समाजको विशिष्टतामा लागू भएका कैयन कुराहरू आजको समय त्यसमा पनि नेपाली समाजका लागि सान्दर्भिक हुँदैनन् । तर यसको अर्थ यो होइन लेनिनले विकास गरेका यस्ता सार्वभौम महत्वका कुराहरू छन्, जसले आज कुनै अर्थ नराखून् । यो कुरालाई इन्कार गर्नेहरू नै बरू अवैज्ञानिक र पछौटे साबित हुनपुग्छन् ।

विज्ञानसँग केबल इमान्दारिता चल्छ, छलकपटक र मनगढन्ते शैली होइन । बिज्ञानसँग खेलवाड गर्नेहरूले इतिहासप्रति न्याय गर्न सक्दैनन् बरू दयनीय प्रहसनका पात्र साबित हुन्छन् । जसरी त्यस्तो प्रहसनका पात्रहरू दोस्रो इन्टरनेशनलका काउत्स्की, बर्नस्टिन र ख्रुस्चेवहरू भएका थिए । भन्ने गरिन्छ, मार्क्सवाद काउत्स्कीलाई कण्ठस्थ थियो । तिनै काउत्स्कीको विरूद्धमा लेनिनले "सर्वहारा क्रान्ति र गद्दार काउत्स्की" लेख्नुपऱ्यो । आज नेपालको कम्युनिष्ट आन्दोलनमा पनि यस्तै काउत्स्कीपन्थीहरूको बोलवाला छ । पुराना दिमागहरू ती हुन् जसले लेनिनवादलाई मार्क्सवादको निरन्तरतामा बुझ्न सकेनन् । जड ती हुन् जसले सबैभन्दा नयाँ र उन्नत चेतनालाई आत्मसात गर्न छोडेर नयाँको खोजी गर्ने भन्दै बुद्धकालीन ज्ञान, चेतना र समयभन्दा पनि पछाडि फर्किन चाहन्छन् ।

## लेनिन सम्झनुको अर्थ

आजको समयमा लेनिन पढ्नु र लेनिनवादलाई आत्मसात गर्नुको अर्थ सच्चा मार्क्सवादी हुनु हो । तर त्यसलाई रटेर पण्डित्याइँ छाट्नु भने किमार्थ होइन । बरू समाज परिवर्तनको अभियानसँगै आफूलाई पनि बदल्नु हो । मार्क्सवादी सिद्धान्तलाई दह्रोसँग पकड्नु हो । तमामाखाले रंगी विरंगी, पूँजीवादका पक्षपोषक सुधारवादी, संशोधनवादी, उत्तरआधुनिकतावादी एवं प्रतिक्रियावादी विवचारहरूसँग भिड्न तयार हुनु हो । लेनिनवादी हुनुको अर्थ श्रमीक वर्गको संगठनको महत्वलाई आत्मसात गर्दै त्यस्तो नयाँ ढंगको अग्रदस्ता निर्माणको दिशामा लाग्नु हो । अझै दृढतापूर्वक गरिखाने वर्गसँग एकाकार हुँदै वर्गदृष्टिकोणलाई तिखार्नु हो र सँगसँगै सांस्कृतिक रूपान्तरणको झण्डा उँचो बनाउँदै आफैभित्रका निम्नपुँजीवादी, सडेगलेका विचारहरूमा क्रान्तिको आगो सल्काउनु हो । लेनिनवादले देखाएको बाटोमा थप दृढतापूर्वक आफूलाई गतिशील बनाउनु हो । यसले मात्र लेनिनलाई सम्झनुको सार्थकता पुष्टि गर्नेछ । लेनिनको मृत्युको १३ वर्षपछाडि आफ्ना महान अगुवा लेनिनको स्मरण गर्दै ११ डिसेम्बर १९३७ मा एउटा संसदीय चुनावको सभामा स्टालिनले भन्नुभएको थियो, "मानिसहरूले आफ्ना प्रतिनिधिहरूसँग माग गर्नुपर्छ कि उनीहरू लेनिनजस्तै आफ्नो स्थानमा अडिग बनेर रहुन, कि उनीहरू आफ्ना कामहरूमा उत्तिकै स्पष्ट र दृढ होउन् जस्तो लेनिन थिए, कि उनीहरू युद्धमा त्यत्तिकै निर्भय तथा शत्रुप्रति निर्मम होउन् जस्ता लेनिन थिए । उनीहरू कठिनाईहरू पैदा हुने र खतराहरू उपस्थित भएपछि डरबाट त्यसरी नै मुक्त होउन्, जसरी लेनिन थिए । कि उनी दुरुह समस्याहरूलाई हल गर्नमा त्यत्तिकै चलाख र धैर्यवान होऊन्, जस्तो लेनिन थिए । त्यस्तै इमान्दार र सच्चा बनून जस्तो लेनिन थिए । अनि यसरी नै जनतालाई प्रेम गरून् जसरी लेनिन गर्थे ।" लेनिनको मृत्यु भौतिक मात्र हो, विचारधारात्मक होइन । आज पनि उनका विचारहरू त्यत्तिकै जिवन्त र बलिया छन् जति उनी जिवित छँदै थिए ।

# महानगरको ज्यादती र न्यायीक लडाइँ

**सबै सञ्चार सामाग्री काठमाडौं महानगरका गुण्डाहरुले लुटेपनि, यो समयमा ममाथि परेको बज्रपातमा कैयौं तप्काले खुच्चिङ मारेपनि, नेपाल पत्रकार संघ अप्रत्यासीत रमीते बनेपनि, मानवअधिकारकर्मी नामका डलरवादीहरु कानमा तेल हालेर बसेपनि, महानगरको राजशाही कार्यपालिका र उत्ताउलो प्रशासनको कान, आँखा, मुख र दिमागमा प्राणघातक रोगका किटाणुको संक्रमण भएपनि कुनैपनि हालतमा न्यायको आवाज बन्द हुनेछैन । लडाइँ जीवन प्रयन्त जारी रहने छ !**



पदम प्रसाद पोखेल

समय सधैंभरी एकनासको हुँदैन । यात्रा सोचेजस्तो पनि हुँदैन । उपलब्धि पनि त अपेक्षाकृत एकनासको कहाँ हुन्छ र ? यो समय निमुखा र पिंधका मानिसहरूको निम्ति सबैभन्दा चुनौतिपूर्ण छ । कसैलाई भोको पेटको पीडासँगै ओतको समस्या छ त कसैलाई ढाडिएका बढेमानका भुँडी र काला धनका बिटा कता लुकाउने भन्ने भ्याइनभ्याई छ । यहाँ इमान्दार र नैतिकवानको कुरा गर्नु भद्दा मजाकको विषय बनेको छ । सकारात्मक चिन्तन्, मनन् र आलोचनात्मक चेतको व्यापक खडेरी छ । पलभरको लोकप्रिय बन्ने अस्वस्थ प्रतिस्पर्धाको होडवाजीले जसरी हुन्छ अकुत धन आर्जन गर्नुपर्छ भन्ने दब्बु मानसिकता हावी हूँदा समाज भयानक अपराधको जालोमा फसेको छ । मानवीय मुल्यमान्यताहरू विसर्जन भएका छन् । यहाँ आफ्नै बुबाले छोरीलाई करणी गरिरहेको छ । दाजुभाउजु, दिदीबहिनी लगायत जघन्य नाताभित्रकै अपराधका श्रृंखलाको वयान गरी साध्य छैन । आजको समाजमा सबैभन्दा धेरै विक्रि हुने भनेको अकुत धन सम्पत्ति, छलछाम, षड्यन्त्र, दलाली र चाकडीका स्किमहरू मात्र हुन् । इमान र नैतिकता एकादेशको कथा जस्तै भएको छ । समाज/सरकार हाँक्ने डनहरू कि त गजडी । गुण्डागर्दिका नाइके छन् कि कालो धन थुपारेर पैसाको आडबलमा सामाजिक, सांस्कृतिक र राजनैतिक वृत्तमा अपराध गरिरहेका छन् । समाज यस्तै अपराधिहरूको कुकृत्यमा तालि पिट्न विवश छ । श्रमजीवीहरू समस्याको चंगोलमा फसेर आत्महत्या गर्न बाध्य छन् । यसको मूल कारक तत्वको खोजीमा लाग्न कसैलाई चासो र चिन्ता छैन । अराजकहरूको भीडमा बदलिरहेको आजको समाजले आफूलाई गुलाम मानसिकताबाट माथि उठाउन नसकेपछि स्वाभिमानी समाजको निर्माण कसरी हुन्छ ? भावी पुस्तालाई कस्तो प्रकारको शिक्षा छोड्ने हो ? हरेक ढंगले विघटको संघारमा पुगेको सामाजिक धरातललाई माथि उकास्न नवीनतम् चेतनाको जागरण पैदा गर्नुको विकल्प छैन । जनता पिस्ने सत्ता उन्मादको जरो उखेल्न पिंधकै मान्छेहरूले आन्दोलनको ज्वारभाटाको विकास गर्न ढिला भइरकेको छ । आफूलाई राजा र जनलाई रैती ठान्ने सामन्तवादी शासकीय प्रवृत्तिलाई आगो नफोसी निमिट्यान्न पार्न नसकिने कुरा सर्वविदितै छ । हिजोआज यस्तो लाग्छ, सरकार सनकको भरमा चलाइरहेका छन् । सनकहरूले गर्ने विकास भनेको सामाजिक फासीवादबाहेक अरू केही हुँदैन । यहाँ काठमाडौँ महानगरको सन्की शासक बालेन्द्र शाह उर्फ 'बालेन' र उसको नांगो प्रहरी प्रशासनले ममाथि गरेको ज्यादतीको संक्षिप्त फेहरिस्त राख्ने कोसिस गरिएको छ ।

२०८० फागुन १६ गते काठमाडौंको सुन्धारामा महानगर प्रहरी नामक गुण्डाहरूबाट भएको बीभत्स हमलामा संयोगले बाँचियो । यसो भनौँ, घटनाको अन्तिम प्रहरमा नेपाल प्रहरीको साथ र उद्धार नभएको भए यी शब्द र तस्बीर सदाको लागि त्यसै दिनदेखि अन्त्य हुन्थे ।

महानगरका गुण्डाहरूको पञ्जाबाट मेरो अर्धबेहोस शरीरलाई उठाएर राष्ट्रिय ट्रमा सेन्टरमा पुऱ्याइदिने नेपाल प्रहरीलाई स्यालुट छ । रक्तमुछेल घाइते अवस्थामा पैसा नभएकै कारणले उपचार निकै ढिलो भयो । केही छैन, संयोगले बाँचियो । ढिलै भएपनि उपचारको बिलिङ गरिदिने साथीभाइ र आफन्तहरूमा म

ऋणी नै छुँ । बील भुक्तान भएपछि मेरो उपचारमा सहभागी राष्ट्रिय ट्रमा सेन्टरका चिकित्सकहरूमा धेरै-धेरै धन्यवाद । यसो त मैले ३२ वर्षे जीवनकालमा पारिवारीक, सामाजिक, राजनीतिक, आर्थिक लगायतका कैयौं कठिन मोडहरूलाई कुसलतापूर्वक पार गर्दै आइरहेको नै छुँ ।

## के भएको थियो सुन्धारामा ?

यसो त बिरानो काठमाडौंमा मेरो धेरै आउजाउ छैन् पछिल्ला वर्षहरूमा । पत्रिका तथा अनलाइनको केही संस्थागत काम र स्वास्थ्य चेकजाँचको सिलसीलामा फागुन ६ गते काठमाडौं निस्केको म सबै काम सकेर १६ गते नै रात्री बसमा घोराही जाने तयारी थियो । म १० दिनको काठमाण्डौं बसाइ सकेर कर्मथलो दाङ फर्कने तयारीको लागि केही सरसामान किन्न न्युरोड बजार घुमे । कार्यालय प्रयोजनको लागि एक थान ल्यापटप किनेसँगै परिवारको लागि केही लत्ताकपडा, गुदपाक-पुष्टकारी तथा फलफूल गरि झन्डै ११ हजारको




सामान ठिक्क पारेँ । साथमै थियो क्यानन सिक्स डी-मार्क टु क्यामेरा पनि । किनेको सरसामान, क्यामेरा, झोला आदि वस्तुहरू राम्रोसँग व्यवस्थित गर्न पाएको पनि थिएनं ।

म सोहिदिन साढे आठ बजेको रात्री बसमा घोराही जानको कलंकीबाट बस चढ्ने गाडी स्टाफसँगको सल्लाह बमोजिम सुन्धारा अगाडि पठाओको लागि कुराकानी हुँदै गर्दा एकहुल फुटपाथ व्यवसायी सुन्धारा चोकमा जम्मा हुन्छन् । फुटपाथ व्यवसाय गर्न नदिने महानगरको निर्णय बमोजिम झण्डै १ सयको हाराहारीमा रहेको प्रहरीले व्यवसायीमाथि लाठी बजार्न सुरू गर्छ । प्रहरीले फुटपाथ व्यवसायीलाई निर्घात कुटिरहँदा मैले प्रेस परिचयपत्र भिरेर अलिक टाढाबाट रिपोर्टिङ गरिरहेको थिएँ । एक प्रहरीले तपाईं पत्रकार हो र ? भनेर सोधे । मैले भनें, हो नि । फेरी प्रहरीले सोधे, कार्ड छ ? यी त गलामा भिरेको छुँ नि । मैले भने । प्रहरी ठिक छ भन्दै किनारा लाग्यो । यति सवाल भएपछि म थप ढुक्क भएर घटनाको अपडेट लिइरहेँ । जब म पत्रकार भएको आधिकारीक जानकारी प्रहरीलाई भयो अकस्मात् एक दर्जन बढी प्रहरी दौडिएर मलाई एक्कासि आक्रमण गर्छ । एक दर्जको हुलमा क्रमशः थपिँदै सबैजसो प्रहरीले ममाथि लाठीचार्ज, इटा, ढुङ्गा, मुक्का र बुट बजार्दै लछारपछार गर्छन् र मोबाईल, क्यामेरा, ल्यापटप आदि सबै सामान रहेको झोला अन्धाधुन्ध फ्याक्दै झण्डै ४ मिनेटसम्म कुट्छन् । पहिलो आक्रमणमा मेरो दायाँ खुट्टामा असाध्यै चोट परेपछि चलमल नै गराउन नसकिने भयो । जसोतसो उम्किएर ज्यान जोगाउनुपर्छ भनेर बामे सर्दै न्युरोड बजारको गेटनेर पुग्दै गर्दा बजारवासी र बटुवाहरूले मलाई बचाउन खोज्छन् तर निर्दयी प्रहरीले मलाई बचाउने प्रयत्न गर्नेहरूलाई पनि लाठी बर्साउँदै पुन कुटपिट र लछारपछार गर्दै घिसारेर महानगरको गाडीमा कुनै निर्जीव वस्तुजस्तै फ्याँक्छन् । महानगरको ट्रकमा हुत्याउँदा मेरो टाउको बेस्सरी ट्रकको टायरमा ठोकियो । त्यहीबेला मसँग भएका दुईवटा झोला भुँइमा खसेको प्रष्ट देखिन्छ । त्यस उप्रान्त महत्वपूर्ण सामाग्री भएका उक्त झोला कहाँ छन् हालसम्म कुनै अत्तोपत्तो छैन । सुरुमा ममाथि आक्रमण गर्न खोज्दा म पत्रकार हो, हेर्नुस्, प्रेस परिचयपत्र पनि भिरेको छुँ, भनेपछि १० सेकेण्ड जति पछि हटेको प्रहरी पुनः ममाथि जाइलाग्यो । फेरीपनि ममाथि आक्रमण नगर्नुस्, म त यहाँ बसेर रिपोर्टिङ गर्ने पत्रकार पनि होइन । मलाई दाङ जान ढिला भएको छ भनेर पटकपटक अनुनयवीनय गरेँ तर, त्यो क्रुर जत्थाले ममाथि निर्घात कुटपिट गरिनैरह्यो । त्यसपछि ट्रकमा चढेका सबैले ममाथि निर्घात कुटपिट गर्दै गुडिरहेको ट्रकबाट फ्याँक्ने धम्की दिँदै उचाल्छन । अर्धबेहोस अवस्थामा रहेको सञ्चारकर्मीको त्यो प्रहरी जत्थाले न कुनै अनुनयवीनय सुन्थ्यो, न त कुनै दयाभाव नै देखाउँथ्यो ।

कैयौं सामान हुलमै गुमाइसकेको मलाई ज्यान कसरी जोगाउने भन्ने सकस भयो । भयो कस्तोसम्म भने आततायी

महानगर प्रहरी नामका गुण्डाहरूमध्य सबैभन्दा कम कसले कुट्छ, अथवा अलि सुस्त कसले हिर्काइरहेको छ उसैतिर लुप्किएर जोगिनुपर्ने भयो । लगातार निर्दयी ढंगले कुट्दै ' तलाई मारेर डम्पीङ साइडमा पुर्ने हो, हाम्रो विरूद्ध सबैभन्दा बढी मिडियाबाजी गर्ने पत्रकार तैँ होस्, अब मर्छस, अन्तिम इच्छा के छ ?' भन्दै घाँटी अठ्याएर स्वास फेर्न समेत नदिने अवस्थामा कुट्दै-कुट्दै प्रहरी परिसर टेकु लैजान्छन् । रक्तमुछेल अवस्थाबाट म गाडीबाट झर्ने अवस्था नभएपछि ति गुण्डाहरूले गलहत्याएर भुँइमा घचड्छन् र फेरी कुट्दै गर्दा नेपाल प्रहरी त्यहाँ आइपुग्छ । नेपाल प्रहरीको डिएसपी हरि खतिवडाको प्रहरी टोलीले यसरी मानिस पत्राउ र कुटपिट गर्ने अधिकार कसले दियो तिमीहरूलाई ? भन्दै नगर प्रहरीलाई हप्काउँदा सबै नाजबाफ हुन्छन् । व्यवसायी र पत्रकारलाई एउटै ट्रकमा कोचेर कुट्दै महानगर पुऱ्याएका महानगर प्रहरी कमान्डर एसपी मनोज लामिछाने नेपाल प्रहरीका डिएसपीले हप्काउँदै केरकार गर्न खोज्दा रन्थनिएर फरार हुन्छन् ।

महानगर प्रहरीको ज्यादती र लुटपाटबाट हारथाक भएका फुटपाथ व्यवसायी प्रतिरोधमा उत्रदैँ वरपर भेटिएका ढुङ्गा मुढा बर्साउन खोज्छन् । झण्डै सयकै हाराहारीमा रहेका फुटपाथ व्ययवसायी प्रहरीको लाठीचार्ज र निर्घात कुटपिटबाट ५ जना बढी गम्भीर घाइते हुन्छन् भने दुई प्रहरी पनि घाइते हुन्छन् । मसहित महानगरको ट्रकमा अमानवीय ढंगले फ्याँकेर घाइते मानिसलाई तुरून्तै उपचारको लागि अस्पताल लैजानुको सट्टा गाडीमा निर्घात कुटपिट र चरम यातना दिँदै काठमाडौं उपत्यका परिक्रमा गराइन्छ तर संयोगले नेपाल प्रहरीले सो घटना थाहा पाएपछि राष्ट्रिय ट्रमा सेन्टरमा लैजान्छ । चेकजाँच र उपचारपछि गम्भीर खतराबाट मुक्त भएको चिकित्सकको सुझाव आयो । अर्कोदिन औषधी बोकी खुट्टामा बेल्ट लगाएर आफन्तको सहयोगमा विशालनगरतिर निस्कियौं । कुटपिटबाट थिलथिलो परेको शरीरभरी निलडामसँगै दायाँ खुट्टको लिगामेन्ट च्यातिएको/फाटेकोले चिकित्सकले एक महिनासम्म हिड्डुल र अन्य कुनैपनि काम गर्न नहुने सुझाव दिएर पठाएका थिए । तर त्यो सम्भव कहाँ पो थियो र हामी श्रमजीवीलाई । शरीरले जुनखाले आराम र खानपिन गर्नुपर्दथ्यो त्यो एक हप्तासम्म पनि सम्भव भएन । घाइते अवस्थाबाट १८ दिनपछि मात्र मोवाइल फोन प्राप्त हुँदा कैयौँ महत्वपूर्ण कामहरू लथालिङ्ग भए । घरपरिवार र आफन्तसँगको सम्पर्क शुन्यप्राय भयो ।

यावत् प्रकारका जटिल खुड्किला र हण्डरहरूबाट मैले कति हरेस खाएको छैन, परन्तु खारिएको छुँ । तर महानगर प्रहरी नामका गुण्डाहरूको क्रुर हमलाले शरीरका विभिन्न भागमा मासु, नसा तथा हड्डीमा गम्भीर चोटपटक लाग्यो । मासु च्यात्तियो/फाट्यो । टाउको र शरीरभरि अहिलेसम्म अनगिन्ती चोट र निलडामहरू छन् । मसल दुखाइले मलाई जीवनभर पिरोलिरहने छ । बिनाकारण भएको यो सांघातिक आक्रमणको पीडा आजीवन बोक्नपर्ने त छँदैछ । उता श्रम गरिखाने अवसर पनि अब त्यति सहज रहेन । काठमाडौंको बिरानो शहरमा कुटिएर सर्वश्व लुटिएपछि ३ दिनसम्म हिड्डुल गर्ने अवस्था रहेन । यद्यपि नेपाल पत्रकार महासघ, श्रमजीवी पत्रकार संघसहित विभिन्न सञ्चार माध्ययम तथा सम्बद्ध अधिकारीहरूले यो घटनाको विषयमा गम्भीर आपत्ति जनाउँदै न्यायको निम्ति महानगरलाई प्रेस विज्ञप्ति मार्फत खवरदारी गरिनैरहेका थिए ।

यावत समस्याबिच यसपटकको आर्थिक समस्याले यो बिरानो शहरमा निकै रन्थनायो । सधैं निमुखा र पिँधका जनहरूका यस्तै जटिल समस्याको उठान र समाधानमा कस्सिने जमर्को गरिरहन मन लाग्छ । तर, यसपालि भने आफ्नै शारीरिक, मानसिक र आर्थिक पक्षका त्रिकोणात्मक नाजुक अवस्थाबाट गुज्रिएको छुँ । जीवनको यो अवधिसम्मा आर्थिक अवस्थाले यतिबिघ्न निरीह बनायो कि, मलाई अनिवार्य चाहिने बैसाखी किन्न सकिएन । थप उपचारको फ्लोअप, चेकजाँच र औषधि लिनुपर्ने समय टार्न बाध्य बनायो । यसले पनि मलाई दिर्घकालिन रूपमा असर त गर्नेनै छ । हिड्डुल गर्न र यातायातका साधनका प्रयोग तथा खानपिनका कैयौँ जटिल किस्साहरू त के पस्किनु र ? म यो कठीन समयलाई हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछुँ । किनकि मैले नयाँ जीवन त प्राप्त गरेको छुँ नि । कम्तीमा बाँच्न त पाएको छुँ । ती जल्लादहरूले त निमोठेर मार्ने खोजेका थिए ! अकारण ममाथि निर्घात कुटपिट गरी महानगरकै गाडीमा राखेर कुट्दै कुट्दै काठमाण्डौं महानगरसम्म लगिएको थियो ।

महानगर प्रहरीले कुटपिट र लुटपाट गरी निशस्त्र बनेपछि संयोगले नेपाल प्रहरीले सुरक्षा प्रदान गरेको हो । सुन्धाराबाट महानगर परिसर जाँदासम्म बाँकी सबै सामान नगर प्रहरीले एक-एक गरी च्यातचुत र तोडफोड गरी गाडीबाट बाहिर

फ्याकिदियो । मलाई पनि मार्नेगरी घाँटी अठ्याउँदै गुडिरहेको गाडीबाट फ्याँक्न खोज्दा अपवादका केही प्रहरी जवानले रोकेका थिए । दायाँ खुट्टामा गम्भीर चोट लागेको मेरो शरीरभरी निलडाम र चोटपटक छन् । नाक र मुखबाट रगत बगिरहेको स्थितिमा नेपाल प्रहरीले राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको लागि लगेको थियो । प्रहरीको कुटपिटबाट अन्य ५ जना फुटपाथ व्यवसायी र दुई जना महानगरका प्रहरी पनि गम्भीर घाइते भएको थिए । गम्भीर घाईते अवस्थाका बिरामीबाहेक सबैको उपचार भएर घरतिर फर्किए तर मसँग पैसा नभएको कारणले उपचार सबैभन्दा पछि भयो, जतिबेला मेरा आफन्तहरू प्रेम न्यौपाने, भुमा पोखेल, सरोज न्यौपाने र हरि भण्डारीहरू आइपुगेर (भुक्तानी) बिलिङ गरिदिए ।

मसँग भएको ल्यापटप, क्यामेरा, मोबाइल, लत्ताकपडा, महानगर प्रहरीले कुनपनि सर्वसाधारणलाई कुटपिट र गिरफ्तारी गर्ने अधिकार दिएको छैन । उनीहरूले सामान्यतयाः उत्पन्न समस्याको विषयमा सौहाद्र छलफल गर्ने, सम्झाइबुझाई गर्ने र स्थिति नियन्त्रणमा आउन नसके नेपाल प्रहरीलाई खबर गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । तर बालेनको फौजले उक्त कार्यविधि लत्याउँदै माइकिङ तथा बल प्रयोग गर्नुपर्ने स्थितिको जानकारी नगराई मरणासन्न हुनेगरी कुटपिट, धरपकट गरेको हो । महानगर प्रहरीले ममाथि गरेको सांघातिक हमला, कुटपिट र लुटपाटको विषयमा नेपाल पत्रकार महासंघ र श्रमजीवी पत्रकार संगठनले फागुन २० गते पुनः ध्यानाकर्षण गराए । सँगसँगै मैले पनि न्याय तथा क्षतिपूर्तिको लागि प्रदीप परियारसामु उजुरी पेस गरें । सो घटना भएको पाँचौ दिनमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेल,




फलफूल, क्यामेरा ब्याग लगायत झण्डै ४ लाखको सामग्री महानगर प्रहरीले जफत गरेको छ । मैले कानुनबमोजिम कारबाही र क्षतिपूर्तिको लागि सम्बद्ध सबैमा अपिल गरेको पनि छुँ । महानगरका गुण्डाहरूले गरेको विभत्स हमला, कुटपिट, लुटपाट र धरपकट मेरो समग्र जीवन र पत्रकारीता यात्राको निकै भयावह र कहालीलाग्दो घटना भयो । विगत १३ वर्षदेखि सञ्चार क्षेत्रमा क्रियाशील म विगत लामो समयदेखि नेपाल पत्रकार महासंघ प्यूठानका क्रियाशील सदस्य हुँ भने विगत ४ वर्षदेखि प्राणमञ्च मासिक तथा प्राणमञ्च डटकम अनलाइनका प्रधान सम्पादकको रूपमा काम गरिरहेको छुँ ।

**कानुनी उपचार र दबाबको प्रक्रिया**

केन्द्रीय सदस्य सुशील पोखेल र भवानी पाण्डे तथा श्रमजीवी पत्रकार संगठनका अध्यक्ष जन्मदेव जैसी, चमन कोइराला, भरत मालाकार, प्रेम न्यौपाने र सरोज न्यौपानेको संयुक्त टोलीले महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारलाई ध्यानाकर्षण गराएको थियो ।

श्रमजीवी पत्रकार संगठनको ध्यानाकर्षण पत्र र मैले लेखेको उजुरी निवेदन बुझ्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले अप्रत्याशित सो घटनाले आफू निकै दुखित भएको बताउँदै नगर प्रहरीबाट पत्रकारमाथि भएको ज्यादतीका विषयमा सुरक्षाकर्मीसँग थप स्पस्टिकरण मागिने बताएका थिए । उनले १६ गतेको घटना र त्यसपछिका परिस्थितिले

गम्भीर परिवेश निर्माण भएको स्विकार्दै आगामी दिनमा महानगर प्रहरीबाट त्यसो हुन नदिने र उल्लेखित माग तथा मुद्दाउपर महानगर प्रमुख बालेन्द्र शाहसँग थप सल्लाह गरेर विषयवस्तुको छिट्टै सम्बोधन गरिने प्रतिबद्धता पनि जनाएका थिए । साथै घटनाको सातौँ दिनमा राष्ट्रिय मानव अधिकार आयोगमा पनि सोहीबमोजिमाको उजुरी दर्ता गरिएको छ । बाटोमा हिंडिरहेको एउटा निहत्था संचारकर्मीमाथि महानगरको प्रहरी बलले गरेको सांघातिक हमला, कुटपिट, धरपकट र गिरफ्तारीको जति निन्दा गरेपनि कम हुन्छ । निम्न चार बुँदे माग राखि मैले महानगर प्रमुख प्रशासकीय अधिकृत प्रदिप परियारसामु त्यहाँको न्यायीक समितिमा घटनाको पाँचौं दिनमा उजुरी निवेदन दिएको थिएं

**१. कर्मथलो दाङ जाने टिकट लिएर संयोगले सो भीडमा पुगेर रिपोर्टिङ गरिरहेको अवस्थामा म प्रेस परिचयपत्र भिरेको र म पत्रकार हो, ममाथि हातपात नगर्नुस् भनेर पटकपटक विनम्र अनुरोध गरेर त्यहाँबाट उम्किन खोज्दा पनि एक दर्जन बढी महानगर प्ररहरीले मलाई नियन्त्रणमा लिएर लगातार कुटपिट र लुटपाट गर्नुको कारण स्पष्ट पार्न अनुरोध छ ।**

**२. मलाई नियन्त्रणमा लिएर पनि प्रहरी परिसर त्रिपुरेश्वर पुग्दासमम गाडीमा लगातार ज्यान मार्ने उदेश्यले गरेको निर्मम कुटपिटमा संगलग्न नगर प्रहरीलाई कानुनबमोजिम कडा कारबाहीको माग गर्दछुँ ।**

**३. साथै लुटिएका/ खोसिएका सम्पूर्ण सामाग्रीको ससम्मान फिर्ता, अनाहकमा भएको अमानवीय कुटपिटबाट लागेको चोटपटकको सम्पूर्ण उपचार खर्च प्राप्तिको लागि जोडदार माग गर्दछुँ ।**

**४. महानगरपालिकाले प्रेस जगतलाई भयरहित ढंगले पत्रकारीता गर्ने वातावरणको ग्यारेन्टीको र आगामी दिनमा प्रेस जगत तथा पत्रकारहरुमाथि आक्रमण कदापि नगर्ने प्रतिबद्धता**

## संघर्ष र सहमति

महानगरको प्रहरी कुटपिटबाट घाइते भएपछि मेरो सुरक्षा र न्याय प्राप्ति र समग्र प्रेस जगतको न्यायका लागि श्रमजीवी पत्रकार संघको अगुवाइमा एक हप्ता राष्ट्रिय सभागृहमा रिले अनसन भयो । चैतमासको टन्टलापूर खडेरी र हावा हुण्डरीको कुनै प्रवाह नगरी घाइते शरीर बोकेर थालिएको रिले अनसनमा विभिन्न मिडिया र संवद्ध संस्थाहरूमा आवद्ध सञ्चारकमी, मानव अधिकारकर्मी तथा महानरको शासकीय दादागिरीको जाँतोमुनि पिल्सिएका सयौँ साथीहरूले ऐक्यवद्धतासहितको साथ, सहयोग, हौसला र प्रेरणा प्रदान गरे । निर्लज्ज प्रशासनलाई अनेक कोणबाट विरोध, आक्रोश पोखे । अन्ततः महनगरले वार्तामा बोलाएर घटनाको छानवीन तथा क्षतिपूर्ति उपलब्ध गराउन प्रतिबद्ध भयो । मसहितको उपस्थितिमा राष्ट्रिय सभागृहको गेटमा रिले असनस गरिएको थियो । सोही संघर्षकै दबाबबीच काठमाडौं महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियार, प्रशासन प्रमुख दीपक अधिकारी, सुरक्षा प्रमुख राजु पाण्डे, तथ पीडितको तर्फबाट संघका केन्द्रीय अध्यक्ष जन्मदेव जैसी, पदम प्रसाद पोखेल (पीडित), प्रेम न्यौपाने, भरत आचार्य र अधिवक्ता युवराज सफलको उपस्थितिमा महानगरमा संयुक्त छलफल भयो । सहमति अनुसार सो घटनाको छानवीन गर्न महानगर प्रशासन विभागका प्रमुख दीपक अधिकारीको संयोजकत्वमा ५ सदस्यीय छानवीन समिति बनेको छ । सो समितिले शुक्रबारसम्म न्यायीक प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भयो । डिस्प्ले फुटेको अवस्थामा मोबाइल प्राप्त भो । पोसिलो खानपिन र उचित स्याहारसुसार पाउनुको सट्टा अस्तव्यस्त केन्द्रीय राजधानीमा चर्को खडेरी र हावाहुरीको हुण्डरीबीच गम्भीर घाइते शरीर बोकेर श्रमजीवी पत्रकार संघको अगुवाइमा थालिएको रिले अनसनको छैठौं दिनपछि बालेन प्रशासनले वार्तामा बोलाएर सहमति भएपछि तत्काललाई संघर्षका कार्यक्रम फिर्ता भए । घाइते शरीर बोकेर टन्टलापुर खडेरीमा बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म थालिएको रिले अनसनमा साथ, सहयोग र ऐक्यबद्धता जाहेर गर्ने सम्पूर्ण साहित्यकार, मानव अधिकारकर्मीहरू, कानुन व्यवसायी, आफन्त तथा महानगरको ज्यादती विरूद्ध एकताबद्ध भएर हौसला प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजनहरूमा धन्यवाद छ । यो न्याय प्राप्तिको लडाइँमा साथ, सहयोग, हौसला, सुझाव, प्रश्न/प्रतिप्रश्न एवम् ऐक्यबद्धता जाहेर गर्ने सम्पूर्ण सञ्चार माध्यम र त्यसमा आवद्ध सञ्चारकर्मीहरूमा धेरै धन्यवाद छ, यद्यपि न्यायको लडाईं सकिएको छैन । प्रहरी कार्यालय परिसर टेकुमा हालिएको जाहेरी दरखास्तको दर्ता नगरी नेपालको प्रहरी प्रशासनले पनि बालेनको सत्ताको भक्तिभाव देखाएको छ । मानव अधिकार आयोगमा पेस गसिएको जाहेरी अनुसन्धानकै क्रममा छ । कुख्यात अपराधी एसपी मनोज लामिछाने नेतृत्वको अपराधिक समूह विरूद्ध कानुनी उपचारको लागि सरकारी वकिल कार्यालय र जिल्ला अदालत

काठमाडौँमा पनि पुगेको छ । मैले कुटपिट लुटपाट यातना र क्षतिपूर्ति सम्मबन्धि मुद्दाको कारबाहीको लागि जाहेरी दिएको छुँ ।

## पत्रकार महासंघको निरिहता

महानगरका प्रहरी गुण्डाहरूबाट ममाथि यतिबिघ्न अपराध भएर घाइते शरीर बोकेर अनसन बस्दा पनि महानगरपालिका रमिते हुनु त स्वभाविकै थियो तर नेपाल पत्रकार महासंघले पनि अनपेक्षित उदासीनता देखाउँदा न्याय निरूपणको काम झनै अन्योलमा पर्‍यो । त्यतिमात्र कहाँ हो र ? अनसनको चौथो दिनमै महानगर वार्ता र समाधानको लागि तयार भएर श्रमजीवी पत्रकार संघका अध्यक्ष जन्मदेव जैसी र प्रेम न्यौपाने तथा महानगरको प्रशासन प्रमुख दीपक अधिकारीबीच वार्ता भई सहमतिको अन्तिम खाका तयार भएको बेला पत्रकार महासंघ नामका विचौलिया प्रतिनिधि पात्रहरूले प्रहरी एसएसपी राजुनाथ पाण्डेसँग वार्ताको नाटक मञ्चन गरी निकास अड्काउँदा थप दुई दिन संघर्ष गर्न बाध्य भइयो । महासंघले महानगरको यत्रो अत्याचारको विरूद्ध एउटा विज्ञप्तिको खोस्टो निकालेर चुपचाप बस्नु गम्भीर सहस्यमय मात्रै होइन अब उप्रान्त महासंघमा रहनु र सदस्यताको नवीकरण गर्नुको कुनै औचित्य रहेन । संघर्षको अगुवाई गरिरहेको संस्था र स्वम् म पीडितसँग कुनै सल्लाह नगरी चोर बाटोबाट प्रहरी प्रशासनसँग छलफल गर्नु घटनाको बार्गेनिङबाहेक अरू केही हुन सक्छ ? यदि पत्रकार महासंघले निष्पक्षता देखाएको भए घाइते शरीर बोकेर थालिएको अनसनम ऐक्यवद्धता जनाउन सक्ने थिएन ? घटनाको उठान गरेपछि त्यसको समाधान पनि गर्नुपर्छ भन्ने सामान्य ज्ञान पनि महासंघका पदाधिकारीहरूमा नहुनु निकै खेदजनक विषय हो । दलीय रूपमा म कुनै पनि पार्टीको झोले नहुनुको मौका छोपेर मलाई जसरी अन्याय गरेको छ आवश्यक परे मेरो केसमा भएको महासंघको उदासीनता र लापरबाहीका किस्साहरू क्रमशः पस्कने छुँ ।

निशस्त्र सञ्चारकर्मीलाई एसपी मनोज लामिछाने नेतृत्वको नगर प्रहरीले ज्यान मार्ने उदेश्यले लगातार अमानवीय ढंगले कुटपिट र लछारपछार गर्दो ५० हजारको (i7 8th Laptop/dell mouse) ल्यापटप, २ लाख ८० हजारको (Canon, 6D Mark-2) क्यामेरा, मोबाइल (vivo, Y-55), प्रेस परिचयपत्र र झण्डै ७ हजार बढीको झोलासमेत खोसिएको थियो भने घरायसी प्रयोजनको लागि किनिएको रू ८ हजारको लत्ताकपडा, २ हजारको मिठाईजन्य पदार्थ र १ हजारको फलफूलजन्य वस्तुपनि लुटिएको थियो । यो ज्यादती र लुटपाटमा महानगरको आश्वासन र उदासीनताका कारण पहिलो चरणको ४५ दिनसम्मको न्यायीक लडाइँको सिलसिलामा झण्डै ५० हजार बढि रकम खानपिन, बसाइ र यातायातमा अर्च भएको छ भने १५ हजार बढिको उपचार खर्च भएको छ । घटनाको १९ औँ दिनमा उक्त सामाग्रीमध्य मोबाइल डिस्प्ले फोरिएको अवस्थामा प्राप्त भएको छ तर हाम्रो मिडियाका अन्य सञ्चार सामग्री र घरायसी सरसामानको कुनै अत्तोपत्तो छैन् ।

## अन्त्यमा

मेरा सबै सञ्चार सामाग्री काठमाडौं महानगरका गुण्डाहरूले लुटेपनि, यो समयमा ममाथि परेको बज्रपातमा कैयौं तप्काले खुच्चिङ मारेपनि, नेपाल पत्रकार संघ अप्रत्यासीत रमिते बनेपनि, मानवअधिकारकर्मी नामका डलरवादीहरू कानमा तेल हालेर बसेपनि, महानगरको राजशाही कार्यपालिका र उत्ताउलो प्रशासनको कान, आँखा, मुख र दिमागमा प्राणघातक रोगका किटाणुहरूको गम्भीर रोगको संक्रमण भएपनि कुनैपनि हालतमा न्यायको आवाज बन्द हुनेछैन । लडाइँ जीवन प्रयन्त जारी रहने छ ! यो क्रुर अन्यायको विरूद्ध न्यायको आवाज बुलन्द गर्ने श्रमजीवी पत्रकार संघ र त्यसका केन्द्रीय अध्यक्ष जन्मदेव जैसीप्रति निकै आभारी छुँ । घटनाको अर्कोदिन सञ्चारमाध्यममा मेरो पीडा र आक्रोससहितको खास विषयवस्तु राख्ने अवसर प्रदान गर्ने लालिगुराँस मिडिया तथा त्यसका संचालक कमल सरगमलाई साधुवाद छ । जसले आफ्नो मिडियाको अलावा दर्जन बढि संचारमाध्यम र डेढ दर्जन सञ्चारकर्मीको बीचमा घटना विवरण राख्ने संयोग मिलाएका थिए । यो संकटको समयमा मलाई साथ र सहयो प्रदान गर्ने श्रमजीवी पत्रकार संघ, यस विषयलाई अन्तराष्ट्रिय फोरमहरूमा पर्‍याएर सहयोग गर्ने मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मणदत्त पन्त, अमेरिकास्थित पत्रकारहरूको सुरक्षामा काम गर्ने संस्था पत्रकार संरक्षण समिति (**CPJ**) अन्य सम्पूर्ण सञ्चार मध्ययम तथा पत्रकार मित्रहरू सबैलाई एकमुष्ट धन्यवाद छ ।

# प्यालेस्टिनी बहसबाट सन्त्रस्त उत्तरी गोलार्ध






● विजय प्रसाद

**विगत ६ महिनामा अमेरिकाका पत्रपत्रिका र टेलिभिजन कार्यक्रमले नरसंहारकारी हिंसाबारे सामान्यतया कर्ताविहीन कर्मवाची भाषामा लेख्ने गरेका छन्**

इजरायली बमबारीले गाजामा विनाश गरिरहेकै छ, जहाँ ठूलो संख्यामा नागरिक मारिँदै छन् । इजरायली बमले गाजाका २४ अस्पताल ध्वस्त भएको अलजजिराले जनाएको छ । मारिएका ३५ हजार प्यालेस्टिनीमध्ये आधा बालबालिका छन्, जहाँ शवगृह र मस्जिद सबैभन्दा ठूलो तारो बनेका छन् । मानव अधिकारका लागि राष्ट्रसंघका पूर्वसहायक महासचिव एन्ड्र्यु गिलमोरले बिबिसी न्युज नाइटलाई प्यालेस्टिनीले 'सामूहिक सजाय'को सामना गरिरहेको बताएका छन् । गाजामा सन् १९९४ मा रूवान्डा नरसंहारपछि सम्भवतः सबैभन्दा उच्च मृत्युदर देखिएको छ ।

यसैबीच ह्युमन राइट्स वाचका अनुसार प्यालेस्टाइनको वेस्ट बैंकमा इजरायली सेनाले २० समुदायका प्यालेस्टिनीको विस्थापन गरेका छन् र अक्टोबर २०२३ यता कम्तीमा सात समुदायको निस्तेनाबुद गरिएको छ । यी स्थापित तथ्य हुन् । तैपनि, यी तथ्य न्युयोर्क टाइम्सको 'पत्रिकाको रेकर्ड'मा राख्न नसकिने नोटको खुलासा भएको छ । पत्रिकामा पत्रकारलाई 'नरसंहार', ' जातीय सफाया', र 'अतिक्रमित क्षेत्र' शब्द प्रयोग नगर्न भनिएको छ । वास्तवमा विगत ६ महिनामा अमेरिकाका पत्र–पत्रिका र टेलिभिजन कार्यक्रमले सामान्यतया कर्मवाची भाषामा नरसंहार हिंसाबारे लेख्दै आएका छन् जहाँ कर्ताको नाम छुटाइन्छ । सामान्यतया कम नियमन हुने सामाजिक सञ्जालमा पनि केही शब्दावली वा वाक्यांशमाथि सेन्सरसिप हुने गरेको छ । एलन मस्कले स्वतन्त्रताको डिङ हाँके पनि 'डिकलनाइजेसन' (विऔपनिवेशीकरण) जस्ता शब्द र 'फ्रम द रिभर टु द सी' (नदीदेखि समुद्र सम्म)जस्ता वाक्यांश एक्समा निषेधित हुने संकेत दिएका छन् ।

साउथ क्यालिफोर्निया विश्वविद्यालय (युएससी)मा सन् २०२४ को कक्षाको दिक्षान्त प्रवचनकर्ता असना तबस्सुमले ६५ हजार मानिसलाई सम्बोधन गर्ने तयारी गरेकी थिइन्, तर इजरायल–प्यालेस्टाइन द्वन्द्वको विषयमा उनले बोल्ने हुन् कि भन्ने खतरा महसुस गरेर इजरायली समर्थक कार्यकर्ताको विरोधपछि उनको भाषण रद्द गरियो । जवाफमा, बायोमेडिकल इन्जिनियरिङ र इतिहास पढ्दै आएकी २१ वर्षीया विद्यार्थी तबस्सुमले सेन्सरसिप र कट्टरतामाथि संवाद एवं सिकाइको महत्वबारे जोड दिँदै आफ्ना सहपाठीलाई समानता एवं मानवीय मर्यादालाई घृणाको अभिव्यक्तिका रूपमा दुरूपयोग नगर्न आग्रह गरेकी थिइन् ।

अमेरिकी कलेजका विद्यार्थीले इजरायल र कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रसँग सम्बन्ध भएका कम्पनीबारे जागरूक हुन र तिनको बहिष्कार गर्नका लागि जोशका साथ पैरवी गरिरहेका छन् । सुरूमा विरोध प्रदर्शनलाई अनुमति दिइएको थियो, तर परिस्थिति तब बदलियो जब अमेरिकी नेताले संसदीय सुनुवाइका क्रममा चीन र रूसबाट विदेशी

कोष आएको भन्ने आरोप लगाए । कलेज प्रशासकले दाताको प्रभाव र राजनीतिक दबाबको डरले विद्यार्थीमाथि सेन्सर गर्न र गिरफ्तार गर्न थाले । नतिजा कोलम्बिया विश्वविद्यालयदेखि पोमोना कलेजसम्मका शैक्षिक संस्थाबाट प्रदर्शनकारी विद्यार्थीलाई निलम्बन गर्न थालियो । यसका बाबजुद रूटगर्सदेखि युसी डेभिससम्मका विद्यार्थी युनियन इजरायलबाट विनिवेशका लागि दबाब दिन आन्दोलनरत छन् ।

१२ अप्रिल २०२४ मा बर्लिन प्रहरीले प्यालेस्टाइन सम्मेलनमा रोक लगायो जहाँ गाजा द्वन्द्वको प्रत्यक्ष अनुभव गरेका बेलायती-प्यालेस्टिनी चिकित्सक घसान अबु सित्तालाई देशनिकाला गरियो । ग्रिसका पूर्वअर्थमन्त्री यानिस भारूफाकिसलाई अनलाइन कार्यक्रममा सम्बोधन गर्न मात्र नभई जर्मनीमा कुनै राजनीतिक गतिविधिमा संलग्न हुनबाट पनि रोक लगाइयो । भारूफाकिसले यो कदमलाई जर्मन लोकतन्त्रका लागि गम्भीर दुर्घटनाका रूपमा निन्दा गरेका थिए । बर्लिनमा भएको सम्मेलनको केही दिनअघि प्राध्यापक जोडी डिनले भर्सो प्रकाशनको ब्लगमा 'प्यालेस्टाइन सबैका लागि बोल्छ' भन्ने निबन्ध प्रकाशित गरेकी थिइन् । उत्पीडित जनतालाई आफ्नो मुक्तिका लागि लड्ने अधिकार छ भन्ने सरल र गैरआपत्तिजनक विचारमा निबन्ध लेखिएको थियो । यो विषय मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणाको आधार पनि हो जसलाई भारूफाकिसले बारम्बार उद्धृत गर्दै आएका थिए र छन् । बर्लिनमा प्यालेस्टाइन सम्मेलन बन्द भएको भोलिपल्ट जोडी डिनको नियोक्ता होबार्टका अध्यक्ष मार्क गियरन र अमेरिकाको विलियम स्मिथ कलेजले एक विज्ञप्ति प्रकाशित गर्दै प्राध्यापक डिनले बाँकी कक्षालाई यो सत्रमा अध्यापन गराउन नपाउने निर्णय गऱ्यो । गियरनले सो विज्ञप्तिमा आफू डिनसँग 'पूर्ण रूपमा असहमत' मात्र नभई आफूले उनको टिप्पणीलाई 'घृणास्पद' भएको पनि पाएको उल्लेख गरेका थिए । चाखलाग्दो के छ भने गियरनले हमासको निन्दा गर्ने गरी सार्वजनिक बयान मात्र जारी गरेका छन्, तर प्यालेस्टिनीविरूद्धको भयानक नरसंहारबारेमा केही उल्लेख गरेका छैनन् ।

जोडी डिनले के यस्तो लेखेकी थिइन् जुन 'घृणास्पद' भयो ? गियरनले 'उत्साहजनक' शब्दमा ध्यान केन्द्रित गरेका थिए जसलाई डिनले गाजावरपर इजरायलले अतिक्रमण गरेको क्षेत्रका बार नाघेका पाराग्लाइडरप्रति प्रयोग गरेकी थिइन् । उनले वास्तवमा ७ अक्टोबरका हमलालाई लिएर खुसी मनाएकी थिइनन्, तर प्यालेस्टिनी दृष्टिकोणबाट आशा र मुक्तिको राजनीतिको संकेत दिने पाराग्लाइडरलाई प्रतीकका रूपमा मात्र प्रयोग गरेकी थिइन् । उनले ६ डिसेम्बर २०२३ मा इजरायलद्वारा मारिएको रेफात अलारिरको अन्तिम कविता उद्धृत गरेकी थिइन् । गियरनले अतिक्रमण वा नरसंहारबारे संवाद गर्न चाहेनन् । न्युयोर्क टाइम्सका सम्पादक र प्रकाशक, जर्मन सरकार र अन्य अमेरिकी कलेज अध्यक्षले झैं गियरन पनि संवादमाथि लगाम लगाउन चाहन्थे । प्यालेस्टाइनबारे कुरा गर्न डराउने वा नरूचाउनुको कारण तबस्सुमको 'संवाद र सिकाइ'को बिन्तीलाई उपेक्षा गरियो । वास्तवमा गियरनजस्ता मानिस तबस्सुमकै भाषामा ' पाखण्ड र सेन्सरसिप' रूचाउँछन् । **(विजय प्रसाद भारतीय इतिहासकार, सम्पादक एवं पत्रकार हुन्) नयाँ पत्रिका**

**वन डढेलो रोकथाम तथा नियन्त्रणको सूचना**

- फागुन देखि वैशाख जेठ सम्मको समय हावाहुरी लाग्ने समय हो त्यसैले,
- बलिरहेको चुरोट, बिडीका ठुटा जंगलमा नफालौं, तिनलाई फाल्नु अघि राम्रोसंग निभाऔं ।
- गोठाला घाँस दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई वनमा सलाई लाइटर लिएर जान नदिऔं ।
- आफ्नो खेतबारीमा झारपात डडाइपछि आगो पूर्ण रुपमा निभाऔं
- उपभोक्ता समूहको वन क्षेत्रभित्र रहेका स्रोतहरु समयमै संकलन तथा सफा गरौं ।

**डिभिजन वन कार्यालय**
**खलंगा, प्यूठान**

**शुभकामना**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा उद्योगी, व्यवसायी एवं देश-विदेशमा रहनुहुने न्यायप्रेमी तथा मानवीय सेवा भावका सम्पूर्ण जनहरूमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**प्युठान जिल्ला उद्योग वाणिज्य संघ**
खलङगा, प्यूठान

# ग्रिन हाइड्रोजनको विकासमा कामाठमाडौं विश्वविद्यालय



**प्राणमञ्च डेस्क, काठमाडौं**

गत असोजदेखि नेपालमै पहिलो पटक शिल्पकलाको पठनपाठन सुरुआत गरेको काठमाडौं विश्वविद्यालय (केयू) ले ग्रिन हाइड्रोजन उत्पादनको कार्यक्रम पनि बढाउने भएको छ। शिल्पकलाको पठनपाठन नेपालमा पहिलो भएको काठमाडौं विद्यश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङका डिन प्रा डा मनिष पोखरेलले दाबी गरे । यसका लागि स्पीनअफ कम्पनी कन्सियस इनर्जी डेभलपर्स र केयुले रणनीतिक साझेदारी गर्ने भएका छन् । व्यावसायिक परियोजनाका रुपमा ग्रिन हाइड्रोजन उत्पादनका लागि केयूले सो संस्थासँग साझेदारी घोषणा गरेको हो ।

कन्सियस इनर्जी एक अनुसन्धान उन्मुख परामर्श सेवा प्रदायकको रूपमा २०८० सालमा स्थापना भएको थियो । विज्ञहरुका अनुसार यसले हरित ऊर्जा क्षेत्रमा लगानी गर्न सञ्चालन गर्न र आफ्नो उपस्थिति बढाउन खोज्ने ग्राहकहरूलाई सेवा प्रदान गर्ने गर्छ । कम्पनीले केयूद्वारा प्रशासित एनजाईज नेपाल कार्यक्रममार्फत प्रारम्भिक बीज कोष प्राप्त गरेको थियो । केयूको ग्रिन हाइड्रोजन ल्याबलाई प्रतिनिधित्व गर्दै कन्सियस इनर्जीले आफ्नो अनुसन्धान तथा विकास सम्बन्धी विशेषज्ञता योगदान गर्ने बताइएको छ । ऊर्जा डेभलपर्सले परिचालनसम्बन्धी अनुभव र लगानी योगदान दिनेछ । ऊर्जा डेभलपर्सले सेयरधनीका रूपमा कन्सियस इनर्जीमा प्रवेश गर्नेछ र यसलाई व्यावसायिक परियोजनाहरूमा ठुलो लगानी आकर्षित गर्ने सार्वजनिक कम्पनीमा विस्तार गरिनेछ ।

कन्सियस इनर्जी नेपालमा ग्रिन हाइड्रोजन व्यवसायको लागि ठुलो सार्वजनिक कम्पनीको रूपमा विकसित हुनेछ । यस साझेदारीले नेपालको कुनै पनि निजी कम्पनीले विश्वविद्यालयबाट गरिएको अनुसन्धान निष्कर्षहरूको स्वामित्व लिन र त्यसलाई वास्तविक र ठुला व्यावसायिक परियोजनाहरूका लागि कार्यान्वयन गर्न अपनाउने अहिलेसम्मको सबैभन्दा ठुलो कदमलाई देखाउने केयूले बताएको छ । यस नयाँ साझेदारीबाट कन्सियस इनर्जीले नेपालमा ग्रिन हाइड्रोजन व्यवसाय प्रवर्द्धन गर्न लगानी आकर्षित गर्ने लक्ष्य राखेको छ । विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. अत्युत वाग्लेले काठमाडौं विश्वविद्यालय नेपालको शैक्षिक जगत र विद्यार्थीको जीवनमा केहि न केही नयाँ कार्यक्रम दिन लागिपरिरहेको बताए । उनले ग्रिन हाइड्रोजनको कार्यक्रम व्यापक मात्राम विकास गर्न सके सरकारलाई पनि उर्जा क्षेत्रमा नयाँ क्रान्ति नै हुँने जिकिर गरे ।

नयाँ वर्ष २०८१ को पावन अवसरमा *सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

- आफ्नो वरिपरि टोलबस्तीलाई सफा सुग्घर राखी सभ्य नागरिकको परिचय दिऊँ ।
- कृषक दाजुभाइ, दिदीबहिनीहरुले नियमित रुपमा खेतबारीको निरीक्षण गरौ । आफ्नो खेतबारी सधैं सफा राखौं । सकेसम्म विषादीको प्रयोग नगरौं । गर्न परे जैविक विषादी प्रयोग गरौं ।
- जन्म, मृत्यु, बसाईंसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गराई विलम्ब शुल्कबाट बचौं ।

**उच्च शिक्षा र रोजगारी** **त्यसपछि गरौं बिहेबारी**

**छत्रेश्वरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोटेचौर, सल्यान**

## हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८१ को पावन अवसरमा *हाम्रा सम्पूर्ण सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश-विदेशमा रहनुहने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**सिद्धरत्न नमुना माध्यमिक विद्यालय परिवार नारायणपुर, दाङ**

## पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं

नयाँ वर्ष २०८१ को पावन अवसरमा *सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*


आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणमा सबैले हातेमालो गरौं

उच्च शिक्षा र रोजगारी त्यसपछि गरौं बिहेबारी

**बनगाड कुपिण्डे नगरपालिका नगरकार्यपालिकाको कार्यालय देवस्थल, सल्यान**

# वैज्ञानिक दृष्टिकोणको निर्माण कसरी गर्ने ?





चिन्तामणी घिमिरे

**हाम्रो देशको शैक्षिक संस्थाहरुमा पढाइने विज्ञानले तर्क र प्रश्न गर्न सिकाउँदैन । शासक वर्गको स्वार्थ अनुकूल हुनेगरी पाठ्यक्रम र पाठ्यसामग्री तयार गरिएको हुन्छ । विदेशी दातृ संस्था हरुको रोहवरमा निर्माण गरिएको शिक्षाले कस्तो जनशक्ति निर्माण गर्ला ?**


वैज्ञानिक दृष्टिकोण कुनैपनि घटनाको पृष्ठभुमिमा उपस्थित कार्य र कारणलाई बुझ्ने प्रवृत्ति हो । वैज्ञानिक दृष्टिकोणले हाम्रो मस्तिष्कमा तर्कशक्तिलाई विकसित गराउँछ साथै विवेकपुर्ण निर्णय लिने कुरामा सहयोग गर्दछ । वैज्ञानिक दृष्टिकोणले मानिसलाई प्रश्न गर्न सिकाउँछ, जिज्ञासु बनाउँछ र यथार्थतासँग जोडछ । वैज्ञानिक दृष्टिकोणका अनुसार त्यो कुरा ग्रहण गर्न योग्य छ, जो प्रयोग र परिक्षणद्वारा सिद्ध गर्न सकिन्छ । अर्थात जो व्यवहारद्वारा पुष्टि भईसकेको छ । जसमा वस्तुनिष्ठतको सम्बन्ध स्थापित गर्न सकिन्छ ।

जनमानसमा वैज्ञानिक दृष्टिकोणको विकास गर्न वैज्ञानिक चेतनाले प्रशिक्षित र दिक्षित भएकाहरुको कर्तव्य हुन आउँछ। विज्ञानलाई आम जनताको बीचमा नपुऱ्याइकन समाजलाई शिक्षित बनाउन सकिदैन । नागरिकहरुलाई शिक्षित बनाउनको लागि वैज्ञानिक शिक्षाको आवश्यकता पर्दछ। प्रत्येक सचेत र चेतनशील नागरिकको यो कर्तव्य हुन्छ कि वैज्ञानिक दृष्टिकोणको विकासको लागि प्रयास गर्नुपर्दछ। अहिलेको शिक्षा प्रणालीले चेतनशील नागरिकको उत्पादन गर्न सक्दैन । शिक्षाले मानिसलाई सचेत र तर्कशील बनाउनुपर्ने हो तर हामीकहाँ त्यस्तो देखिदैन । विज्ञान र प्रविधिमा आधारित शिक्षाले तार्किक र चेतनशील नागरिक पैदा गर्दछ । विज्ञानलाई अप्ठ्यारो विषयमा दर्ज गरिएको छ । सामान्य मानिसले विज्ञान बुझ्न सक्तैनन् भनिन्छ। उनीहरूलाई विज्ञानबाट टाढा राख्ने प्रयास गरिँदै आएको देखिन्छ। तर विज्ञानको आविष्कार मानव जातिले उत्पादनमा भाग लिंदै जाँदा भएको देखिन्छ। श्रमिक वर्ग नै वैज्ञानिक आविष्कारहरुको असली हकदार हो । तर अहिले विज्ञानलाई पूँजीपति वर्गले आफ्नो स्वार्थ पुर्तिको लागि प्रयोग गरिरहेको छ । हाम्रो देशको शैक्षिक संस्थाहरुमा पढाइने विज्ञानले तर्क र प्रश्न गर्न सिकाउँदैन । शासक वर्गको स्वार्थ अनुकूल हुनेगरी पाठ्यक्रम र पाठ्यसामग्री तयार गरिएको हुन्छ। विदेशी दातृ संस्था हरुको रोहवरमा निर्माण गरिएको शिक्षाले कस्तो जनशक्ति निर्माण गर्ला ? समाज विकासको नियम विपरीत अन्य देशमा जस्तै नेपालमा पनि अन्धविश्वासी, रुढीवादी र पाखण्डीहरुद्वारा समाजको विकासको मार्गमा सिर्जना गरिरहेको अवरोधहरुलाई हटाएर एक विवेकशील, न्यायपुर्ण र समतामूलक समाज बनाउनको लागि क्रान्तिकारी, आलोचनात्मक चेत र वैज्ञानिक दृष्टिकोण भएका सचेत तप्का लागिपरेको छ । तर यो संख्या अत्यन्तै न्यून छ। हाम्रो देशको संविधानमा मौलिक हकमा कार्यान्वयन गर्न नपर्ने आकर्षक र मनमोहक शब्दहरु उल्लेख्य गरिएको छ । तर ती व्यवहारमा लागू छैनन् र हुदैनन् पनि। नेपालको संविधान २०७२ को धारा ४ मा नेपाललाई समाजवादउन्मुख राज्यको रुपमा स्वीकार

गरिएको छ । समाजवादउन्मुख भन्नाले समाजवाद तिर फर्केको वा समाजवादी दिशातिर लागेको भन्ने बुझ्नुपर्छ । समाजवादलाई टेवा पुऱ्याउने नीति तथा कार्यक्रम लागू गर्नुपर्छ । राज्यबाट बनाइने नीति तथा कार्यक्रमले हुनेखाने वर्गकै पक्षपोषण गर्दै आइरहेको छ । आधारभुत वर्गको पक्षमा राज्य कहिल्यै पनि देखिएन । संविधानमा समाजवाद भन्ने शब्द जनतालाई झुक्याउनको लागि लेखिएको जस्तो छ । नेपालमा मात्र होइन भारतको संविधानमा पनि समाजवाद शब्दको उल्लेख गरिएको छ । समाजवाद संविधानमा लेख्दैमा खुरुखुरु हिडेर आउने होईन । यो त कष्टसाध्य बाटो भएर आउने कुरा हो । सजिलै प्राप्त हुनेभए श्रमिक वर्गले यस्ती अमानवीय सास्ती किन भोग्नु पर्थ्यो र ? संविधानको उदेश्य भविष्यमा वैज्ञानिक सूचना एवं ज्ञानमा वृद्धि गराएर वैज्ञानिक दृष्टिकोणयुक्त चेतना सम्पन्न समाजको निर्माण गर्नु, समाजवादप्रति प्रतिवद्ध रहि समृद्ध राष्ट्र निर्माण गर्नु हो भनिएको छ। परन्तु वर्तमान सत्य यो भन्दा धेरै टाढा छ।

जब आफ्नो कार्यक्षेत्रमा विज्ञानको आराधना गर्ने, हवाईजहाज, अन्तरिक्षयान एव अन्य यातायातका साधनहरु यात्राको लागि प्रयोग गर्नुभन्दा पहिले शुभमुहुर्त देख्ने (कथित साईत जुराउने), नरिवल फोड्ने र यात्रा प्रारम्भ गर्ने बेलामा भगवानले यात्रा सफल पारुन जस्ता अवैज्ञानिक हरकत गर्ने वैज्ञानिकहरुको सामाजिक व्यवहार नै वैज्ञानिक दृष्टिकोणको विपरीत छ । अरु बाँकी बुर्जुवा बुद्धिजीवीहरु तथा आम शिक्षित-अशिक्षित मान्छेहरुसङ्ग के अपेक्षा गर्न सकिन्छ ? विमान चालकले विमानलाई उडान गर्ने बेलामा भगवानले हाम्रो यात्रा सफल पारुन भन्छन् । चिकित्सकले शरीरको कुनै भाग वा अङ्गको चिरफार गर्ने बेलामा भगवानले सफल पारुन भन्छन् । त्यस्तै इन्जिनियरले पनि भौतिक संरचना निर्माण गर्ने बेलामा भगवानको पुजा गर्छन् र पशुपन्छीको बलि समेत दिन्छन् । शिक्षकले बिहान घरमा भगवानको पुजा गर्छन् र दिउँसो स्कुल पढाउने गर्छन्। यी चारैथरीलाई आफ्नो योग्यता, ज्ञान् क्षमता र सीपमाथि विश्वास नै छैन। यीनले कस्तो नागरिक जन्माउलान् र कस्तो समाजको निर्माण गर्लान् ? अहिलेसम्म समाज भगवान भरोसेमा चलिरहेको छ। समाजको ठुलो हिस्सासँग अध्यात्मवादी र अवैज्ञानिक दृष्टिकोण छ । पढे-लेखेका र आफुलाई शिक्षित र विद्वान ठान्नेहरुनै अन्धविश्वासको आहालमा डुबिरहेका छन् । राज्यसत्ता धर्मको संरक्षक बनेर ठिङ्ग उभिएको छ ।





अहिलेको विश्व धार्मिक उन्मादतिर ढल्केको छ । नेपाल मा राजावादीहरुले हिन्दु धर्मलाई बोकेर हिडिरहेका छन ।त्यस्तै भारतमा भारतीय जनता पार्टीले हिन्दु धर्मकै आडमा सन २०१४ देखि यता लगातार दश वर्षसम्म दुई कार्यकाल पुरा गऱ्यो । अहिले भारतमा लोकसभाको निर्वाचन चलिरहेको छ । भाजपाले हिन्दुवादलाई जोडतोडका साथ उठाइरहेको छ । उता मध्यपुर्वका इस्लाम धर्मको बाहुल्य भएको देशहरुमा पनि धर्मकै नाममा राजनीति गर्ने परम्परा चलिआएको छ । युरोपियन र अमेरिकनहरु संसारभर धर्मको प्रचारप्रसार मा लागिरहेका छन् । गरिब देशका जनताहरुलाई सहयोगको धर्मरुपी विषको प्रसाद खुवाइरहेका छन् । धर्म श्रमिक वर्गका लागि हातमा लगाइएको हतकडि हो । त्यो हत्कडिलाई चुडालेर

मात्र मानवजाती मुक्त हुन सक्छ । धर्मको भ्रमजालबाट मुक्त भएपछि मात्र मानवजाती सुखी र सम्पन्न हुनसक्छ। राज्य संचालकहरु नै धर्मको पोखरी पौडी खेलिरहेका छन् बिहानै रेडियो र टेलिविजनमा धार्मिक कार्यक्रमहरु बजाइएका हुन्छन। विज्ञानको प्रचार गर्ने एउटा पनि रेडियो र टेलिभिजन छैन। आजको समयमा यो सबैभन्दा दुखद पक्ष हो।

हाम्रो देशको शिक्षाप्रणाली अवैज्ञानिक र अव्यावहारिक छ । विश्वविद्यालयबाट उत्पादन हुने शिक्षितहरुसँग पर्याप्त मौलिक व्यावहारिक र सिर्जनात्मक ज्ञानको अभाव देखिन्छ । घोकेर रटेर परिक्षा दिने र धेरै नम्बर ल्याएर पास हुने र जागीर खाने । बस यत्तिनै देखिन्छ लक्ष्य र उदेश्य । विद्यार्थीहरुमा मौलिक, सिर्जनात्मक ज्ञान र तर्कशील क्षमताको अभाव देखिन्छ । पाठ्यक्रमद्वारा निर्धारित गरिएको पाठ्यपुस्तकीय ज्ञानबाहेक अन्य सामाजिक ज्ञानको बारेमा न्युनतम ज्ञान पनि नभएको देखिन्छ । समाजविज्ञान र प्रकृतिविज्ञानको बारेमा ज्ञान हासिल गर्ने कुरा दूर बन्दै गइरहेको छ । प्रत्येक वर्षको माघ फागुनतिर हाम्रो देशको शैक्षिक सस्थाहरुमा वर्षको एकपटक विद्याकि देवी भनिने सरस्वतीको पुजा आराधना गर्ने चलन छ । त्यस दिनलाई श्रीपन्चमी वा सरस्वती पुजा भनिन्छ । विभिन्न धार्मिक सस्थाहरुले खोलेको शैक्षिक संस्थाहरुमा आ-आफ्नो धर्मको धार्मिक ज्ञानद्वारा कलिला मस्तिष्कहरुलाई प्रशिक्षित गर्ने गर्दछन् । विद्यालयहरु विज्ञानको अखडा बन्नुपर्नेमा त्यसो नभएर धार्मिक अखडा बनिरहेका छन् र अन्धविश्वास नामको प्रसाद वितरण गरिरहेका छन् । आजपनि हाम्रो समाज कैयौं प्रकारका अन्धविश्वासहरु र ढोंगहरुको बन्धनमा नराम्रोसँग बाँधिएको छ । जातीय भेदभाव, धार्मिक भेदभाव, ढोंगी बाबाहरुको प्रभाव, डायन, चुडेल र बोक्सीको नाममा महिलाहरूको हत्या, हरेक कार्य गर्नुभन्दा पहिले मुहुर्त देख्नु, कर्मको बदला राशि एवं पुर्वनिर्धारित भाग्यमाथी अधिक भरोसा गर्नु, आधुनिक विज्ञानका नियमहरुलाई आधार बनाएर वैज्ञानिक चेतना फैलाउनुको बदला धार्मिक ग्रन्थहरुमा विज्ञान खोज्नु, आधुनिक चिकित्सा पद्धतिको बदला तान्त्रिक, झारफुकेहरु, धर्मगुरु र महात्माहरुसँग उपचारको आशा गर्नु, खडेरी परेको बेला वर्षा गराउनलाई यज्ञ गर्नु, कहिँकतै जानू परेमा साइत (दिनबार) हेराउनु, बलि दिएर मनोकामना पूरा गर्ने इच्छा राख्नु, सुर्यचन्द्र ग्रहणको राहुकेतुको कोप मान्नु, बिबाहको लागि युवायुवतीको सोचविचार, व्यवहार, मेडिकल फिटनेश जाँच्नुको बदला कुण्डली मिलान गर्नु आदि यसका केही उदाहरणहरु हुन ।

समाजको नसा-नसामा अन्धविश्वास र रुढीबाद भरिएको छ । बाँकी रहेलपहेलको कसर धार्मिक कट्टरपन्थ फैलाउनका लागि राजनीतिक दलहरूले काम गरिरहेका छन् । आफ्ना खराबीहरुलाई लुकाउन, जनतालाई विवेकशील हुनबाट रोक्नको लागि राजनीतिक नेताले अन्धविश्वासलाई प्रोत्साहन दिइरहेका छन् । कोरोना माहामारीमा ताउलो र थाल बजाएर भगाउने, महामारीलाई देवीदेवताको प्रकोप मान्ने, ढोगी बाबाहरुको पछाडि लाग्ने, उनीहरूलाई ढोग्ने, उनीहरुको महिमामन्दन गर्ने, समाजलाई उन्नतिको बाटोमा लैजानुको बदला धार्मिक कर्मकाण्ड, मन्दिर, मस्जिद, चर्च र गुम्बामा अल्झाई राख्ने, कुनै सरकारी भवनको शिलान्यास गर्नपर्दा रास्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सांसदहरुद्वारा भवनको जगमा पुजापाठ गर्नु र उस्तै परे पशुपन्छीलाई बलि दिनु, राजनीतिक दलको उच्च नेतृत्वद्वारा धार्मिक संस्थाहरुमा धार्मिक क्रियाकलाप गर्नु, जसबाट बुझिन्छ कि राजनीतिक नेताहरूले अन्धविश्वासलाई मलजल गरेर हुर्काइरहेका छन्, फैलाइरहेका छन् ।

ईश्वर, परमेश्वर, अल्लाह र प्रभुको इच्छाबाट सृष्टि-प्रकृतिको सञ्चालन भएको मान्ने समाजमा प्रकृतिको नियमहरुमाथि पकड जमाएर नयाँ-नयाँ खोज, अनुसन्धान र आविष्कार गर्ने वैज्ञानिकहरु पैदा हुने आशा कसरी गर्न सकिन्छ ? बच्चाहरुको परिक्षामा राम्रो परिणाम ल्याउनको लागि भगवान, अल्लाह र प्रभुको प्रार्थना गर्न सल्लाह दिइन्छ भने ती बच्चाहरुले कसरी मेहनत/परिश्रमको महत्वलाई बुझ्न सक्छन् ? पुर्वनिर्धारित भाग्यमाथी भरोसा गर्ने समाजले कसरी आफ्नो भविष्य निर्माण स्वयं आफै गर्नुपर्दछ भन्ने विश्वास कसरी गर्न सक्तछ ? आफ्नो गरिबी र दुरावस्थालाई पुर्वजन्मको कर्मको फल मान्ने समाजले कसरी ती शोषकहरु र भ्रष्टाचारीहरुको

विरुद्ध आवाज उठाउन सक्छ ? जो उनीहरूको दुर्दशाको लागि जिम्मेवार छन् । समाजमा व्याप्त जातिगत उचनीचको ईश्वरद्वारा पैदा गरिएको हो भनेर विभाजनलाई स्वीकार गर्ने समाजमा सामाजिक भेदभाव खतम गर्न कसरी सम्भव हुनसक्छ ? धर्म-परम्पराहरुको आड लिएर महिलाहरुमाथी कैयौं बन्देज लगाउने समाजमा नारी स्वतन्त्रता, महिला सशक्तीकरण कसरी व्यवहारमा प्रयोग गरेर जान सकिन्छ ?

आजको समयको माग छ कि, हामी तर्कवादी, विवेकशील, वैज्ञानिक दृष्टिकोणयुक्त समाज निर्माण गर्ने काममा अगाडि बढीरहेका छौं । कुनै पनि देश वा समाजको विकास विज्ञान तथा प्रविधिको विकास वा मानवताको हितमा उपयोग गर्न, समाजलाई तर्कशील, अन्धविश्वासबाट मुक्त, सडेगलेको परम्पराहरुबाट मुक्त बनाएर नै हुनसक्छ । अन्धविश्वास र रुढीवादी परम्पराहरुमा बाँधिएको/जकडिएको समाज उन्नति र आमूल परिवर्तनको सिढीहरु चढ्न सक्दैन ।

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** *सम्पूर्ण सेवाग्राही तथा देश-विदेशमा रहनुहुने न्यायप्रेमी जनहरुमा दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

। विषादीले बिरूवालाई सन्चो बनाउने होइन यसले रोगका जीवाणु र कीराहरूलाई विषको रूपमा कम गर्छ
। अनावश्यक विषादी प्रयोगले मानव स्वस्थय र वातावरणमा पार्छ दीर्घकालीन असर ।

रासायनिक विषादीको बाताबरणामा आसारहरु :
- ❖अलक्षति लाभदायक जीवहरूमा प्रतिकूल प्रभाव
- ❖घरपालुवा एवं जङ्गली जनावरमा प्रतिकूल प्रभाव
- ❖माटो, जल र वायु प्रदुषण तथा प्रतिकूलन
- ❖जैविक विविधतामा ह्रास
- ❖रोग कीराहरूको पुनरूत्थान

विषादि मानव स्वास्थ्यमा पार्ने आसारहरु
- ❖दिमाग बिकासमा समस्या
- ❖रगतमा समस्या
- ❖होर्मोनमा गडबडी
- ❖आँखा, छाला र फोक्सोमा समस्या
- ❖स्नायुप्रणालीमा क्षति

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन ईकाइ, सल्यान**

# पालिकाबासीमा हाम्रो अनुरोध

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** *सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं

३५ दिन भित्र वडा कार्यालयमा गई गरौं, व्यक्तिगत घटना दर्ता ।

व्यक्तिगत घटना दर्ता गरे मात्रै पाईन्छ राज्यले दिने सेवा सुविधा ।।

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**रून्टीगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, रोल्पा**

# के हो स्वतन्त्र नागरिकको दायित्व ?

**आफूभित्र आफैंलाई बाँध्ने बन्धनहरू छन् र ती बन्धनभित्र जकडिएका छौं हामी । हामी कसरी स्वाभिमानी हुन सक्छौं ? आफू स्वयं कसैको गुलाम बन्न तयार छौं, हामी कसरी स्वतन्त्र हुन सक्छौं ? हामी आफ्नै मनको हीनताबोधले रैती बनेका छौं । आफ्नै दासताको जन्जिरभित्र दमित छौं । स्वयं दासतामा बाँधिएको मान्छे, हामी कसरी नागरिक ? पहिले हामी एक स्वतन्त्र, सार्वभौम र स्वाभिमानी नागरिक बनौं । त्यसपछि धेरै कुरा आफैं फेरिनेछ**



**केशव दाहाल**

रोज्जा खेत राणाहरूका । रोज्जा बारी, खर्क, जंगल र बगैंचा राणाहरूका । टार, बेंसी, उपत्यका र चरिचरन राणाहरूका । सहर, चोक र चोकमा ठडिएका ठूलाठूला दरबार राणाहरूका । उनीहरू शासक, हामी शासित । उनीहरू ख्वामित, हामी सेवक । हामी उनीहरूको भक्ति गाउँथ्यौं, बक्सिस थाप्थ्यौं र जयजयकार गर्थ्यौं । हाम्रो तन, मन, धन राणाहरूको । राज्य राणाहरूको । सरकार राणाहरूको । उनीहरू पालनहार, हामी बेसहारा, अबला र पालित ।

सहनु हाम्रो काम थियो । प्रश्न नगर्नु र हरदम मुस्कुराउनु हाम्रो सेवा थियो । अपमान गरुन्, जेल कोचुन् वा भकुरुन्, ख्वामितको भक्ति गर्नु हाम्रो इमान थियो । उनीहरू कोर्रा चलाउँथे, हामी सहन्थ्यौं । चार पाटा मुडेर भन्ज्याङ कटाउँथे, हामी सहन्थ्यौं । शिर ठाडो गर्न पाइँदैनथ्यो । मन खोलेर रुन पाइँदैनथ्यो । ठूलो स्वरमा हाँस्न पनि पाइँदैनथ्यो । हामीसँग उनीहरूले निर्धारण गरिदिएको निष्ठा र नैतिकताको घेरा थियो । हामी त्यसको सीमाभित्र कैद बस्थ्यौं । हाम्रा सुन्दर छोरी मालिकका । हाम्रा बलिया छोरा मालिकका । हाम्रो इज्जत मालिकको । हाम्रो स्वाभिमान मालिकको । हाम्रो रगत, पसिना, श्रम सबैसबै मालिकको । हाम्रो न त निजी सपना थियो, न स्वाभिमान, न त आत्मसम्मान । कोतपर्व होस्, रैतीलाई के मतलब । भण्डारखाल होस्, रैतीलाई के मतलब । राजा फेरिऊन्, रैतीलाई के मतलब । प्रधानमन्त्री फेरिऊन्, रैतीलाई के मतलब । जो आए पनि मात्र जयजयकार गर्नु र दाम चढाउनु रैतीको काम थियो । शिर झुकाउनु र ख्वामितको पाउमा समर्पित हुन पाउनु रैतीको सौभाग्य थियो ।

एकदिन हाम्रा पुर्खाले बगावत गरे । अर्थात्, रैती हुन इन्कार गरे । आन्दोलन भयो । रैतीहरूले आन्दोलनको बलमा राणा शासन फालिदिए । रैतीहरू प्रजा भए । त्यसपछि, खोपीमा रहेका राजाले शिर उठाएर भने, 'अब म शासन गर्छु ।' बिनाप्रश्न हामीले राजालाई स्वीकार गर्‍यौं र त्यसपछि प्रजा भयौं । रैतीबाट प्रजा । हाम्रा शिरमा विराजमान भए, राजा । उनीसँग दरबार थियो । युवराज, युवराज्ञी थिए । नाताकुटुम्ब थिए । सेवक, चाकर थिए । एकदिन चाकरले भन्यो- 'राजासँग राजकीय अधिकार हुन्छ । राजाको सार्वभौमसत्ता सबैभन्दा माथि हुन्छ । राजा संविधानभन्दा माथि हुन्छन् । राजा ईश्वर हुन् । राजा पालनहार हुन् । राजा मौसुफ हुन् । राजा श्री ५ हुन् । र, ती सर्वव्यापी, सर्वशक्तिशाली राजाको देशमा बस्ने निरीह मान्छे तिमीहरू फगत प्रजा हौ । प्रजा हुनु राजाको चरणमा शरणगत हुनु हो ।' यसरी हामी रैतीबाट प्रजा भयौं ।

**नागरिक बन्ने सपना**

विश्वभरका मान्छेले नागरिक बन्नका लागि मुख्यतः तीनवटा महान् क्रान्तिबाट प्रेरणा लिए । बेलायतको गौरवमय क्रान्ति । फ्रान्सको राज्यक्रान्ति । अमेरिकाको स्वतन्त्रता संग्राम । यहींनेर अर्को क्रान्तिलाई पनि सम्झँदा हुन्छ, त्यो हो सोभियत (अक्टोबर) क्रान्ति । यी क्रान्तिहरूले देश, राज्य, सरकार र नागरिकको परम्परागत परिभाषा र सम्बन्धलाई फेरिदिए । आन्दोलनले सम्राटको हातमा निहित दैवी (?) अधिकारलाई खारेज गरिदियो । नागरिक दासबाट मालिक बने । नागरिक सर्वोच्च भए । नागरिकभन्दा माथि कोही पनि रहेनन् । त्यसपछि, मानव सभ्यताले कोल्टे फेर्‍यो । स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकारको नयाँ युग प्रारम्भ भयो । आधुनिक मानव सभ्यतामा नागरिक स्वतन्त्रता र

सर्वोच्चता स्थापित भएको लगभग तीन सय वर्षपछि हिमवत् खण्डका हामी नेपालीमा पनि नवीन चेतना जागृत भयो। त्यही चेतनाको आलोकमा आन्दोलन भयो। प्रथमतः हामीले राणा शासनविरुद्ध आन्दोलन गर्‍यौं। पछि, राणाहरूसँग लडेर मात्र पुगेन। हामीले राजाहरूसँग पनि लड्नुपर्‍यो। हामीले राणा र राजाबाट शासकीय सर्वोच्चताको श्रीपेच खोसेर नगरिकको हातमा ल्याउन निरन्तर प्रयत्न गर्‍यौं। आन्दोलनको त्यो सिलसिला अनेक लहर हुँदै अगाडि बढ्यो। अन्ततः २०६३ सालको आन्दोलनले त्यसका अन्तिम तगाराहरू तोडिदियो। अर्थात्, नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र आयो। रैती वा प्रजा हामी संविधानतः नागरिक भयौं। न त राणा रहे, न राजा। देशको राजकीय सत्ता र सार्वभौमसत्ताको अभ्यास गर्ने वंश परम्परा सत्ताको शिखरबाट झर्‍यो र नागरिकको लाइनमा उभिन आइपुग्यो। संविधानतः नागरिक सार्वभौम भए। संविधानतः नागरिक देशको मुख्य प्राधिकार भए। प्रश्न आउँछन्- हामी रैतीबाट प्रजा हुँदै नागरिकसम्म आइपुग्दा हिँडेको बाटोको लम्बाइ कति होला ? हामीले रैतीबाट नागरिक बन्न बगाएको रगत र पसिनाको मूल्य कति होला ? हाम्रा पुर्खा र हामी स्वयंले त्यसका लागि गरेको त्याग र बलिदानको मूल्य कति होला ? त्यति ठूलो मूल्य चुकाएर हामीले किन आन्दोलन गर्नुपरेको होला ? चुपचाप रैती भएरै बसेको भए के बिग्रन्थ्यो होला ? तर, हामी यसकारण लड्यौं कि, हामी नागरिक बन्न चाहन्थ्यौं। किनभने नागरिक हुनु भनेको देशको मालिक हुनु हो। राज्यको मालिक हुनु हो। नागरिक यस्तो शक्ति हो, जोसँग सार्वभौमसत्ता हुन्छ। जोसँग निर्णय गर्ने अधिकार हुन्छ। जो स्वयं आफ्नो शासक छनोट गर्छ। जो कानुन बनाउँछ र आवश्यक पर्दा कानुन फेर्छ। जो आवश्यक पर्दा शासकलाई दरबारमा बसाउँछ र आवश्यक नपर्दा दरबारबाट भुइँमा पछार्छ। अर्थात्, नागरिक सर्वोच्च हुन्छ र नागरिकभन्दा माथि कोही पनि हुँदैन।

### के हामी सर्वोच्च भयौ ?

प्रश्न आउँछन्- त्यसो भए के हामी सर्वोच्च भयौं ? के हामी सार्वभौम भयौं ? अवश्य नै संविधानमा हामी सार्वभौम छौं। तर अरू पनि प्रश्न आउँछन्, जस्तो कि व्यवहारमा हामी कहाँ छौं ? जीवनका उतारचढाव र कष्टमा हामी कहाँ छौं ? सत्ताको खेलमा हामी कहाँ छौं ? राज्यको निर्णय प्रक्रिया र स्वामित्वमा हामी कहाँ छौं ? सबैलाई थाहा छ, हाम्रो राजनीतिले कागजको पन्ना र मान्छेको जीवनमा सिर्जना गरेको विरोधाभाष। परिणाम, हामी नागरिक भुइँमा छौं। धूलोमा छौं। किनारमा छौं। किनभने, राज्य, राजनीति, सरकार र नेतृत्वले हामीलाई नागरिकको दर्जा दिएकै छैन। उल्टो हाम्रो सत्ताले नागरिक सर्वोच्चताको अपमान गरेको छ। हाम्रो सार्वभौमसत्ता लुटिएको छ। शासकलाई हामीले दिएको सार्वभौम अधिकार हाम्रैविरुद्ध प्रयोग भइरहेको छ। र, हामी चुपचाप सहँदै बसेका छौं। किनभने, हामी नागरिक भएका छैनौं।

तर, यसको अर्को कोण पनि छ। अवश्य नै सत्ता, राजनीति र नेतृत्वले हामीलाई नागरिक बनाएन, तर के हामी स्वयं नागरिक बन्ने प्रयत्नमा लाग्यौं ? के हामी शासकहरूले निर्माण गरेको दासताको घेरा तोड्न लड्यौं ? कि हामी आफ्नो शिरमाथि कुनै ख्वामितलाई विराजमान गराएर दासत्वमा रमाइरहेका छौं ? हामी कस्ता गणतन्त्रवादी हौं, जो हरदम प्रचण्ड, ओली र देउवाभित्र राजा खोजिरहेका हुन्छौं ? आफ्नो स्वतन्त्र अस्तित्वको बोध नहुने हामी कस्ता नागरिक ? केही उदाहरण हेरौं। नेताहरू हाकाहाकी भ्रष्टाचारमा संलग्न हुन्छन् र जेल पर्छन्। त्यही नेता जब जेलबाट निस्किन्छ, हामी स्वागत गर्न फूलमाला लिएर जेल अगाडि पुग्छौं। सरकार भ्रमहरूको पुलिन्दा बाँड्छ। हामी हौसिएर ताली बजाउँछौं। नेताहरू असफल, लोभी र पत्रु छन् भन्ने थाहा छ। तर तिनैलाई स्वागत गर्न हामी प्लेनको ढोकामा दुई सय किलोको माला लिएर हाजिर हुन्छौं। जब नेताको गाउँमा सवारी हुन्छ, गद्गद् हुँदै हामी उसको जयजयकार गर्न लाइनमा उभिन्छौं।

नक्साको देशमा रमाउने हामी। नेताको फगत एक मुस्कानमा रमाउने हामी। चुनाव एउटा गठबन्धनमा पसेर जित्छ, सरकार बनाउँछ अर्कैमा। र, हामी आफ्नै भोटको अपमान भएको त्यो क्षण चुपचाप सहन्छौं। चुनावमा 'नो नट अगेन' भनेर कसैले भोट माग्छ, हामी भोट हाल्छौं। तर, चुनावपछि ऊ तिनै पात्रहरूसँग लहसिन्छ र भन्छ- 'अगेन एन्ड अगेन'। हामी ताली बजाउँछौं। अहिले राज्यसत्तामा या त बिचौलिया छन्, या त छन् पार्टीका हनुमान। आलोचना छैन। प्रश्न छैन। लोकतन्त्र, दलतन्त्रमा फेरिएको छ। हामी भ्रमको लोकतन्त्र शिरमा राखेर रमाउँदै छौं। न त दुःखी हुन्छौं, न रिसाउँछौं। किनभने हामी भ्रममा बाँचेका छौं। लोकतन्त्रको भ्रम। परिवर्तनको भ्रम। सत्ताको भ्रम। नेतृत्वको भ्रम। वस्तुतः आज हामी

जेलाई लोकतन्त्र भनिरहेका छौं, असलमा यो दलतन्त्र हो या त हो दलालतन्त्र । हामी लोकतन्त्रलाई दलालतन्त्र बनाउने तिनै भ्रष्ट नेताहरूको दरबारमा स्वस्ती गर्न ब्रह्ममुहूर्तमै जान्छौं । के यतिधेर चाकडीबाज मान्छे पनि नागरिक हुन्छ ? स्वयं दास बन्नमै खुसी हुने हामी कस्ता नागरिक ?

बितेका अनेकौं अनेक वर्षदेखि ठग्नेहरूले ठगिरहेका छन् । नयाँनयाँ ठग आउँछन् । जादु देखाउँछन् । देश बनाउने गफ हाँक्छन् । हामीसँग न त प्रश्न छन्, न विवेचना । हामी तिनलाई भगवान् बनाउँछौं । हामी तिनलाई ख्वामित बनाउँछौं । तिनको स्तुति गाउँछौं । विचार गरौं त जो स्वयंले आफूलाई मालिक ठान्दैन, ऊ कसरी मालिक हुन्छ ? भुलभुलैया जस्ता प्रश्न मनमा बोकेर स्वयं अलमलमा छौं हामी । जस्तो, दल हाम्रा सेवक हुन् कि हामी दलका सेवक ? सरकार हाम्रो सेवक हो कि हामी सरकारका सेवक ? देशमा गतिलो अस्पताल छैन । विश्वविद्यालय छैन । पार्क छैन । खेलमैदान छैन । वृद्धाश्रम छैन । उद्योग छैन । रोजगारी छैन । मात्र छ, भ्रष्टाचार र बेथिति । गरिबीको ओरालो यात्रा तेज छ । तर हामी वर्षौंवर्षदेखि पार्टी-पार्टी भनेर कुदेका छौं र उनीहरूका असफलतालाई बिर्सिरहेका छौं । न त पार्टीहरूलाई प्रश्न गर्ने हामीसँग तागत छ, न नेतृत्वलाई अस्वीकार गर्ने सामर्थ्य । हामी आफैं दलको दास बन्नमा खुसी छौं । हामी स्वयं नेताको चाकर बन्नमा हर्षित छौं । हामी कस्ता नागरिक ? हामी कसरी नागरिक ? हामी मनका प्रश्न मनमै दबाउँछौं । नेताका अगाडि बेहिसाब मुस्कुराउँछौं । सबै कुरा चुपचाप सहन्छौं । हामीलाई सपनामा पनि आशीर्वाद दिने ख्वामित चाहिएको छ । चाकडी गर्न मालिक चाहिएको छ । हामीलाई आफैंमा विश्वास छैन । आफैं यो जुनीमा केही गर्न सकिन्छ कि भन्ने सपना छैनन् । पालनहारहरू खोजेर हामी स्वयं रैती बन्छौं । स्वयं हामीमा आफू मालिक हुनुको बोध छैन । हामी अभावले घेरिएका छौं । हामी महँगीले थिलथिलो छौं । बेथितिले भत्किएका छौं । पाइला पाइलामा अपमान छ । आफैंमाथि यति धेरै अपमान हुँदा पनि सहेर बस्ने निर्धा मान्छेहरू हामी कसरी नागरिक ? हिजो राणा साहेबहरूका रैती हामी, आज नयाँ साहेबहरूका सेवक बनेका छौं । यो कसरी गणतन्त्र भयो ? हामी कसरी नागरिक भयौं ? अन्त्यमा यति भन्छु, वस्तुतः नागरिक हुनु भनेको तीनवटा कुरा हुनु हो । पहिलो, स्वतन्त्र हुनु हो । दोस्रो, सार्वभौम हुनु हो । तेस्रो, स्वाभिमानी हुनु हो । हामी न त स्वतन्त्र छौं, न हामीलाई आफ्नो सार्वभौमिकताको बोध छ । न त नागरिकको सामर्थ्य थाहा छ, न शक्ति । आफूभित्र आफैंलाई बाँध्ने बन्धनहरू छन् र ती बन्धनभित्र जकडिएका छौं हामी । हामी कसरी स्वाभिमानी हुन सक्छौं ? आफू स्वयं कसैको गुलाम बन्न तयार छौं, हामी कसरी स्वतन्त्र हुन सक्छौं ? हामी आफ्नै मनको हीनताबोधले रैती बनेका छौं । आफ्नै दासताको जंजिरभित्र दमित छौं । स्वयं दासतामा बाँधिएको मान्छे, हामी कसरी नागरिक ? पहिले हामी एक स्वतन्त्र, सार्वभौम र स्वाभिमानी नागरिक बनौं । त्यसपछि धेरै कुरा आफैं फेरिनेछ । -कान्तिपुरबाट

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** ***सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

- कृषक दाजुभाइ, दिदीबहिनीहरुले नियमित रुपमा खेतबारीको निरीक्षण गरौ । आफ्नो खेतबारी सधैं सफा राखौं । सकेसम्म विषादीको प्रयोग नगरौं । गर्ने परे जैविक विषादी प्रयोग गरौं ।
- सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण मिति २०७९ साउनदेखि भदौ मसान्तसम्ममा मात्र रहेकाले समयमा नै आवश्यक कागजातसहित वडा कार्यालयमा नवीकरण गराउनुहुन एवम् नयाँ लाभग्राहीहरु पनि सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि वडा कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गराई विलम्ब शुल्कबाट बचौं ।

**शान्तिनगर गाउँपालिका चिराघाट, दाङ**

नयाँ वर्ष २०८१ को पावन अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक शिक्षाप्रेमी महानुभाव तथा देश विदेशमा रहनूहुने समस्त नेपालीहरुमा कर्ममा निपूणता, आत्मसम्मानको खोजि सहित मानवीय सेवाभावको विकास होस भन्दै सु-स्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक शूभकामना व्यक्त गर्दछौं । शिक्षामा गरिने लगानी राष्ट्र निर्माणको बलियो आधार भएकोले छोराछोरीलाई समान स्तरको शैक्षिक लगानी वृद्धि गर्न सम्पूर्ण महानूभावहरुले विद्यालय जाने उमेरका सबै बालबालिकालाई अनिवार्य विद्यालय पठाउने गरौं । प्रत्येक अभिभावकले आफ्ना बाबूनानीका गतिविधि ख्याल गरौं, उनीहरु के गरिरहेका छन्, कता गइरहेका छन् । प्रविधिमा आधारित नैतिक संस्कारयुक्त गुणस्तरीय शिक्षा, आजको अनिवार्यता

प्रधानाध्यापक एवं
**अमरसिंह माध्यमिक विद्यालय परिवार**
झिमरुक १, प्यूठान

प्रधानाध्यापक एवं
**लक्ष्मी माध्यमिक विद्यालय परिवार**
झिमरुक ४, प्यूठान

प्रधानाध्यापकः एवं
**जनता माध्यमिक विद्यालय परिवार**
मल्लरानी १, प्यूठान

प्रधानाध्यापकः एवं
**अमर माध्यमिक विद्यालय परिवार**
मल्लरानी २, प्यूठान

प्रधानाध्यापक एवं
**दाङवाङ माध्यमिक विद्यालय परिवार**
ऐरावती १, प्यूठान

प्रधानाध्यापक एवं
**धर्मोदय माध्यमिक विद्यालय परिवार**
जावुने, प्यूठान

प्रधानाध्यापक एवं
**अरनिको आधारभुत विद्यालय परिवार**हरिखोला, प्यूठान

प्रधानाध्यापक एवं
**इभरग्रीन बोर्डिङ स्कुल परिवार**
विजुवार टारी, प्यूठान

प्रधानाध्यापकः एव
**ने.रा. आधारभुत विद्यालय परिवार**
टारी, प्यूठान

प्रधानाध्यापक एवं
**कालिका प्राथमिक विद्यालय परिवार**
बिजुवार, प्यूठान

प्रधानाध्यापक एवं
**जनसेवा प्राथमिक विद्यालय परिवार**
इन्द्रेडाँडा, प्यूठान

प्रिन्सिपल एवं
**रेन्बो एकेडेमी बोर्डिङ स्कुल परिवार**
जुम्री, प्यूठान

# जनहितमा जारी सन्देश !

## • व्यक्तिगत सरसफाई

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अगाडि पछाडि, शौचालय गएपछि, दिशा धोएपछि घरबाट निस्किएर कुना प्रवेश गर्ना वित्तिकै साबुन पानीले प्रशस्त फिज निकालेर मिचिमिचि हात धुने तथा सफा कपडाले फुछ्ने वा सुकाउने गरौं ।
- हातखुट्टाको नङ नियमित काटौं, नियमित नुहाउने तथा कपडा धुने गरौं, नियमित दाँत माझ्ने गरौं ।

## • घरायसी सरसफाई


- घरभित्र, बाहिर तथा यसको वरपर नियमित सरसफाई गरौं ।
- शौचालय बाहेक अन्यन्त्र दिशापपिसाव नगरौं ।
- शौचालयमा प्रशस्त पानी र साबुनको व्यवस्था गरौं ।
- शौचालय नियमित सरसफाई गरौं ।

## • वातावरणीय सरसफाई

- घर वरपर तथा टोल समुदायको सरसफाई गरौं ।
- जल्ने, गल्ने तथा नगल्ने फोहोर घरायसी रुपमै छुट्याऔं । गल्ने फोहोरको मल बनाई प्रयोग गरौं ।
- नगल्ने फोहोरको सुरक्षित विसर्जन गरौं ।
- पलाष्टिकजन्य पदार्थको प्रयोगमा निरुत्साहित गरौं, पलाष्टिक जलाउने कामको कडाई गरौं।
- सार्वजनिक स्थानहरूको भुँईलाई क्लोरिन राखेको पानी वा डिटरजेन्टले नियमित पुछ्ने गरौं।
- संक्रमणका सम्भावना भएका क्षेत्रको भुँई ०.२ प्रतिशत क्लोरिन झोलले पुछ्ने गरौं।
- संक्रमण हुने स्थानहरूमा गएपछि व्यक्तिको सम्पूर्ण कपडाहरू ०.१ प्रतिशत क्लोरिन झोलको पानीमा भिजाएर घाम सुकाउने गरौं ।
- सार्वजनिक स्थानहरूको ढोकाको हैन्डिल, रेलिङ, भुँई, भित्ता टेबुल, कुर्सी आदिमा क्लोरिन झोलले नियमित पुछ्ने गरौं ।

कर्णाली प्रदशे सरकार
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय
**खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालय**
खलङ्गा सल्यान

# किन बनिरहेछन् चिहानमाथि महल ?






नविन अभिलासी

जब मानिसले भोकमाथि विजय प्राप्त गऱ्यो, त्यसपश्चात विचारमाथि विचार गर्न सुरु गऱ्यो, दर्शनको सौन्दर्य चिन्तन प्रणाली विकास गऱ्यो । एक प्रकारले भन्ने हो भने कवितात्मक जीवन बाँच्ने आदिम मानव समाजले विस्तारै कवितामाथि नै सोँच्ने सामर्थ निर्माण गऱ्यो । यसकारण मानव समाजका लागि कविता किन जरुरी छ ? भन्ने यो भन्दा राम्रो तथ्यगत तर्क अर्को पाउन मुस्किल पर्छ ।

भनिन्छ, समाज विकासको बीज कवितामा निहित हुन्छ । कविताको चेतनामा समाजको व्याख्या र रुपान्तरणको सामर्थ हुन्छ । अझ दक्षिण एसियाली समाजका लागि कविताको स्वरुपले नै विशेष अर्थ राख्छ । निश्चित जात र घरानाभित्र कैद कविता जब आम उत्पीडित वर्ग समुदायको आँगनमा आइपुग्यो, जब आदिवासी ओठहरुले गीत बनाएर गाउन थाले, दलितहरुले त्यसमा लय मिसाए, तब कविताको विरासत र त्यसको औचित्यले विराट रुप धारण गर्दै गयो । अन्ततः कविता वैचारिक आन्दोलनको सशक्त अस्त्र साबित हुन पुग्यो ।

कविता कसका लागि लेख्ने ? यो प्रश्नको उत्तर कवि घनश्याम अस्तित्वको हालै प्रकाशित कृति 'चिहानमाथि महल बनाईरहेको मान्छे'ले राम्रोसँग दिन्छ । कविताको केन्द्रमा मनुष्यको उपस्थिति अनिवार्य हुने परम्परागत काव्य लेखनको मान्यतालाई वृहत्तर बहसमा ल्याउन सक्ने संग्रह हो यो । मानवीय चकचकको विरुद्ध लेखिएका कविताले हाल वैश्वीक चासोका रुपमा रहेको पर्यावरणीय मुद्धालाई सशक्त रुपले उठाएको छ । मानविय इर्ष्या र फगत राष्ट्रवादका कारण एम्बुस बन्दै गरेको, चिहानमा रुपान्तरण भैरहेको पृथ्वीको भविष्य सोँच्नका लागि 'चिहानमाथि महल बनाईरहेको मान्छे'ले आह्वान गर्छ । संग्रहभित्रका शिर्ष कवितादेखि 'पृथ्वी बिरामी छ' लगाएतका कविताहरुले मानवीय मूल्य विघटन भएको घोषणा गर्दछन् । करोडौ प्राणीको साझास्थल पृथ्वी मृत बन्दै गरेको यो आततायी घटनाक्रमका लागि को जिम्मेवार छ ? विद्वान् म्याक्स वेवरले भन्छन्, भौतिक स्रोत र साधनको पहुँचले वर्गको निर्माण गर्दछ, स्रोत र साधनमा सबै मानिसको समान पहुँच हुँदैन । अक्सफामले हाले सार्वजनिक गरेको रिपोर्टले संसार कै सर्वाधिक धनी मुट्ठीभर व्यक्तिहरूको सम्पत्तिमा ठूलो मात्राले वृद्धि हुँदा पृथ्वीका अर्बौं मानिसहरू झन झन गरिबीतर्फ धकेलिएका छन् । नेपालकै नदीमा बनिरहेका आयोजनाले युगौंदेखिको जलप्रवाहको दिशा र गति मोडिदिएपछि माछा लगायतका जलचरको संख्या घटेको छ । नदितटिय क्षेत्रका बासिन्दाको जीवनशैली धरापमा छ । यो सामान्य दृष्टान्त नै पर्याप्त छ - पृथ्वीलाई कसले चिहान बनाइरहेको छ ? विद्रोह, संघर्ष, औकात, साझा सम्पत्ति, बजेट भाषण, नयाँ क्यालेन्डर, किसान, बा र रुखहरु, दास, दरबार हेरिरहँदा, कमरेड, महाभूकम्प लगाएतका कविताहरु वर्गीय विभेदबाट समाजमा निर्माण भएका मनोविज्ञानका विविध आयामहरु हुन् । कविता समाजद्वारा लेखिने विषय हो । कविता निर्माणमा तत्कालिन समाजको चेतना, मानव क्रियाकलाप, मनोविज्ञान र संरचनागत दृष्टिकोणले काम गर्छ । पक्षधरताको सैद्धान्तिक आँखिझ्यालबाट हेर्दा नेपाली कविता लेखनको प्रशिक्षण पद्यती गलत छ । कविता बतासिएर, बेहोसीमा लेखिने कुरा होइन, कविता त निक्कै सचेतपूर्वक लेखिने कुरा हो । लामो जीवनको कठोर अनूभवबाट निकालिएको जीवनदर्शन मिसाएर निर्माण गर्ने

कुरा हो । यो मान्यतामा कवि अस्तित्वले काम गरेका छन् । ६६ थान कविताको संग्रहभित्रका मान्छे, औकात, प्रतीक्षा, झरी, दुरी, गाउँ छाडेपछि, पिपलबोट, तिम्रा हातहरु, तिमी गएपछि लगाएतका कविताहरु जीवनयापनका कठोर दुखहरुले निर्माण गरेका सत्य हुन् । तर सत्य कहिलेकाही आदर्श बन्न सक्दैन । कविताको शक्ति मानवीय जीवनका प्रेम, आदर्श, स्वप्न र सङ्घर्षहरूमा अन्तर्निहित भएर उठ्छ । कविताको सम्बाद देशको राजनीतिसँग हुन छोड्यो भने त्यसको शक्ति क्षीण भएर जाने सम्भावना हुन्छ । त्यसैले कवि अस्तित्वले ' लोकतन्त्र' कवितामा चङ्गाको उडानसँग तुलनात्मक व्याख्या गरेका छन् । कमरेड, गाउँ नफर्किनु होला कवितामा वर्तमान राजनीतिक दलका नेतृत्वको शैली छताछुल्ल पारेका छन् भने नेपाल बन्द छ र लोकतन्त्रको हावामा राजनीतिको कुरुप चित्रहरु खिचेका छन् । वर्तमान शिक्षा प्रणालीको एक्स-रे खिच्ने कविता हो 'विश्वविद्यालय', 'हेडसरको झापड' र 'जीवनका किताबहरु' । नेपाली ग्रामिण जनजीवनको अनुहार देखिने कविता हो 'गाउँको बस', 'आमा र आँसु' र 'चुरोट बाजे' ।

कविता एउटा यस्तो सेतु हो जसले मनुष्यलाई ब्रह्माण्डसँग, प्रकृतिसँग सामाजिक यथार्थ र त्यसका विलक्षणताहरूसँग जोड्न सक्छ । एक विशिष्ट भाषाको माध्यमबाट विशिष्ट लय निर्माण गर्नसक्छ । आजका कविहरुमा विचारको निर्माणले प्राथमिकता पाएको छ । कवितालाई समाज र संस्कृतिका विविधतासँग जोडेर आफ्नो समयको जडता भत्काउन उद्यत देखिन्छन् कविहरु । कविताहरूको डिस्कोर्समा आएको रुपान्तरण यस्तै कविताको निर्माताकै कारण हो । किनार कृत आवाजविहीन तर स्वप्तवान मानिसले फगत आफ्ना लागि होइन सिंगो पृथ्वीका लागि कवितामार्फत उद्घोष गरिरहेछन् । कविता लेखन भनेको रुख रोप्नु जस्तो हो । संसारमा जति रुख रोपे पनि कहिले धेरै हुदैन । त्यस्तै नयाँ नयाँ कविताहरु लेखिरहन जरुरी छ । प्रत्येक समाजले लेख्नुपर्ने तमाम मुद्धाहरु प्रत्येक समयमा छोडिरहेको र छुटाइरहेको हुन्छ । त्यसको भरण पछिल्लो पुस्ताले निकै गम्भीरता पूर्वक र सचेतनापूर्वक गुर्नपर्छ । जुन अहिलेको पुस्ताले स्वर्णकिरणहरु देखाएको छ ।

**नयाँ वर्ष २०८१ को पावन अवसरमा**
*हाम्रा सम्पूर्ण सेयरधनि, कार्यसमिति सदस्य, सेवाग्रही तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण सहकारीप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

व्यवस्थापक
बालाराम न्यौपाने

अध्यक्ष
कृष्णप्रसाद पौडेल

**एकीकृत बचत तथा ऋण सहकारी संस्था लि.**
**गौमुखी ५ ठुलावेसी, प्यूठान**

**नयाँ वर्ष २०८१ को पावन अवसरमा** *सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

- आफ्नो वरिपरि टोलबस्तीलाई सफा सुग्घर राखी सभ्य नागरिकको परिचय दिऊँ ।
- कृषक दाजुभाइ, दिदीबहिनीहरुले नियमित रुपमा खेतबारीको निरीक्षण गरौ । आफ्नो खेतबारी सधैं सफा राखौं । सकेसम्म विषादीको प्रयोग नगरौं । गर्नै परे जैविक विषादी प्रयोग गरौं ।

३५ दिन भित्र वडा कार्यालयमा गई गरौ, व्यक्तिगत घटना दर्ता ।
व्यक्तिगत घटना दर्ता गरे मात्रै पाईन्छ राज्यले दिने सेवा सुविधा ।।

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**सरुमारानी गाउँपालिका, बडडाँडा, प्युठान**

# पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सद्भाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

उच्च शिक्षा र रोजगारी — त्यसपछि गर्ने गरौं बिहेबारी

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**
लुम्बिनी प्रदेश पोवाङ, रोल्पा

नयाँ वर्ष २०८१ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा हाम्रा सम्पूर्ण ग्राहक वर्ग, समस्त व्यवसायी मित्रहरु तथा देशविदेशमा रहनुहुने सम्पूर्ण जनसमुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

हामीकहाः घर निर्माणका
सम्पूर्ण सामाग्रीहरू सिमेन्ट, छड फिटिङका सामाग्री सुपथ मुल्यमा पाइनुको साथै
ग्रील सम्बन्धि सम्पूर्ण काम पनि गरिन्छ ।

गुणस्तरीय सामाग्रीको प्रयाप्ततामा हाम्रो प्रतिवबद्धता । एकपटक सेवा गर्ने मौका अवश्य दिनुहोला

प्रोप्राइटरः कृष्ण केसी

# केसी ग्रील उद्योग

नौबहिनी-६ बहाने, प्यूठान

नयाँ वर्ष २०८१ को पावन अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक शिक्षाप्रेमी महानुभाव तथा देश विदेशमा रहनूहने समस्त नेपालीहरुमा कर्ममा निपूणता, आत्मसम्मानको खोजि सहित मानवीय सेवाभावको विकास होस भन्दै सू-स्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक शूभकामना व्यक्त गर्दछौं । शिक्षामा गरिने लगानी राष्ट्र निर्माणको बलियो आधार भएकोले छोराछोरीलाई समान स्तरको शैक्षिक लगानी वृद्धि गर्न सम्पूर्ण महानूभावहरुले विद्यालय जाने उमेरका सबै बालबालिकालाई अनिवार्य विद्यालय पठाउने गरौं । प्रत्येक अभिभावकले आफ्ना बाबूनानीका गतिविधि ख्याल गरौं, उनीहरु के गरिरहेका छन्, कता गइरहेका छन् । प्रविधिमा आधारित नैतिक संस्कारयुक्त गुणस्तरीय शिक्षा, आजको अनिवार्यता

**उच्च शिक्षा र रोजगारी, त्यसपछि बल्ल गरौं बिहेवारी**

प्रधानाध्यापक एवं
**महेन्द्र मा.वि परिवार**
ऐरावती गाउँपालिका ५, प्यूठान

प्रधानाध्यापक एवं
**बलभद्र मा.वि परिवार**
झिमरुक गाउँपालिका २, प्यूठान

प्रधानाध्यापकः अमृत केसी
**जनसहयोगी मावि परिवार**
गौमुखी गाउँपालिका ४, प्यूठान

प्रधानाध्यापक एवं
**अर्खा मा.वि परिवार**
गौमुखी गाउँपालिका १, प्यूठान

प्रधानाध्यापक एवं
**खरा मा.वि परिवार**
गौमुखी गाउँपालिका ३, प्यूठान

प्रधानाध्यापक एवं
**महेन्द्र मा.वि परिवार**
गौमुखी गाउँपालिका ४, प्यूठान

प्रधानाध्यापक एवं
**प्रभात मा.वि परिवार**
झिमरुक गा.पा. ३ प्यूठान

प्रधानाध्यापक एवं
**अमृत जीवन मा.वि परिवार**
गौमुखी गाउँपालिका ७, प्यूठान

## सम्पुर्ण उद्यमी व्यवसायीहरुमा हाम्रो अनुरोध

- दर्तावाला व्यवसायीहरुबाट मात्र चिज बस्तु खरिद गर्नुहोस् ।
- उद्योग व्यवसायको बारोबार गर्ने स्थानमा साईनबोर्ड, उत्पादनको नाम ठेगाना, प्यान/भ्याट आदि दर्ता कागजात छन् छैनन् हेरौं ।
- औषधी, औषधीजन्य पदार्थ एवं अन्य उपभोग्य बस्तुमा लेबल, बस्तुको मूल्यसूची, नापतौल, उपभोग्य मिति आदि जाचबुझ गरेर मात्र खरिद बिक्री गरौं ।
- बस्तु उत्पादन शिलशिलामा प्रयोग भएका कच्चा पदार्थ भण्डारण विधि उपभोग तरिका र सरसफाई छ, छैन् हेरौं ।
- बस्तु तथा सेवा खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो, अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने, दिने गरौं ।

**घरेलु तथा साना उद्योक कार्यालय खलङ्गा,प्यूठान**

# शैक्षिक संघर्षका पानाहरु पल्टाउँदा...........

**श्रद्धेय गुरु धिर्जमान श्रेष्ठ जसले मलाई घरै गएर पाठशालासम्म पुऱ्याई कक–नन गर्न सिकाउनुभयो । उहाँलाई म जीवित रहुञ्जेल स्मरण गरिरहने छुं । गुरुलाई १ माना चामल र ५० पैसा मासिक शुल्क तिर्नुपर्दथ्यो । त्यो सबै आमाले कहाँबाट जुटाउनुहुन्थ्यो याद भएन ।**



बिरबहादुर रायमाझी

गरिबीमा बितेको बालापनले जीवन परिपक्व हुन्छ । जीवन संघर्षशील हो, जीवन गतिशील हो । जब मनुष्यले यस धर्तीमा जन्म लिन्छ त्यहिबांट शुरुहुन्छ उसको जीवनचक्र । जीवनका अनेक उतारचढाव उल्टो-सुल्टो, भिर-पहरा, पाखा-पखेरा, कुना-कन्दरा पार गर्दै जीवनको आरोह र अवरोहहरुसँग पौडीवाजी खेल्दै निरन्तर अगाडी बढिरहेको हुन्छ जीवन । जबसम्म उ जीवित रहन्छ तब जीवनको अन्तिम पलसम्म समाजलाई केहि न केहि दिन चाहन्छ । जीवनमा जे-जति उपलब्धि हासिल गरेता पनि पहिलो प्राथमिकता जीवित रहनु नै हुन्छ । जीवन जीवित राख्नुको निमित्त उ पृथ्वीको धरातलमा भौतारिदै धर्तीको कुना-कुनामा दौडिरहेको हुन्छ । जस्तोसुकै विकराल परिस्थितिमा पनि उसलाई हातमुख नजोरी सुखै हुंदैन । यो जीवनयापन गर्ने अनिवार्य प्रक्रिया पनि हो ।

जीवनको त्यस्तै कहालीलाग्दो परिस्थितिमा अर्घाखाँची तीनपिप्लेबाट पिता नैनसिंह रायमाझी ५ जनाको परिवार लिएर प्युठानको झिमरुक गाउँपालिका वाड नं. ५ जाइखोर खहरे बस्तीको सल्लेरिघारी छेवैमा बस्नुभएको रहेछ ।

दोश्रो बिबाहपछि हामी ५ जनाको जन्मलगत्तै पिता नैनसिंह रायमाझीको स्वर्गारोहण भएको अवस्थामा बालबच्चा हुर्काउने र शिक्षा-दिक्षा दिने आमा पुतला रायमाझीको जिम्मेवारी भयो । काहालिलाग्दो आर्थिक संकट सामना गर्ने क्रममा सबै बालबच्चा शिक्षाबाट बञ्चित हुनुपऱ्यो । म कान्छी फुपुको संरक्षणमा हुर्कंदै ठाउँ-ठाउँ चाहार्दै हासिल गरेको शैक्षिक खुड्किलासँग संघर्ष गर्दै जिल्लाका विभिन्न चकटे पाठशालामा अध्ययन गर्दाका शैक्षिक संस्मरणको छोटो संगालो बालशिक्षा माध्यमिक विद्यालयसँग जोडियो । जहाँ आफ्नो परिश्रमसहित विद्यालयले आर्थिक उन्नतिको लागि चालेका शैक्षिक अगुवाहरुको निर्देशनमा संस्थालाई सक्दो भौतिक सहयोग गर्दै शिक्षा हासिल गरेको थिएँ । अतः शैक्षिक अगुवाहरुको योगदानको स्मरण गर्दै यो शैक्षिक संस्मरण उजागर गर्ने जमर्को गरेको छुँ ।

प्युठानका ९ स्थानीय तहमध्ये झिमरुक गाउँपालिकामा बालविकास ५०, निजी विद्यालय १०, प्राथमिक विद्यालय ६ र माध्यमिक विद्यालय १० गरी जम्मा ७६ वटा विद्यालयहरु रहेका छन्।

प्युठानमा नारीकोट, भित्रिकोट, माडीखोला, उदयपुरकोट, कालाशेष र वाइसखुवा गरि ६ थुम थिए । हाम्रो गाउँ ओखरकोट-नारीकोट थुममा पर्दथ्यो । शुरुमा विद्यालय सञ्चालन गर्दाको कहालीलाग्दो आर्थिक संकटका बावजुद संघर्ष गर्दै स्वयमसेवक, शिक्षक र गुरु नरबहादुर क्षेत्रीले आफ्नो रचनामा भनेजस्तै कोदो, मकै जस्ता खाद्यान्न तलब लिएर सञ्चालित थियो । नयाँशिक्षा लागू हुँदा पहिलेका शिक्षकहरुको विद्यालय हालसम्म ऋणी छ । बालशिक्षा माविको हाल स्थिर पुँजी २ सय १३ रोपनी छ । भौतिक पुर्वाधार भवन, फर्निचर, खानेपानी लगाएत शैक्षिक सामग्री प्रयाप्त छन् । यसको आन्तरिक कोष पनि १ करोड हाराहारीमा रहेको देखिन्छ ।

जब म अँगारले पोतिएको कालोपाटीमा रेखाङ्कित पार्ने चिउरे ढुङ्गाको खरी गोजीमा राखी पाठशाला गएँ । कापी, कलम, किताब, मसी बजारमा नै नभएजस्तो लाग्छ । गोडामा लगाउने चप्पल थिएन । लाज ढाक्ने कट्टु थिएन । भोटाको फेरले लाज ढाक्थें । पाठशाला भवन थिएन । मकैको पोक्सरबाट आमाले तयार पारेको चकटी खोकिलामुनि च्यापी पाठशाला जान्थें । खुलाचौर, बेलघारी, पाटीपौवा, ठाँटी, खालीघरका दलान, चौतारा, पिपलको छहारीको सहारा लिएर पाठशाला एदाकदा सञ्चालित थिए । गुरु धिर्जमान श्रेष्ठसँग क, ख, अ, आ का सावा अक्षर श्रीगणेशायें गरें ।

श्रद्धेय गुरु धिर्जमान श्रेष्ठ जसले मलाई घरै गएर

पाठशालासम्म पुऱ्याई कक-नन गर्न सिकाउनु भयो। उहाँलाई म जीवित रहुञ्जेल स्मरण गरिरहने छु। गुरुलाई १ माना चामल र ५० पैसा मासिक शुल्क तिर्नुपर्दथ्यो। त्यो सबै आमाले कहाँबाट जुटाउनुहुन्थ्यो याद भएन। शिक्षा लिने चेलाहरु ६/७ जना थियौं।

चुलोचौको र मेलापातको घेरा तोडेर छोरीवेटीले पढेभने बिग्रन्छ भन्ने जस्ता रुढीवादी सामाजिक परिवेशमा समाजले दिदी लक्ष्मीलाई पठनपाठनमा मात्र रोक लगाएन कि साँवा अक्षरसम्म चिन्ने अवसर दिएन। यद्यपि उहाँले मेरो समग्र विकासमा निकै महत्वपूर्ण योगदान दिनुभयो।

गौमुखीबाट अविरल बगिरहने झिमरुक नदी र गुल्मीको मुलपानी मुलबाट बगिरहेके रेगाड खोलाको संगमस्थल मच्छीको बेलघारी र डुम्रीरुखमा सुन्दर बहादुर जीसीले निर्माण गरेको काठैकाठको सुन्दर पौवामा ८/९ जनाले पढ्यौं। धर्मको खातिर निर्माण गरिएको त्यस पौवामा हाटबजार बुटवल जाने आउने हटारुहरु वास बस्ने गर्दथे। त्यस समयमा प्युठानमा धेरै ठाँटीपौवाहरु पूर्वजहरुले निर्माण गरेको देखिन्छ। जस्तै सयमुरेठाँटी, बाङ्गेफेदीठाँटी, खड्करेठाँटी, पुरनठाँटी, चुँजाठाँटी, ढुङ्गेठाँटी, घुम्नेठाँटी, मच्छीठाँटी, मुलुकबहादुरले निर्माण गरेको डाँणाठाँटी, आहालखोला झिमरुक दोभानको विरौटामा इन्सिंङ् खड्काले निर्माण गरेको ठाँटी, दहखोला चुंदरी खोलाको संगमस्थल मजुवाठाँटी, झिमरुक किनारमा रहेको थापडाँडा फेदीको ठाँटी, पखरचौरठाँटी, सालठाँटी, जयठाँटी आदि चर्चित ठाँटी हुन्। त्यस्तै अर्घाखाँची बल्कोटमा पौवा राणाकालमा निर्माण भएको कलायुक्त पौवा आजसम्म छ। पाल्पाको रिडिमा रहेको दत्तेपौवा पनि प्रसिद्ध पौवा हो। स्मरण रहोस: उक्त ठाँटी तथा पौवाहरु सामान ढुवानी गर्ने समयमा बास बस्नको लागि र दाहसंस्कार गर्दा ओतलाग्ने, लास राख्नका लागि प्रयोग गर्ने गरेको पूर्वजहरुको सामाजिक सेवाभावको रुपमा प्रष्ट देखिन्छ। अधिकांश चकटे पाठशाला तिनै ठाँटी पौवामा सञ्चालित थिए। हिउदको समयमा जब घरमा काम हुँदैनथ्यो त्यसै समयमा ४ महिना पढ्ने गर्थ्यौं भने बाँकी ८ महिना घरायसी काम गर्ने, डण्डीवियो(लारी) खेल्ने, ग्वालापात जाने, चारी खेल्ने गर्थ्यौं। पुन अर्को सिजन पाठशाला जाँदा पहिलो वर्ष सिकेका सावा अक्षर भूलिसकेको जस्तो लाग्छ।

मैले केहि समय गुरु भक्तिराम उपाध्यायसँग पनि पढें। हुराना-बाँस्टारी र चुँधारा टोलको बिचभागमा दुई गाउँका केटाटी खेल्ने, भैंसी चराउने, पोखरीमा पौडि खेल्ने, तिजको मेलामा व्रतालु महिलाहरुलाई चर्खेपिङ् खेलाउन प्राथमिकता दिइन्थ्यो। सुन्दर चौर पिपल बगैंचा भन्दा पनि फरक नपर्ने पखरचौरमा १०-१२ जनाले पढ्यौं। स्मरण रहोस्: गुरुलाई सम्झना गर्ने तरिका गुरु ठाँटीमा बसेपछि हामी शिष्यहरु ति पिपलहरुको परिक्रमा गरि को चाँडै आएर गुरुलाई ढोग गर्ने प्रतिस्पर्धा गर्थ्यौं। मैले कहिले दोश्रो र कहिले तेश्रो स्थान पाउथें। गुरुको स्याबासी पनि स्विकार्थें। नाजुक आर्थिक अवस्था भएर हो वा एकल महिलाको बच्चा भएर हो मलाई राम्रै गर्नुहुन्थ्यो। शुल्क ५० पैसा मात्र लिनुहुन्थ्यो। उहाँबाट बाङगाटिङ्गा अक्षर लेख्ने र अंक सिक्थें। दुर्गा कवच, चण्डी पढाउनुहुन्थ्यो। नपढाएर हो वा केहो मलाई भने दुर्गा कबच सिकाउनुभएन। त्यहि पखरचौरको चकटे पाठशाला नै अहिलेको सिद्धेश्वरी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको जग हो।

अर्को वर्ष बाङ्गेमरोठको गोलखाडामा एकजना सामाजिक अगुवाको दलानमा पढें। गुरु गुल्मी मरभुङ्का बच्चु अर्याल हुनुहुन्थ्यो। उहाँको मावली परिवार धनाढ्य भएकाले बस्नेखाने समस्या नभएर हो वा मेरो आर्थिक अवस्थाको जानकारी भएर हो मेरो मासिक शुल्क लिनुभएन। त्यहाँ पढ्ने १२-१४ जना थियौं। पुजाबाट रोषबहादुर, खोडसबहादुर, ओखरकोटबाट म, ढुण्डीराज, हिराबहादुर, जनक रोका र बाँकि बाङ्गेमरोठकै हुनुहुन्थ्यो। त्यसै चकटे पाठशालाको प्रारम्भिक अवस्थामा शुरु भएको हालको लक्ष्मी माध्यमिक विद्यालय सञ्चालनमा छ।

अर्को हिउँदे सिजनमा तोरबाङ्को निन्यूखर्कमा पढें जहाँ अहिले बालसुधार प्रावि सञ्चालनमा छ। उक्त पाठशाला खुला चउरमा सञ्चालित थियो। घुम्नेठाँटी झिमरुक नदिको वारिपारि मनमोहक खेती योग्य फाँट र त्यहाँ झिमरुक नदिले बनाएको अति रमणीय मनमोहक रह छ। त्यही ठाउँमा लोकबहादुर खत्री क्षेत्रीले काठैकाठको अति सुन्दर ठाँटी निर्माण गरेको हुनाले घुम्नेबाट त्यसठाउँको नाम घुम्नेठाँटी भएको हुनुपर्छ। उक्त ठाँटीमा हटारुहरु बास बस्ने गर्दथे। ठाँटीको दक्षिणी पाखो पाहारपाखा विष्ट टोलमा सञ्चालित चकटे पाठशालामा ओखरकोटबाट हिराबहादुर, शोभबहादुर, म, अर्गलीबाट बलबहादुर, चिसाबाङ्बाट हरिबहादुर पोखेल, चिन्तामणी उपाध्याय लगाएत १२-१४ जनाले पढ्थ्यौं। गुरु विजुवार टारीका कृष्णप्रसाद सुवेदी हुनुहुन्थ्यो। शुल्क भने कति तिरियो याद आएन।

पिताको निधनपछि आमाले मलाई मरन्ठाना पिपलारुख भाञ्जी दिदीको घर पठाउनुभयो। त्यहाँको मासिक शुल्क समेत भाञ्जी दिदीले नै बुझाउनुहुन्थ्यो। चुँदरीखोला र दहखोलाको संगमस्थल मजुवा वारिपारी रमणीय गाउँबस्ती भएको फराकिलो ठाउँको दुइखोलाको संगमस्थलको माथि सानो डाँडोमा एउटा काठैकाठले बनेको ठाँटी थियो। त्यसै ठाँटीमा भारतीय आर्मीबाट रिटायर्ड हवलदार धिर्जबहादुर भण्डारीले पाँच/ सात वर्षको पढाइ जाँच गरी कक्षा २ मा भर्ना गर्नुभयो। जहाँ अहिले

बालविद्या माद्यमिक विद्यलाय सञ्चालनमा छ । नजानेका १२ खरी,दुनाअंक लगाएत अंग्रेजी अल्फावेट,जोड,घटाउ जस्ता हिसाव सिक्नथालें । सिकाइ पनि लगातार १० महिना नै हुन थाल्यो । सिजनेवल चकटे पाठशालाबाट सुरु भई नियमित सिकाइ हुने बालविद्या प्राइमरी विद्यालयमा पुगें ।

मैले डेरा गरी बसेको घर निकै रमाइलो थियो । पुजाका सम्शेर केसी, रजवाराका त्रिविक्रम मल्ल, ३ जना साना भाञ्जा, माइला भाञ्जा हरी र म समेत ७ जना बालविद्यालय मजुवामा जान्थ्यौं । अरु ३ जना भाञ्जाहरु र फुपुका छोरा ठाकुरसिंह जनता माद्यमिक विद्यालय बाग्दुलामा जानुहुन्थ्यो । हामी दश बाह्र जनाभने एउटै घरमा बस्थ्यौं, एउटै भान्सामा खान्थ्यौं, झगडा गर्थ्यौं, लड्थ्यौं, पिटापिट गर्थ्यौं, रुन्थ्यौं, रिपोर्ट गर्थ्यौं । साइला भान्ज लिलबहादुरले लाइन लगाएर सजायं दिने, मेलमिलाप गराउने, ठुलालाई सम्मान सानोलाई प्यार गर्ने जस्ता वकिलको काम गर्नुहुन्थ्यो । छिमेकी लेखराज, बलभद्र, कमल, लोकबहादुर, केसब लगाएत सबै त्यहिं जम्मा हुन्थ्यौं ।

पूर्वपश्चिम लमतन्नै पसारिएको ओखरकोट डाँडाको मध्यभाग हिरापोखरीमा शैक्षिक अगुवा अग्रज मोहनविक्रम सिंह, सिद्धिमान जी.सी. र जगतबहादुर जी.सी.को अग्रसरतामा २००९ सालमा बालशिक्षा प्राथमिक विद्यालय स्थापना भयो ।

अब भने म बालशिक्षा प्रावि ओखरकोट कक्षा २ मा भर्ना भएं । एसएलसी उत्तिर्ण शिक्षक पाउनु विरलै मानिन्थ्यो । मोहन विक्रम सिंहले अरेन्द्रराज आजाद नाम गरेका म्याट्रिक पास गरेका शिक्षक ल्याएपछि विद्यालयको रौनक बढ्यो । शिक्षाप्रेमीको अग्रसरतामा भवन निर्माण भयो । विद्यार्थी संख्या पनि उल्लेखनीय भयो । त्यहाँ ठण्डी हुनाले दुइमहिने बिदामा पाँच छ वर्षको मिहनत खेर जान्छकि भन्ने सोंचले म फेरी २ महिनाको लागि मजुवा मरन्ठाना गएँ । गुरु धिर्जबहादुर भण्डारीले मौखिक परीक्षा लिई कक्षा ३ मा भर्ना गर्नुभयो । १ वर्ष मजुवा पढेपछि कक्षा ४ मा जनता मावि बाग्दुला पुगें । झिमरुक नदिको दुबै किनारमा ठुलठुला फाँट भएको बैसाख महिनामा रोपाहि हुने अति मनमोहक उर्वर भूमि,रानीकुलो,डहरेकुलो,कुटीचौर कुलो जस्ता ठुलठुला कुलाहरुले सिंचित फाँटहरु अविरल बगिरहने झिमरुक नदिको किनारमा ठुलो आँपको बगैंचामा अवस्थित बाग्दुला जिल्लाकै मध्यभागमा त्यसक्षेत्रका अग्रज शिक्षाप्रेमी अगुवाहरुको अग्रसरतामा मुक्ति हाइस्कुलबाट केहि फर्निचर समेत ल्याइ जन्मेको जनता माद्यमिक विद्यालयमा अध्ययन गर्नथालें । हाइस्कुलमा धेरै शिक्षक, धेरै साथीहरु भएको ठाउँमा कुल्चीन पाउँदा मेरा खुट्टा भने ठाउँमा थिएनन् । आमा पनि निकै खुसि हुनुहुन्थ्यो ।

मुक्ति मावि राताामाटाबाट विभाजित भै जनता मावि बाग्दुलामा धेरै साथी शिक्षक कक्षा १० सम्म पढ्न पाइने हुँदा म निकै खुसी थिएँ । एकजना देवकीनन्दन तीवारी धोति लगाउने शिक्षक थिए । उनि हिन्दी बोल्दथे । त्यसको लगत्तै मुख्यनाथ तिवारीलाई त्यहाँका शैक्षिक अग्रजहरुले ल्याए । उनी पनि धोति नै लगाउँथे र पान खाने गर्दथे । यो मेरा लागि नौलो विषय थियो । कतिपय अभिभावकहरु उनलाई धोतीवाला भनेर खिसिट्युरी गर्दथे तर त्यहाँका सामाजिक अगुवा टंकेश्वर पण्डित जो बुढो कांग्रेसले परिचित थिए । उनले धोतिवाल शिक्षक नभन्न अनुरोध गर्थे । आफ्नो पिरियड खाली हुँदा गिरीबहादुर केसी, रामचन्द्र थापा, कौसलराज सुवेदीहरु हामी तल्लो कक्षाका विद्यार्थीहरुलाई सिकाउँथे । त्यसैवर्ष बाग्दुला गाउँमा आगलागि भयो । तीनदिन सम्म रानीकुलाबाट पानी बोकेर शिक्षक विद्यार्थीले आपतकालिन उद्धारको लागि सहयोग गर्यौं । त्यसैबेलादेखि मलाई सामाजिक काम गर्नुपर्ने प्रेरणा जाग्यो । पानी बोक्ने क्रममा नानीबावु पण्डित र शशिधर पण्डितले निकै हौसला दिनुहुन्थ्यो । विद्यालय टहरा निर्माणको निमित्त टिकुरी, पुण्यखोलाबाट बाँस बोक्ने, गिठेचौर जंगलबाट काठ बोक्ने कार्यमा पनि हामी विद्यार्थीहरुबाट भयो । गुरु रामप्रसादजीले ५ जनाको टीममा मलाई अगुवा बनाई पुण्यखोलाबाट बाँस ल्याउन पठाएको संझना छ । त्यसैक्रममा पुण्यखोलामा एकजना अभिभावकले मेरो घरायसी सबै विवरण बुझेपश्चात मलाई उहाँकै घरमा बसी एसएलसीसम्म पढाउने सल्लाह माग्नुभयो । मैले स्वीकारिन ऐले संझदा खड्का परिवार जस्तो लाग्छ किनकि हामीहरुले बाँस त्यहीनेरको ठाडो खोल्सीबाट लिएका थियौं । जहाँ अहिले नेपाली सेनाको टुकडी बसेको छ ।

जिल्लाका नेता मोहनविक्रम सिंह, अनिरुद्र शर्माको नेतृत्वमा झिमरुक वारिपारिका सामाजिक शैक्षिक अगुवा हेमराज शर्मा, श्यामबहादुर थापा, रुमबहादुर पाण्डे, गोरखबहादुर सिंह, पूर्णबहादुर केसी, सिद्धिमान केसी, नानीबावु पण्डित, गोविन्द बहादुर केसी, आदिको विशेष सहभागितामा त्यस क्षेत्रका शिक्षाप्रेमि, आमजनता, शिक्षक, विद्यार्थीले विद्यालयको भौतिक संरचना निर्माणको निमित्त भरमग्दुर आर्थिक, भौतिक सहयोग गरेका थिए । २००७ सालको प्रजातान्त्रिक आन्दोलनले शैक्षिक क्षेत्रमा मुर्तरुप लिएको थियो । सामाजिक तथा शैक्षिक अगुवाहरु विभिन्न पार्टीमा आबद्ध भएता पनि विद्यालय विकासमा निर्विबाद एकजुट थिए ।

४ बजे विदाको घण्टी टिनीनी बज्दा जमात टिकुरी,पुण्ड्यखोला,सारिबाङ,माझकोट, दम्ती,कुटिचौर तिर ग्रुपकाग्रुप लाग्थ्यो । म भने गाडापारिको ग्रुपमा पर्थे । धयें, चुधरिखोला,गुरिगाउँ,मरन्ठानाको एक ग्रुप हुन्थ्यो । फाँटको

बिचभागमा सडक थियो । धान रोप्ने समयमा निकै रमाइलो हुन्थ्यो । रोपार्नी, हली/बाउसे सबै हिलो खेल्ने चलन थियो । म भने हुलाकिको साइड लाग्थे र हिलोबाट बच्थें । हुलाकी घंटी झुण्डाएको लठ्ठि समाएर हल्लाउँदै हिड्ने हुँदा सहजै आम जनताले चिन्थे र बाटो छाडिदिन्थे । हिलो खेल्दैनथे ।

विजुवारका कौशलराज सुवेदी अंग्रेजी पढ्नका लागि जनता माविमा आएका थिए । उनले कक्षा १० मा पढ्दै गर्दा तल्लो कक्षामा पढाउँथे । पढाइमा उत्कृष्टनै थिए । उनलाई साइला भान्ज लिलबहादुरले आफुहरुलाई पनि सिकाइमा मद्धत हुने र हामी तल्लो कक्षामा पढ्ने,झगडा गर्ने भातेलाई तहलगाउन लिएर आउनु भयो । नाटक देखाउँदा जोक्करको भूमिका कुशलतापूर्वक निर्वाह गर्थे जसको कारण अभिभावकहरु उनलाई निकै मनपराउने गर्थे किनकि त्यसबेला नाटकको निकै महत्व थियो । पुण्यखोलाको टाकुराचौरको शिशुकल्याण प्राथमिक विद्यालयमा कौशलराजले सत्यवादी हरिश्चन्द्रको नाटक प्रदर्शन गरेको सम्झना आउँछ । उनको छुट्टै भान्सा थियो, चुलो मैले जलाइदिन्थें तर कसौंडी भने आफै बसाल्थे । एकदिन लुकामारी खेल्ने क्रममा माइलाभान्ज हरिले कसौडी चुलाबाटै निकाल्नुभएछ, मैले बसालीदिएं । यो सबै उनले देखेपछि दुवैजना सजायंको भागिदार भयौं । अब यसो नगर्ने र कसैलाई नभन्ने शर्तमा मिल्यौं । अर्कोदिन कुरो बाहिर आयो । तर पछि त हामी सबैको एउटै भान्छा भयो ।

अब हाम्रै भान्सामा खान थाले । चामल मिच्ने र चुलो जलाउने कामबाट मैले छुट पाएं । समूह-समूह बनाई राम्रैसँग पढाईरहेका थिए । चुरोट बढी पिउथें । संयोग ठुलाभान्जहरु नभएको समयमा गाउँमा काँक्रो लिन पठाए अनि काँक्रो धेरै ल्याएकोमा गाली र काँक्रोसँगै खायौं । अर्कोदिन विद्यालयबाट फर्कदा काइला भान्ज कृष्णबहादु जि.सी.ले गाड तराउनु भएको रहेछ । किनकि नदीमा पुल नभएको अवस्थाले गाड (नदी) तराउनुपर्ने अति नै संवेदनशील अवस्थामा थियो । अब यस्तो नगर्ने र गर्न नलगाउने भन्दै साइलाभान्जले भन्नुभयो, 'भो काइला छाडिदे बाहुनका छोरा हुन्, पढाई राम्रै छ ,केटाकेटीको पढाइमा प्रगति भएकै छ, पिताले गाईखाने विद्या पढिस भनेर घरबाट निकालीदिए । अब यस्तो गल्ती गर्दैनन्' भनि यसो दुइचार पटक उठबस गराई हाम्रै ग्रुपमा घर फर्कियौं । म घरमा गएको बेला छुटेका पाठ पढाउथे किनकि मलाई अलि नजिकबाट हेर्थे । हाल उहाँ हामीमाझ हुनुहुन्न । एउटै विद्यालयमा पढ्ने साथी भएपनि उहाँलाई म गुरु नै माने र म जीवित रहुन्जेल उहाँले दिएको शिक्षणवापत उहाँलाई स्मरण गरीरहने छुँ ।

ओखरकोटको शैक्षिक रौनकले मलाई फेरी बालशिक्षा प्राविमा आमाले पकाएको गुन्द्रुक-ढिंडो खाएर विद्यालय जाने अवसर मिल्यो । घरायसी कृषिकाममा पौठेजोरी खेल्दै आमालाई सघाउँदै साथीभाइसँग हातेमालो गर्दै १५ सय मिटर उचाइमा रहेको हिरापोखरी उक्लन थालें । हाम्रो पाएकबाट दश बाह्रजना थियौं । वालीविसौना पुग्दा मच्छी,अर्गली,कौछे,खहरेतिरका गरी १६/१७ जना हुन्थ्यौं भने घना दलित वस्ती भएको गाउँमा एकजना मात्र भूमिबहादुर वि.क. विद्यालयमा आउँथे । केहि वर्ष शिक्षक नरबहादुर क्षेत्रीले पनि उकाली-ओरालीमा साथ दिनुभयो । हिरापोखरीबाट दक्षिणतर्फबाट हेर्दा साउन,भदौ महिनामा बग्ने नेवारे खोला, बाङ्गेखोला, कौछेखोला, चुदरीखोलाका झरनाहरुले अतिमनमोहक र रमणीय झरनाहरु सेताम्मै बगेको देख्न पाइन्थ्यो हिरापोखरीबाट । यस विद्यालयमा अध्ययनरत भारतीय भूपू सैनिकका बालबच्चालाई सोल्जरवोर्ड भन्ने संस्थाले रु ८ सय आर्थिक सहयोग गर्थ्यो । म पनि भुपु सैनिकको बच्चा भएको नाताले मासिक शुल्कबाट मुक्त भएँ । मेरी आमालाई ठुलै राहत मिल्यो । अब भने जनता मावि बाग्दुलामा विद्यालयलाई आवश्यक भौतिक सहयोग गर्दै आएको विद्यालयप्रति लगाव स्मरण गर्दै माध्यमिक तहसम्म अध्ययन गर्ने अवसर प्राप्त भयो ।

नेकपाका नेता मोहनविक्रम सिंह,सिद्धिमान जीसी,जगत बहादुर जीसीको नेतृत्वमा प्रअ नरबहादुर क्षेत्री,भक्तिराम उपाध्याय,बेगमबहादुर जीसी,खिमविक्रम जीसी,चिन्तामणी उपाध्याय,पूर्णविक्रम जीसी,थानेश्वर उपाध्याय,ललितबहादुर जीसी,सिद्धिमान खड्का,तोरणबहादुर महतारा,नोजबहादुर महतारा,खगुलाल गुरुङ, भैरबहादुर जीसि, देवीराम भट्टराइ, हिमलाल जैसी,ईश्वरबहादुर जीसी, नन्दलाल गुरुङ,यदु गिरी लगाएतको ६/७ गाउँका अग्रजहरुको भेलाले विद्यालयको स्तरोन्नति तथा शैक्षिक गुणस्तर वृद्धि,भौतिक पूर्वाधारको लागि रु ५० हजारको अखण्ड भिक्षा चन्दा आन्दोलनलाई अभियानकै रुपमा सञ्चालन गर्ने निर्णय एकमतले गऱ्यो । जसमा म पनि आफै अभिभावक भएको हुनाले दिएको जिम्मेवारी पुरा गर्ने गरेको थिएँ ।

म यहाँ शिक्षाप्रेमी तथा सामाजिक अगुवा यदु गिरीको स्मरण गर्न चाहान्छु । एकजना फिरन्ते योगी जीवित रहनका लागि घरदैलो चाहार्दै तुसारा आइपुगेछन् । शिक्षाप्रेमी समाजसेवी यदुगिरीको सक्रियतामा ती योगीलाई जिउनेपखरा आफ्नै घरमा बसाली भेषमान,खड्गबहादुर,ठाकुर गिरी,डेगमान खड्का लगाएत पाँच छ जनालाई चकटे पाठशालामा कक-

नन गराएका रहेछन् । आज त्यहाँ सत्य मावि सञ्चालित छ । तिनै योगीबाट आयुर्वेदिक औषधि अग्रज यदुगिरीले सिक्नुभएको रहेछ । उहाँ शिक्षा क्षेत्रमा मात्र नभएर समाजसेवामा पनि कार्य गर्दै आउनु भएको थियो । आयुर्वेदिक औषधिको पनि ज्ञाता हुनुहुन्थ्यो । उहाँले म विरामी भइ बाटोमा पडिरहेको अवस्थामा औषधिउपचार गरी शिक्षाको महत्वबारे जानकारी दिदैं मलाई मच्छीसम्म पुर्‍याइदिनु भएको थियो । आर्य समाजको जिल्ला संयोजक भई समाज सेवा गर्ने गर्नुहुन्थ्यो साथै आर्य समाजको ऐनाको रुपमा समाजमा देखापरेका विकृतिको विरोध गरेवापत राज्यसंचालकले जेलजीवन पनि बिताउनु भएको थियो । मेरा लागि पारिवारिक अभिभावकीय भूमिका निर्वाह गर्नुभएकोमा उहाँलाई बारम्बार स्मरण गर्न चाहान्छु ।

शिक्षक,विद्यार्थी,अभिभावकहरुको विभिन्न क्षेत्रमा विभिन्न टोली गठन गरेर अभियानकै रुपमा चन्दा आन्दोलन शुरु गर्ने भेलामा प्रअ,शिक्षक नरबहादुर क्षेत्रीले एउटा रचना प्रस्तुत गर्नुभएको थियो।

**चल्यो लहर अखण्ड भिक्षाको ५० हजार लक्षलाई लिएर,**
**कोदो,मकै,धान पाथी शिक्षकको तलब ।**
**मुठी-मुठी उठाएर मिडिलसम्म अब ।।**
**वल्लो गाउँ, पल्लो गाउँ एकजुट भई ।**
**दानदाताले जेजे दिन्छ खुसीसाथ लिई ।।**
**चल्यो लहर अखण्ड भिक्षाको पचार हजार लक्षलाई ।**

यस रचनाले भेलालाई निकै रौनक दियो । शिक्षक नरबहादुर क्षेत्री,देवीराम भट्टराई र लेटर विक्रम चन्दा आन्दोलनमा इन्डियातर्फ लाग्नुभयो । ज्ञान बहादुर जि.सी.,निमानसिंह जि.सी.,कृष्णप्रसाद भट्टराई र म सौतामारेतर्फ कोदो र मकै संकलनका लागि लाग्यौं । ओखरकोट गाउँपञ्चायतमा मुष्टिदान अभियान सुरु गरियो । स्थायी आर्थिक अवस्था कायम गर्नका लागि क्षेत्रफलको आधारमा रोपनीमा शुल्क लगाइयो । शिक्षक,अभिभावक र विद्यार्थी सम्मिलित समूह बनाई विद्यालयले हरेक वर्ष भैलो अभियान चलाउने कार्यको शुरुवात गर्‍यो। २०१७ सालमा राजा महेन्द्रको देशको पश्चिम भ्रमणको समयमा पिटि प्रदर्शन गरेबापत रु१ हजार विद्यालयले प्राप्त गर्‍यो ।पिटि मास्टर शिक्षकको रुपमा खिमानसिंह गुरुङ्ग हुनुहुन्थ्यो। त्यो समुहमा म लगाएत २०/२२ जना समावेश भएका थियौं। अखण्ड भिक्षाको खातिर छैटी महोत्सब पनि विद्यालयले सञ्चालन गर्‍यो। जसमा ढुण्डीराज,तोरबहादुर,डण्डबहादुर,रणसिंह,भीमप्रसाद,शिक्षक नरबहादुर र विश्वनाथ पाठकको छैंटी महोत्सवको विशेष महत्वपूर्ण भूमिका रह्यो भने म चाँहि सहयोगीको रुपमा रहें । विद्यालयमा पार्टीको कार्यक्रम हुँदा,जनमानस भेलाहुंदा,विद्यालयले चिया पसल पनि राख्ने काम गर्‍यो। बोका पाठा ,परेवा,कुखुराको भोग खादैं ध्वजापताका,बाजागाजा सहित मानिसका काँधमा चढी हिड्ने ढुङ्गाको सिला घुमन्तेदेवीको समूहमा जम्मा भएको रु १७ र चानचुन पैसापनि अखण्ड मिथ्यामै सम्मिलित भयो। घुमन्तेदेवीको अन्धविश्वासलाई चिर्न विश्वनाथ पाठक,तोरबहादुर र म लगाएत १५/१६ जना थियौं । घुमन्ते देवीको छोटो रचना बालशिक्षा माध्यमिक विद्यालय कै सेरोफेरोमा प्रकाशित हुँदैछ । उक्त टोलीले घुमन्तेदेवीको बारेमा देखा परेको अन्धविश्वासको चिरफार गरेता पनि देवीको ढुङ्गाको शीला बोक्ने कुलबहादुर पुजारीले अर्कोदिन उक्तशिला लिई बाङ्गेमरोठको साविकको वार्ड नं.३ चौरमा आकाशे देवीको नाम दिई पुजा गर्दै दोश्रो पुस्तासम्म आएको छ ।

अखण्ड भिक्षा आन्दोलनले विद्यालयको आर्थिक अवस्था मजवुत पार्‍यो । विद्यालयको शैक्षिक गुणस्तर,भौतिकपूर्वाधार,छात्रावासको निर्माण,विषयगत शिक्षकको समेत अभाव नखड्केपछि सतप्रतिशत नतिजा निस्कन थाल्यो । जिल्लाको मध्येभाग क्वाडी,खैरा,खलङ्गा,मरन्ठाना लगाएत छिमेकि जिल्ला अर्घाखाँची र गुल्मीका समेत विद्यार्थीहरुको उल्लेखनीय उपस्थिति भयो । पूर्वपश्चिम राजमार्गको नक्सा रेखाङ्कन्को समयमा कक्षा ८ मा पढ्दै गर्दा रणसिंह जि.सी.ले तयार गरेको रेखाङ्कन नक्साले अधिराज्यको तेश्रो स्थानको मेडल प्राप्त गर्‍यो । देवकोटा स्मारक पुरस्कार अन्तरगत सञ्चालित साहित्य पुरस्कारको मेडल केशरबहादुर जि.सी.ले प्राप्त गर्नुभयो। यो सबै ओखरकोट भित्रका चकटे विद्यालयहरुको एकतापूर्ण संघर्षशील जीवनको उपज हो । अग्रजहरुले सञ्चालन गरेको देवकोटा स्मारक साहित्यिक पुरस्कार यथावत सञ्चालन गरिदिनुहुन बालशिक्षा माध्यमिक विद्यालयलाई अनुरोध गर्दछुं। यो पुरस्कारको श्रेय मोहनविक्रमलाई नै जान्छ । विद्यालय आँगनमा लामबद्ध भएर गुरु दधिराम शास्त्री समेत धेरैजना साथीहरुले दक्षिणी भेग बाङ्गमरोठ,चौके,मम्दले,हुराना, बाँस्टारी,चुँधारा गाउँको मनोरम दृश्य अवलोकन गर्दैगर्दा संभावित पर्यटकीय क्षेत्र भूल्केमुल,भूल्केओडार,भूल्केगुफा जहाँ हाल बडेमेला सामुदायिक वनको प्रस्तावमा शिबजीको मन्दिर स्थापना गरिएको छ । शिवजीको मन्दिर नजिकै खिमविक्रम घर्तिक्षेत्रीले ५२ भ्याले दरवार विक्रम सम्बत् १९९७-९८ सालतिर राणाहरुको विरुद्धमा निर्माण गरेको हुनुपर्दछ । किनभने ५२ भ्याले दरवार बनाउन त्यसबेला सर्वसाधारणलाई बन्देज थियो । हाल उक्त दरवार पर्यटकको रोजाइमा पर्दै

आएको छ । चमेरे दुला,फौजरे ओडार,कुसुण्डे ओडार,धर्कपहर ा,पखरचौर सम्मको चर्चा भयो । पर्यटनको सिलसिलामा गुरु दधिराम शास्त्रीले स्वर्गद्वारी पर्यटन क्षेत्रको विशेष वर्णन गर्नुभयो । भिमार्जुन जी,ढुण्डीराज र मैले स्वर्गद्वारी जाने निर्णय लियौं । मच्छीबाट झिमरुक नदीको किनारैकिनार मनोरम फाँटहरुको अवलोकन गर्दै क्वाडीबाट आर्नेटा उक्लियौं । बर्जीबाङ्, सारी हुंदै माण्डवी नदिको झोलङ्गे पुल पार गरि भिंग्री पुग्यौं । झिमरुक र माण्डवी नदिको तुलना गर्दा माण्डवी नदिको वारिपारिको गाउँबस्ती सुक्खा थियो किनकि माण्डवी नदि निकै गहिराइमा बगिरहेको छ । अब भिंग्रीबाट नाकै ठोक्किने उक्लनुपर्ने ढाडै उकालो उक्लदै धरमपानी पुग्यौं । जहाँ राम्रै मिठो चिसो पानी पियौं । अबभने सल्लेरीघारी रातामै फुलेको लालिगुंरासको मनोरम दृश्यको बिचबाट सानो गोरेटो बाटो स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै साँझ स्वर्गद्वरी आश्रम स्थल पुग्यौं ।

स्वर्गद्वारी आश्रम पहाडको टाकुरामा अहेर,गुराँस,काफल,बाज,खर्सुका विभिन्न प्रजातिका लालिगुँरास र विभिन्न प्रजातीको जंगलको बिचमा सानो मैदानमा अवस्थित रहेछ । आश्रम सञ्चालकहरुसँग भएको परिचय पश्चात विद्यार्थीहरुको यो पहिलो यात्रा भन्दै आश्रम व्यवस्थापनले राम्रै स्वागत गरे । धर्मशालामा रात बितायौं । बिहान हाम्रो लागि एकजना पथप्रदर्शक मिल्यो जसले हामीलाई स्वर्गद्वारी महाप्रभुले सञ्चालन गरेको अखण्ड होमयज्ञ अवलोकन गऱ्यौं साथै एकाहा पुराण स्थल,रुद्री,लघुरुद्री स्थल,जोगीकुटी,गुफा,गौशाला , धर्मशाला,विश्राम कक्ष,रायोको साग,आलु उत्पादन,कृषि क्षेत्र,प्रसाद ग्रहणकक्ष,दान पेटीका,संस्कृत पाठशाला,रातामै पाकेका काफल बगैंचा सबै पथप्रदर्शकद्वारा अवलोकन गर्ने अवसर प्राप्त गऱ्यौं ।

स्वर्गद्वारीमा भने हालको जस्तो पानीको व्यवस्था थिएन । पानीको निकै हाहाकार रहेछ स्वर्गद्वारी आश्रमदेखि करिब आधा घण्टाको दुरिमा ठाडैओरालो झरेपछि सानो खोल्सीमा ३ वटा धाराहरु रहेछन् । उक्त धारामा स्नान गऱ्यौं । गौशालाबाट छुटेका भिरमा अल्झिएर रहेका बाच्छीको उद्धार गऱ्यौं,पानी लियौं । आश्रमबाट प्राप्त सिधालाई भिमार्जुनले धोती फेरेर छात्राबासमा भान्सा तयार गर्नुभयो । आफुलाई चाहिनेजति राखेर पकाएको ताउलीसँगै ढुण्डीराज र ढुण्डीराजले ताउलीसँगै मलाई दिनुभयो । मैले पनि मलाई चाहिने जति राखेर ढुण्डीराजलाई दिएं । अब भने ढुण्डीराजको जातै जाने भयो किनकि म क्षेत्री ढुण्डीराजजी जैशी । भिमार्जुनजीको दृष्टि कता थियो कुन्नि उहाँले देख्नुभएन । हामी असल्जी असल्जी हाँस्यौं उहाँभने रिसाउनुभयो । हामी धर्मसंकटमा पऱ्यौं । रहस्य खोलौं ढुण्डीराजजीको जातै जाने, नखोलौं भने उहाँ निकै रिसाउनुभयो । अब भिङ्ग्री झरेपछि मात्र विस्तारै मेरो सुराकीबाट बोलचाल खुल्यो । गुरु दधिराम शास्त्रीको स्वर्गद्वारी वर्णनबाट अधिराज्यमा प्रशिद्ध स्वर्गद्वारी प्रभु महाराज आश्रमको भ्रमण सम्पन्न गऱ्यौं ।

आर्थिक भारको समस्याले गर्दा म भारततर्फ लागें फर्केपछि भने पुनः भिमार्जुनजी र हरिप्रसादसँगै विद्यालयमा भर्ना भइ अध्ययन शुरु गरें । उमेरले डाँडो काटिसकेको हुँदा एकैसाथ भर्नाको महसुस गऱ्यौं । २०२३ सालमा एसएलसी परीक्षा दिइ विद्यालयलाई आवश्यक पर्दा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै माध्यमिक तहको शिक्षा हाँसिल गरी विद्यालयबाट विदा लिएं । त्यसपछि म कताकता भौंतारियं केके गरें भनेर लेखेर साध्यनै छैन । एउटा लामो युग त्यसैत्यसै बितेर गयो । २०६३ सालमा यस विद्यालयलाई +२ को ग्रेडबृद्धि गर्दा पुनः सेवा गर्ने अवसर पाएं । २०६३ सालमा आइपुग्दा समाजको शैक्षिक स्तर निकै माथि उठिसकेको जस्तो अनुभूति हुन्छ । अखण्ड भिक्षा आन्दोलनको जस्तो आर्थिक समस्याले पीडित समाज जस्तो लागेन । सबै शिक्षाप्रेमीहरुले खुसिसाथ आर्थिक सहयोग गरेको स्मरण गराउँछु । जीवनको उत्तरार्धमा शैक्षिक सम्झनामार्फत जनता मावि बाग्दुला र बालशिक्षा मावि ओखरकोटमा गरेको छोटामोटा भौतिक सहयोग र सम्बन्धित विद्यालयमा शिक्षाप्रेमी अग्रजहरुले गरेको योगदानको उल्लेखनीय यात्रा यसै अतितका संझना मार्फत पाठकहरु समक्ष पस्केको छुं । राम्रा कामगर्ने व्यक्तिहरु प्रति निष्ठापूर्वक ग्रहण गरी सोहि बमोजिम समाजलाई परिवर्तन गराउने एक संवाहकको रुपमा विद्यालय सदैव तत्पर रहिरहोस् ।

शैक्षिक आन्दोलनकै क्रममा चकटे पाठशालाबाट आजको सम्पन्न अवस्थासम्म पुऱ्याउने हाम्रा शिक्षाप्रेमी अग्रजहरु २/४ जनाबाहेक अरु हाम्रो माझ हुनुहुन्न । उहाँहरुको अथक संघर्षबाट विद्यालयले धेरै शैक्षिक जनशक्ति उत्पादन गरेको छ, गरिरहने छ । शिक्षक नरबहादुर क्षेत्री र विश्वनाथ पाठक यस विद्यालयका लगनशिल इमान्दार,कर्तव्यनिष्ठ शिक्षादाताका रुपमा परिचित हुनुहुन्छ । उहाँहरु नरहेपनि स्मृति बाँकि नै छ, रहिरहने छ । उहाँहरुको कदर गर्दै विद्यालयले निरन्तर सम्झीरहने छ । ओखरकोट हिरापोखरीमा पानीको अभावले गर्दा विद्यालय २०२४ सालमा मच्छीमा स्थानान्तरण भयो । उक्त हिरापोखरीमा ललितबहादुर घर्तिक्षेत्रीको सकृयतामा चकटे पाठशाला सञ्चालन थियो । गुरु भोटमान जि.सी.ले र कुटे डाँडोमा मुलुकबहादुरको सकृयतामा सत्तलसिंह जि.सी.ले ८/१० जना केटाकेटीलाई कक-नन गराउनुहुन्थ्यो


। त्यसैको विकास बालशिक्षा माविसम्म भएको र खानेपानीको समस्याले गर्दा विद्यालय मच्छीमा स्थानान्तरण भएपछि त्यसै ठाउँमा नेराप्रावि सञ्चालित हुँदै त्यहाँका शिक्षाप्रेमी,जनसमुदायले हाल प्रस्तावित मावि सञ्चालन गरिरहेको छन् ।

विद्यालय मच्छी स्थानान्तरण भएपछि सो नयाँ ठाउँमा खानेपानी, भवन निर्माण जस्ता विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारको विकासमा भक्तिराम उपाध्याय र बेगमबहादुर जि.सी.को योगदान टड्कारो रुपमा देखा पर्न थाल्यो । गुरु भक्तिराम उपाध्याय जसले मलाई पखरचौरमा कखरा सिकाउनु भयो उहाँले यस विद्यालयमा लामो अवधिभरसम्म निरन्तर सेवा गर्नुभयो उक्त सेवा यतिसम्म थियो कि विद्यालयमा पानीको निकै चर्को अभावलाई मध्येनजर गर्दै उहाँको पहलमा उहाँकै बारीबाट बाँस काटेर बाँसको डुड बनाई टाँडापोखरीनिर अवस्थित टुनिका रुखबाट पानी ल्याई विद्यालयमा सहज पिउने पानी र भवन निर्माणमा चाहिने आवश्यक पानीको व्यवस्थाका भयो । उहाँ पञ्चायतकालीन समयमा यस ओखरकोट गाउँपञ्चायतको प्रधानपञ्च जस्तो उच्च राजनैतिक नेतृत्व समेत सम्हाली सक्नुभएको व्यक्तित्व भएकाले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पदमा समेत रहि केवल विद्यालयको मात्र नभई सिंगो गाउँको नै एक कुशल र सक्षम रहि काम गर्नुभयो । उहाँ आफ्नो स्वर्गारोहण हुनुभन्दा करिब दुइवर्ष अगाडीसम्म निकै सक्रिय रुपमा रहि समाज र विद्यालयको निस्वार्थ भावले सेवा गरिरहनुभयो । उहाँको यसखालको उच्च सामाजिक व्यक्तित्वलाई कायमै राख्ने उद्देश्यका साथ उहाँका ६ भाइ छोराहरुबाट विद्यालयमा अध्ययन गर्न आउने असहाय तथा गरिब एवं जेहन्दार विद्यार्थीका निमित्त भक्तिराम अक्षयकोष समेत खडा गरी बुवाले समाज तथा विद्यालय प्रति देखाउनु भएको सेवाभावप्रति उक्त अक्षयकोष स्थापनाले विद्यालयलाई सदैव स्मरण गराउने खालका कामको थालनी गरि सिङ्गो समाजलाई नै शिक्षाक्षेत्रमा सहजै र निस्वार्थ भावनाका साथ लाग्न प्रेरणा प्रदान गर्ने उहाँको सन्तति प्रति पनि विद्यालय आभारी छ । समय परिवर्तनशील छ समाजको अगुवाई गर्ने पात्रहरु फेरिनसक्ने भएकाले आफ्ना सन्ततिबाट प्रदान गरिएका राम्रा र उल्लेखनीय कामबाट सिको गरी सिंगो समाज र विद्यालयले राम्राकाम गर्ने व्यक्तिहरु प्रति निष्ठापुर्वक ग्रहण गरी सोहि बमोजिम समाजलाई परिवर्तन गराउने एक संवाहकको रुपमा विद्यालय सदैव तत्पर रहिरहोस्, शुभकामना ।

हार्दिक शुभकामना

नयाँवर्ष २०८१ को पावन अवसरमा *हाम्रा सम्पूर्ण सेयरधनि, सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।*

www.gipssghorahi.edu.np
GORKHA INTERNATIONAL PUBLIC SECONDARY SCHOOL



ADMISSION (OLD STUDENTS): FROM 2081/01/02
FORM DISTRIBUTION (NEW STUDENTS): 2081/01/02
ENTRANCE EXAM: 2081/01/08 (8AM)
ADMISSION FOR NEW STUDENTS: 2081/01/09 TO 2081/01/11

CONTACT
082-560564, 082-561294
9857860564 (Principal)
E-MAIL: gorkhaschooldang@gmail.com
https://www.facebook.com/gipss.ghorahi

हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८१ को पावन अवसरमा *हाम्रा सम्पूर्ण सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।*

नरबहादुर घर्ती: प्रधानाध्यापक

सिद्ध माध्यमिक विद्यालय परिवार जुम्रीकाँडा, प्यूठान

नयाँ वर्ष २०८१ को पावन अवसरमा *हाम्रा सम्पूर्ण सेयरधनि, सहकर्मी शिक्षक, अभिभावक, विद्यार्थी तथा देश–विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*










नयाँ वर्ष २०८१ को पावन अवसरमा *सम्पूर्ण पालिकावासी तथा देश–विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

- आफ्नो वरिपरि टोलबस्तीलाई सफा सुग्घर राखी सभ्य नागरिकको परिचय दिऊँ ।
- कृषक दाजुभाइ, दिदीबहिनीहरुले नियमित रुपमा खेतबारीको निरीक्षण गरौ । आफ्नो खेतबारी सधैँ सफा राखौँ । सकेसम्म विषादीको प्रयोग नगरौँ । गर्नै परे जैविक विषादी प्रयोग गरौँ ।

३५ दिन भित्र वडा कार्यालयमा गई गरौ, व्यक्तिगत घटना दर्ता ।
व्यक्तिगत घटना दर्ता गरे मात्रै पाईन्छ राज्यले दिने सेवा सुविधा ।।

आउनुहोस्:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौँ

**बबई गाउँपालिका हापुरे, दाङ**

## हार्दिक मंगलमय शुभकामना

**नयाँ वर्ष २०८१ को** को सुखद अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त

**प्युठान उद्योग वाणिज्य संघ खलङ्गा, प्युठान**

## हार्दिक मंगलमय शुभकामना

**नयाँ वर्ष २०८१ को** को सुखद अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**बुटवल पावर कम्पनी लि. दारिमचौर, प्युठान**

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८७१ को सुखद **अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली तथा आम पालिकाबासी जनसमुदायमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद) ३५ दिनभित्र वडा कार्यालयमा गएर घटना दर्ता गरी प्रमाणपत्र लिऔं ।
- स्थानीय तहलाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर र व्यवसाय लगायतका कर समयमै तिर्ने बानी बसालौं ।
- नयाँ भवन निर्माण गर्दा भवन निर्माण मापदण्ड, २०६४ र भवन निर्माण संहिताअनुसार पालिकामा नक्सा पास गरेर मात्र भूकम्प प्रतिरोधात्मक भवन बनाऔं ।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा सहयोग गरौं ।

**रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ रोल्पा**

## सेवाग्राही महानुभावहरुमा हाम्रो अनुरोध

- व्यवसायीक रुपमा उन्नत जातको पशुपालन व्यवसाय गरी देश विकासको आर्थिक आधार बनाऔं
- पशुपालन तथा पशुजन्य पदार्थ प्रशोधनमा नविनतम अभ्यासहरु अवलम्बन गरौं,
- उत्पादनहरुको सुनिश्चितता सन्तुलित पशु आहाराको लागि हरियो पोसिलो घाँसको प्रयोग गरौं
- पशुपालन व्यवसाय सञ्चालन गर्नुपूर्व वा सञ्चालन मारि सकेका कृषकहरुले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहका पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सूचिकृत गरौं
- कार्यालयले प्रवर्द्धन गारिरहेका पशु नश्ल सुधार कार्यक्रममा सहभागी भई पशुको उत्पादन वृद्धि गरौं, हरेक कृषक आत्मनिर्भर बनौं र समृद्ध मुलुक निर्माण अभियानमा एकाकार होऔं ।

**एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय खलङ्गा, प्युठान**

## हार्दिक मंगलमय शुभकामना

**नयाँ वर्ष २०८१ को पावन अवसरमा देश-विदेशमा रहनुहुने सम्पूर्ण उद्योगप्रेमी एवं न्यायप्रेमी जनसमुदायहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

सिलिण्डर आधिकारीक विक्रेताबाट मात्र जाँचबुझ गरेर लिने गरौं, ग्यास रेगुलेटर तथा पाइपको विशेष केयर गरौं, ग्यासको लापरबाही नगरी दुर्घटनाबाट बचौं, सरक्षित ग्यासको प्रयोग गरौं, समयको बचत गरौं






## पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विभिधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

**नयाँ वर्ष २०८१ को पावन अवसरमा देश-विदेशमा रहनुहुने न्यायप्रेमी तथा मानवीय सेवा भावका सम्पूर्ण जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

उच्च शिक्षा र रोजगारी त्यसपछि गर्ने गरौं बिहेबारी

आउनुहोस:- सभ्य, सुसंकृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**शान्तिनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**
**चिराघाट, दाङ**



**नयाँवर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनुहुने सम्पूर्ण पालिकाबासी न्यायप्रेमी नजहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको गरौ - भवन संहिताको पूर्ण पालना गरी मापदण्ड अनुसार भवन निर्माण गरौं, ज्यष्ठ नागरिक र असहायलाई सहयोग गरौं - कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं, सहकारी मूल्य मान्यता र सिद्वान्त अनुरुप संस्था सञ्चालन गरौं -सबै बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, कुनैपनि जोखिम काममा बालबालिकालाई काममा नलगाऔं

३५ दिन भित्र वडा कार्यालयमा गई गरौं, व्यक्तिगत घटना दर्ता ।
व्यक्तिगत घटना दर्ता गरे मात्रै पाईन्छ राज्यले दिने सेवा सुविधा ।।

**मल्लरानी गाउँपालिका**
खलंगा, प्यूठान

# पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विभिधताको संरक्षण गरौं चौपायजन्य

नयाँ वर्ष २०८१ को पावन अवसरमा *सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

आउनुहोस:- सभ्य, सुसंस्कृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मच्छि, प्यूठान**



# पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विभिधताको संरक्षण गरौं चौपायजन्य

नयाँ वर्ष २०८१ को पावन अवसरमा *सम्पूर्ण पालिकावासी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण शिक्षाप्रेमी एवं न्यायप्रेमी जनहरुमा सुस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**"मानवीय, भौतिक पूर्वाधार र उत्पादनमा लगानी, संमृद्ध बंगलाचुलीको विहानी"**

**बंगलाचुली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कमिरेचौर, दाङ**



## डिभिजन वन कार्यालय, दाङ्गको जनहितमा जारी सन्देश, २०८१

<u>वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं । वन जोगाऔं ।</u>

सुख्खा सिजनको शुरूवातसँगै वन डढेलोको घटना तीव्र भई लाखौं मूल्य बराबरको वन, वनस्पति, वन्यजन्तु लगायतका मानव जीवनसंग प्रत्यक्ष सरोकार राख्ने जैविक विविधता नष्ट भएर जाने गरेको हामी सबैलाई अवगत नै छ । डढेलोसमै वायु प्रदूषण बढ्न गई श्वास प्रश्वास सम्बन्धी समस्या समेत बढदै गएको छ। फेरी वन डढेलो अनियन्त्रित भई हाम्रो गाउ बस्तीमा पनि पस्न सक्छ र जनधनको समेत क्षति हुन सक्छ । यसरी वन डढेलोका कारण सामाजिक, आर्थिक र वातावरणीय समस्या समेत सृजना हुन सक्ने भएकोले बेलैमा सचेत होऔं र निम्न कार्य गरी गराई वन डढेलो नियन्त्रण मार्फत प्राकृतिक धनको संरक्षणमा योगदान गरी सचेत नागरिकको कर्तव्य निर्वाह गरौः ।

१. सुख्खा सिजन अगावै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्ज्वलनशील वस्तुहरू वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं ।
२. सुख्खा पात पतिंगर, झाडीहरू संकलन गरी वन डढेलोको जोखिम कम गरौं ।
३. हुरी बतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नि नियन्त्रण रेखा निर्माण गरौं ।
४. राम्रो घाँस पलाउँछ भनेर वन क्षेत्रमा आगो लगाउने गोठालाहरूलाई आगलागीबाट हुन सक्ने नोक्सानी बारे सम्झाऔं
५. वन क्षेत्रमा धूरोट, बिडी खाई जथाभावी नफालौं। सुख्खा सिजन भरि वन क्षेत्रमा सलाई, बिडी, चुरोट र रोकी बाल्ने कार्यमा रोक लगाऔं।